# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानवीय जीवनका सम्पूर्ण क्रियाकलापहरूको सशक्त माध्यम भाषा हो । भाषाले सामाजिक जीवनलाई गतिशील बनाउनुका साथै समग्र वाङ्मयलाई नै उचाइमा पुऱ्याउने काम गर्दछ । कुनै पनि भाषालाई जीवन्त बनाउनका लागि त्यस भाषाको व्यापक प्रयोग गरिनुपर्दछ । उक्त भाषामा शब्दसम्पन्नता र अर्थवहन क्षमताले महत्त्वपूर्ण स्थान ओगट्नुपर्दछ । कुनै पनि भाषाको शब्दभण्डारको सूचक नै कोश हो । कोश शब्दको व्युत्पादन 'कुश्' धातुमा घञ्/अच् प्रत्यय लागेर भएको हो । कोश शब्दको अर्थ ढुकुटी, भण्डार वा खजाना बुझिने भएकाले भाषामा शब्दभण्डारको व्यवस्थित सङ्ग्रहका रूपमा कोशलाई लिइन्छ ।

कोश निर्माण कार्य प्राचीन कालदेखि नै सुरु भएको पाइन्छ । वैदिक कालमा नै 'कोश' शब्दले व्यापक प्रसिद्धि पाएको तथ्य ऋग्वेदबाट पुष्टि हुन्छ । ऋग्वेद संहिताको प्रथम मण्डलमा प्रस्तुत कोश शब्द मेघ, मध्यभाग, आयुध र कतै धुलोक तथा भूलोक आदि अर्थका रूपमा प्रयुक्त भएको पाइन्छ । कोश ग्रन्थमा 'कोश' शब्दको प्रथम प्रविष्टि विश्वको नै सर्वप्रथम कोश 'वैदिक निघण्टु' को प्रथम अध्यायमा पाइन्छ । त्यसपछि कुनै न कुनै रूपमा कोश ग्रन्थमा यसले प्रविष्टि पाउँदै विस्तारै यही अर्थ विकसित भएर शब्दकोश अर्थमा परिणत भएको हो ।

सामान्य अर्थमा कोशले कुनै पनि वस्तुको सङ्ग्रह वा सङ्कलनलाई जनाउँछ भने विशिष्ट अर्थमा कोशले शब्दकोशलाई जनाउँछ । कोशको सामान्यार्थमा विश्वकोशलगायत भाषेतर प्रायः सबै ग्रन्थहरू पर्दछन् भने विशिष्टार्थमा जुनसुकै भाषा विशेषका शब्दकोशहरू पर्दछन् । यसरी कोश विस्तृत र व्यापक अर्थबाट सङ्कुचित वा सीमित अर्थतिर अगाडि बढेको देखिन्छ । पहिले विभिन्न ढङ्गले सामान्यार्थमा प्रयोग हुने कोशले अहिले आएर विशिष्ट पारिभाषिक रूप धारणा गरिसकेको छ । शब्दकोशमा शब्दको अर्थ मात्र नदिई ती शब्दसम्बन्धी सूचनालाई प्रयोजनअनुसार व्यवस्थित गर्ने काम गरिन्छ । यसमा जुन भाषामा शब्दकोश निर्माण गर्न लागिएको हो त्यसै भाषामा प्रविष्टि दिइएका शीर्ष शब्दहरूको हिज्जे, उच्चारण, व्युत्पत्ति, अर्थ, पर्याय, विपर्याय, उदाहरण आदि सम्बन्धी विवरण व्यवस्थित तरिकाले दिइन्छ ।

कोशहरूको स्वरूप र प्रकृतिअनुसार प्रयोजन र उद्देश्य पनि आ-आफ्नै हुन्छन् । तसर्थ पठनपाठनका क्रममा आइपरेका शब्दसम्बन्धी समस्याहरूलाई समाधान गर्ने उद्देश्यले विषयगत, तहगत, कक्षागत रूपमा विभिन्न तरिकाले कोशहरू तयार गर्नु आवश्यक देखिन्छ । यस्ता कोशहरू विशेष गरी शिक्षण सिकाइका क्रममा विद्यार्थीहरूका समस्याहरूलाई मध्यनजर गरी तयार पारिएका हुन्छन् । प्रस्तुत शोधकार्य पनि कक्षा नौको नेपाली पाठयपुस्तकमा आधारित नमुना शब्दकोश निर्माणसँग सम्बन्धित रहेको छ । कुनै खास तह वा कक्षालाई आधार मानेर नमुना शब्दकोश कमै मात्रामा निर्माण भएका देखिन्छन् । यसर्थ कक्षा नौ (२०७३) को नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण गर्नु उपयुक्त देखिएको छ । प्रस्तुत शब्दकोशमा प्रत्येक पाठहरूको शब्दार्थमा दिइएका शब्दहरूका साथै विद्यार्थीको तह र स्तरअनुसार आवश्यक पर्ने तर शब्दार्थमा नसमेटिएका सामाजिक, सांस्कृतिक पक्षसँग सम्बन्धित शब्दहरू प्राविधिक शब्दहरू र अनुकरणमूलक शब्दहरूलाई छनोट गरिएको छ । यसमा शब्दहरूको प्रविष्टिका साथै उच्चारण, स्रोत, व्युत्पत्ति, शब्दवर्ग, अर्थ, उदाहरण र प्रयोग पक्षलाई समावेश गरिएको छ ।

## १.२ समस्याकथन

समस्याको पहिचान नै अनुसन्धानको विशिष्ट कार्य हो । अनुसन्धानका निम्ति छानिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याका रूपमा प्रस्तुत गरिन्छ । समस्या भन्नाले अनुसन्धेय विषयलाई जनाउँछ (बन्धु, २०७० : १७) । शोधशीर्षकले समेटेको प्रश्न, जिज्ञासा र समस्याहरूलाई नै समस्याकथनका रूपमा लिइन्छ । शोधकार्य समस्यामै केन्द्रित भई त्यसैको समाधानतिर लक्षित हुन्छ । शोधशीर्षकले नै समस्याको सङ्केत गरेको हुन्छ । अतः प्रस्तुत शोधकार्य 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण' नै शोधकार्यको समस्याको विषय बनेको छ । तसर्थ प्रस्तुत शोधकार्यका समस्याहरू निम्नानुसार रहेका छन् :

क) कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट के कस्ता शब्दहरूको सङ्कलन गर्न सकिन्छ ?

ख) उक्त पाठ्यपुस्तकमा प्रयुक्त ती शब्दहरूलाई कोशीय वर्णानुक्रममा राखेर अध्ययन गर्न सकिन्छ ?

ग) उक्त पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, शब्दवर्ग, अर्थ, उदाहरण र प्रयोग दिई नमुना शब्दकोश निर्माण गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

समस्याकथनमा उठाएका मूलभूत समस्याहरूको उचित समाधान नै उद्देश्य हो । यसमा समस्याको तर्कपूर्ण खोजी गरिन्छ । कुनै पनि कार्य गर्दा त्यस कार्यबाट अपेक्षित लाभ प्राप्त गर्नका लागि पहिले नै उद्देश्यको निर्धारण गरिनुपर्दछ । उद्देश्यले अध्ययनरत समस्यालाई इङ्गित गर्दै निश्चित बाटोमार्फत समाधान गर्ने प्रयास गर्दछ भने उक्त अध्ययनमा के कस्ता पक्षलाई समेट्न खोजिएको छ भन्ने तथ्यलाई पनि अप्रत्यक्ष रूपमा सङ्केत गर्दछ । प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको सङ्कलन गर्नु,

ख) सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु,

ग) उक्त पाठ्यपुस्तकबाट सङ्कलित शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, शब्दवर्ग, अर्थ, उदाहरण र प्रयोग दिई नमुना शब्दकोश निर्माण गर्नु ।

## १.४ शोधकार्यको सान्दर्भिकता र उपादेयता

कुनै पनि भाषा जीवन्त बन्नका लागि त्यस भाषामा शब्दसम्पन्नता र अर्थवहन क्षमताले महत्त्वपूर्ण स्थान ओगट्नुपर्दछ । भाषालाई व्यवस्थित, व्यावहारिक, वैज्ञानिक र जीवनोपयोगी बनाउनतर्फ ध्यान दिई शब्दकोश निर्माण गरिन्छ । विषय क्षेत्रअनुसार कोशको प्रयोजन तथा महत्त्व फरक हुने गर्दछ ।

भाषाको अध्ययन अध्यापनका निम्ति शब्दकोशको व्यावहारिक एवम् शैक्षणिक महत्त्व रहेको हुन्छ । त्यही महत्त्व र आवश्यकतालाई परिपूर्ति गर्नका निम्ति विभिन्न भाषामा विभिन्न तह कक्षा वा उमेर समूहका बालबालिकालाई केन्द्रित गरी शब्दकोश तयार पारिएका पाइन्छन् । समय र परिस्थितिअनुसार पाठ्यक्रममा परिवर्तन देखापर्दछ । वर्तमान परिवर्तित पाठ्यक्रमअनुसार कक्षागत रूपमा शब्दकोश निर्माण हुन नसकेको अवस्थामा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण गरिएको छ । जो आफैँमा एक सान्दर्भिक र उपयोगी कार्य हो ।

प्रस्तुत शोधकार्यबाट निर्मित शब्दकोशमा उच्चारण, हिज्जे, वर्णविन्यास, स्रोत, व्युत्पत्ति, शब्दवर्ग, अर्थ, उदाहरण र प्रयोगसम्बन्धी सूचना समावेश गरिएको हुँदा प्रत्यक्ष रूपमा कक्षा नौका विद्यार्थीहरूलाई शब्दसम्बन्धी विस्तृत ज्ञान आर्जन गर्न उपयोगी रहेको

छ । यसका साथै माध्यमिक तहमा अध्ययन गर्ने अन्य विद्यार्थीहरूलाई शब्दसम्बन्धी अस्पष्टता भएमा विद्यार्थीलाई आवश्यक परेका शब्दहरूको सूचना सजिलै प्राप्त गर्न उपयोगी रहेको छ । माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकहरूलाई शिक्षण गर्न पनि प्रस्तुत शब्दकोश उपयोगी देखिएको छ ।

प्रस्तुत शोधकार्यले शब्दकोश निर्माणसम्बन्धी विषय लिएर शोधकार्य गर्न चाहने शोधार्थीहरूका साथै पाठ्यपुस्तक लेखक, सम्पादक, शब्दकोश निर्माणको क्षेत्रमा क्रियाशील व्यक्ति र कोशप्रति रुचि राख्ने जिज्ञासुहरूलाई समेत महत्त्वपूर्ण सन्दर्भ सामग्री बन्ने भएकाले प्राज्ञिक दृष्टिले पनि प्रस्तुत शोधकार्यको सान्दर्भिकता र उपादेयता रहेको छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

सीमाङ्कनले शोधकार्यको दायरालाई बुझाउँछ । यसले शोधकार्यलाई निश्चित बाटोमा डोऱ्याउन मद्दत गर्दछ । कुनै पनि शोधकार्यमा सम्पूर्ण पक्षलाई समेट्न नसकिने हुँदा त्यसको व्यापकता र गहिराइलाई सीमाङ्कन गर्नुपर्ने हुन्छ । प्रस्तुत शोधकार्यलाई निम्नानुसार सीमाङ्कनभित्र सीमित गरिएको छ :

क) प्रस्तुत शोधकार्य कक्षा नौ (२०७३) को नेपाली पाठ्यपुस्तकमा आधारित रहेको छ ।

ख) प्रस्तुत शोधकार्यमा उक्त पाठ्यपुस्तकभित्र समावेश गरिएका पाठहरूको शब्दार्थमा दिइएका शब्दहरूका साथै विद्यार्थीहरूको तह र स्तरअनुसार आवश्यक पर्ने तर शब्दार्थमा नसमेटिएका सामाजिक, सांस्कृतिक पक्षसँग सम्बन्धित शब्दहरू, प्राविधिक शब्दहरू र अनुकरणमूलक शब्दहरूलाई पनि प्रविष्टि दिइएको छ ।

ग) सङ्कलित शब्दहरूलाई मूल प्रविष्टिमा राखी तिनको उच्चारण, स्रोत, व्युत्पत्ति, शब्दवर्ग, अर्थ, उदारहण र प्रयोग दिइएको छ ।

घ) प्रस्तुत नमुना शब्दकोश निर्माणमा नेपाली बृहत् शब्दकोश र प्रयोगात्मक नेपाली शब्दकोशलाई आधार बनाइएको छ ।

ङ) स्रोतका हिसाबले तत्सम शब्दलाई (तत्स.) आगन्तुकलाई (आ.) अनुकरणमूलकलाई (अनु.) भनी सङ्केत गरिएको छ भने तद्भव शब्दहरूलाई सङ्केत गरिएको छैन ।

च) कतिपय शब्दको अर्थ, प्रयोग सन्दर्भअनुकूल शोध निर्देशकको सल्लाहअनुसार अध्येता आफैँले दिइएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्न पाँचवटा अध्यायमा विभाजन गरिएको छ । आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकमा राखी शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधपत्रलाई निम्नानुसार सङ्गठित गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : शोधविधि र प्रक्रिया

अध्याय चार : नमुना शब्दकोश निर्माण र विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

व्यक्तिगत विवरण

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

### २.१.१ विषय प्रवेश

अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा त्यसअधि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०७० : २८) । पूर्वकार्यको समीक्षामा प्रस्तुत शोधसँग सम्बन्धित विषयमा के कति अध्ययन कार्य भएका छन्; तिनको अध्ययन गरी कालक्रमिक विवरण दिने र ती अध्ययनहरूको सङ्क्षिप्त समीक्षात्मक टिप्पणी गर्ने काम गरिन्छ । यसले प्रस्तुत शोधकार्यसँग सम्बन्धित आजभन्दा अगाडि के कस्ता शीर्षकमा के कसरी अध्ययन अनुसन्धान भएका छन् र अब के कति हुन बाँकी छन् भन्ने कुराको जानकारी प्रदान गर्दछ । जसले गर्दा अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सहयोग पुग्दछ । पूर्वकार्यको समीक्षा अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा पहिल्याउन र नयाँ सिद्धान्तको खोजी गर्न उपयोगी रहने गर्दछ । त्यसकारण प्रस्तुत शोधकार्यसँग सम्बन्धित केही पूर्व अध्ययनहरूलाई निम्नलिखित तिन उपशीर्षकमा विभाजन गरी समीक्षा गरिएको छ :

### २.१.२ शब्दकोश निर्माणसँग सम्बन्धित पूर्वकार्यहरू

इसापूर्व आठौँ शताब्दीतिर यास्कद्वारा **निघण्टु** ग्रन्थको निर्माण भएको पाइन्छ । चार अध्यायमा संरचित उक्त शब्दकोशमा वेदका दुरुह र अस्पष्ट शब्दहरूको सूचीका साथै वैदिक पर्यायवाची सूची दिइएको पाइन्छ । त्यस्तै इसापूर्व आठौँ शताब्दीतिरै **निरुक्त** ग्रन्थको रचना गरिएको पाइन्छ । बाह्र अध्यायमा संरचित उक्त ग्रन्थमा निघण्टुमा सङ्गृहीत शब्दहरूको व्युत्पत्तिका साथै शब्दहरूको प्रकृति प्रत्ययको विश्लेषण गरी वर्णविन्यास र अर्थविस्तारसमेत उल्लेख गरिएको पाइन्छ । यसमा शब्दलाई नाम, आख्यात (क्रिया), उपसर्ग र निपात गरी चार वर्गमा विभाजन गरेर सम्पूर्ण नामलाई धातुबाट विकसित मानी शब्दहरूको व्युत्पत्ति गरिएको पाइन्छ ।

कर्क पेट्रिक (सन् १८११) द्वारा **एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल** कृतिमा नेपाली, नेवारी र अङ्ग्रेजी शब्दहरूको सूची, दिइएको पाइन्छ । यसलाई नै नेपाली कोश विकासपरम्परामा उल्लेख्य कृतिमा रूपमा हेरिएको पाइन्छ ।

डेनियल राइट (सन् १८७७) द्वारा लिखित **हिस्ट्री अफ नेपाल** कृतिको परिशिष्टमा अङ्ग्रेजी अर्थका साथै नेपाली र नेवारी भाषाका शब्दहरूलाई सङ्गृहीत गरिएको पाइन्छ । यसमा नेपाली भाषालाई पर्वतीया भन्दै दुई सयजति शब्दको सूची अङ्कन गरिएको पाइन्छ ।

टर्नबुल (सन् १८८७) द्वारा लिखित **नेपाली ग्रामर एण्ड भोकाबुलरी** प्रकाशित भएको पाइन्छ । यसमा अङ्ग्रेजीका शब्दावलीलाई नेपाली कोशीय प्रारूपअनुसार प्रस्तुत गरिएको पाइन्छ । उक्त कृतिलाई पाश्चात्य कोशविधानसँग निकटता राख्ने पहिलो कोशात्मक कृतिको नमुनाको रूपमा लिन सकिन्छ ।

टर्नर (सन् १९३१) द्वारा **नेपाली भाषाको तुलनात्मक तथा व्युत्पत्तिपरक शब्दकोश** निर्माण गरिएको पाइन्छ । लगभग २६ हजार नेपाली शब्दहरूलाई प्रविष्टि दिइएको उक्त कोश तुलनात्मक तथा व्युत्पत्तिपरक कोशका दृष्टिले आधुनिक आर्यभाषाको कोश परम्परामा उत्तम मानिन्छ ।

चालिसे (वि.सं. १९१८) द्वारा **बगली कोश** सम्पादन गरिएको छ । लगभग ६ हजारजति शब्दहरूलाई प्रविष्टि दिई उक्त कोशमा नाम, विशेषण, क्रियायोगी, अव्यय, क्रिया आदि व्याकरणसम्बन्धी सूचनालाई समावेश गरिएको छ । शब्दकोश निर्माणका क्रममा शब्दहरूको अर्थ, परिभाषा, व्याख्या, पर्याय पाइए पनि शब्दहरूको उपप्रविष्टि, उच्चारण, स्रोत, व्युत्पत्ति प्रयोग जस्ता सूचनाहरू यसमा समावेश गरिएको पाइँदैन ।

पोखरेल (२०४०) द्वारा सम्पादित **नेपाली बृहत् शब्दकोश** ने.प्र.प्र बाट प्रकाशन गरिएको पाइन्छ । लगभग ३४ हजार शब्दहरूलाई प्रविष्टि दिइएको यो कोश नेपाली भाषाको मानकीकरणका निम्ति आधारशीला बनेको छ । यस कोशमा मूल प्रविष्टि र उपप्रविष्टि सहित शब्दस्रोत, व्युत्पत्ति निर्देश, पर्याय, परिभाषा, व्याख्या, विवृत्ति बीजक, उदाहरणलाई समेत समावेश गरिएको छ । उक्त शब्दकोशले प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

शर्मा (२०५७) द्वारा **नेपाली शब्दसागर** प्रकाशित गरिएको पाइन्छ । यसमा नेपाली बृहत् शब्दकोशले नसमेटिएका संस्कृतका अप्रचलित शब्दहरूलाई समेत सङ्कलन गरिएको

छ । लगभग १ लाख २५ हजार मूल शब्द रहेको उक्त कोशमा व्युत्पन्न शब्द, समस्त शब्द र वर्णविन्यासले गर्दा विभिन्न स्वरूप देखिएका शब्दहरूलाई समेत मूल प्रविष्टिमा राखेको पाइन्छ । यस कोशमा शब्दहरूको वर्णानुक्रममा सबैभन्दा पहिले चन्द्रविन्दु त्यसपछि सादा वर्ण र अन्त्यमा शिरविन्दु र विसर्गलाई समावेश गरिएको छ । यसमा उपप्रविष्टिलाई स्थान दिइएको पाइँदैन । उक्त कोशले कोशवैज्ञानिक सिद्धान्तको मान्यतालाई आत्मसात गरेको पाइँदैन ।

अधिकारी र भट्टराई (२०७०) द्वारा **प्रयोगात्मक नेपाली शब्दकोश**को सम्पादन गरी प्रकाशन गरिएको पाइन्छ । सम्पूर्ण शब्दहरूलाई मूल प्रविष्टिमा राखेर वर्णानुक्रममा मिलाई सादा एक वर्णलाई पहिला राखिएको पाइन्छ । त्यसपछि क्रमिक ढङ्गले चन्द्रविन्दु, शिरविन्दु, र विसर्गयुक्त वर्णहरूलाई अनुक्रम गरिएको छ । क्ष, त्र, ज्ञ जस्ता संयुक्त वर्णहरूलाई क, त, ज पछिको अनुक्रममा समावेश गरिएको पाइन्छ । उक्त कोशमा मानक उच्चारण र स्तरीय वर्णविन्यास, व्युत्पादन, व्याकरण निर्देश, अर्थ र प्रयोगसम्बन्धी सूचनाहरूलाई व्यवस्थित तरिकाले प्रस्तुत गरिएको छ । मानक लेख्य मानक कथ्य रूपको सूचना दिँदै नवीनता अँगाल्न पुगेको यस कोशमा गौण प्रविष्टिले स्थान पाउन सकेको देखिँदैन । अर्कोतिर यस कोशमा स्वनिर्मित वा मौलिक उदाहरणहरूलाई बढी प्राथमिकता दिइएको पाइन्छ । यसले प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन सैद्धान्तिक आधार प्रदान गरेको छ ।

### २.१.३ सैद्धान्तिक कृतिका रूपमा प्रकाशित पूर्वकार्यहरू

लम्साल (२०५७) द्वारा **कोशविज्ञान र नेपाली कोश** नामक पुस्तकको प्रकाशन गरिएको छ । यसमा कोशविज्ञानको सैद्धान्तिक चर्चा व्यापक रूपमा गरिएको छ । आठ अध्यायमा विभाजित गरिएको यस कृतिमा पहिलो अध्यायमा विषय प्रवेश, दोस्रो अध्यायमा कोशको परिचय, तेस्रो अध्यायमा कोशको वर्गीकरण, चौथो अध्यायमा शब्दकोशको स्वरूप, पाँचौँ अध्यायमा कोशसम्पादन प्रक्रिया, छैटौँ अध्यायमा भाषा सङ्ख्यापरक कोश र यसका समस्या, सातौँ अध्यायमा नेपाली कोशको ऐतिहासिक विकासक्रम र आठौँ अध्यायमा नेपाली कोशका प्रकारको सामान्य चर्चा भनी विभाजित गरिएको पाइन्छ । उक्त कृति कोश निर्माता र कोशका बारेमा अध्ययन-अनुसन्धान गर्न चाहने अध्येताका लागि निकै उपयोगी रहेको छ । प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि यसले सैद्धान्तिक आधार प्रदान गर्ने भएकाले यसको अध्ययन गर्नु जरुरी देखिएको छ ।

लुइटेल (२०५८) द्वारा **कोशविज्ञान** नामक पुस्तककार कृतिको प्रकाशन गरिएको छ । यस पुस्तकमा कोशनिर्माण प्रक्रिया तथा नेपाली शब्दसागरको विश्लेषण गरिएको पाइन्छ । यसअन्तर्गत कोश र कोशविज्ञानको पहिचान, कोशको वर्गीकरण, नेपाली शब्दकोशको विकास प्रक्रिया, कोशविश्लेषणको प्रारूप र नेपाली शब्दसागरको विश्लेषण शीर्षकहरूभित्र विभिन्न उपशीर्षकहरू समावेश गरी तिनको व्याख्या विश्लेषण गरिएको छ । कोशनिर्माण प्रक्रियाको सैद्धान्तिक एवम् व्यावहारिक पुस्तकको सङ्गम विन्दुका रूपमा उक्त कृति रहेको छ । यस पुस्तकमा नेपाली शब्दसागरको समग्र भागको विश्लेषण गरी कोशमा विभिन्न त्रुटिहरू रहेकाले यो वैज्ञानिक हुन नसकेको निष्कर्ष निकालिएको छ । जसले गर्दा कोश निर्माताहरूलाई कोश निर्माण कार्यमा सजग तुल्याउने काम भएको छ ।

अधिकारी (२०६७) द्वारा **सामाजिक र प्रायोगिक भाषाविज्ञान** पुस्तक प्रकाशन गरिएको छ । सामाजिक भाषाविज्ञान र प्रायोगिक भाषाविज्ञान गरी दुई खण्डमा विभाजित उक्त पुस्तकको दोस्रो खण्डमा कोशविज्ञानको चर्चा गरिएको छ । यस पुस्तकमा कोशविज्ञानको परिचय, शब्दकोश ऐतिहासिक पृष्ठभूमि र विकास, प्रयोजन, प्रकार, विशेषता, आदि पक्षका बारेमा विस्तृत चर्चा गरिएकाले उक्त पुस्तकले प्रस्तुत नमुना शब्दकोश निर्माणका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

लामिछाने (२०७०) द्वारा **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम** नामक पुस्तक प्रकाशन गरिएको छ । प्रस्तुत पुस्तकको अध्याय चारमा कोशविज्ञानको परिचय, कोशका प्रकार र तिनका विशेषता, कोश निर्माण योजना र सामग्री सङ्कलन, कोशको स्वरूप र कोश सम्पादन प्रक्रिया, नेपाली कोशको परम्परा र विकास, नेपाली कोश निर्माणका समस्या, कोश र भाषा शिक्षण आदि शीर्षकहरूमा कोशविज्ञानको चर्चा गरिएको छ । यसले प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

### २.१.४ शोधकार्यका रूपमा रहेका पूर्वकार्यहरू

भुसाल (२०६५) द्वारा **भाषा शिक्षणमा प्रचलित पारिभाषिक शब्दावलीको अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्य भाषा शिक्षणमा प्रचलित पारिभाषिक शब्दावलीहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा प्रस्तुत गर्नु र शब्दावलीको अर्थ र परिभाषा प्रस्तुत गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । यस अध्ययनमा पुस्तकालयीय विधिका साथै व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको समेत

प्रयोग गरिएको छ । भाषा पाठ्यपुस्तकसँग सम्बन्धित पुस्तकलाई प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ । भाषा शिक्षणका क्षेत्रमा अनुच्छेद तथा सङ्कथनभित्र पारिभाषिक शब्दावलीको प्रयोग र पुनरावृत्ति बारम्बार हुने कुरालाई निष्कर्षका रूपमा राखिएको छ । यसले प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

आचार्य (२०६९) द्वारा **वर्तमान माध्यमिक नेपाली पाठ्यपुस्तकमा आधारित शब्दकोश निर्माण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधपत्रमा वर्तमान माध्यमिक नेपाली पाठ्यपुस्तक (कक्षा १०) मा प्रयोग भएका शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु, सङ्कलित शब्दलाई शीर्ष शब्दको रूपमा प्रविष्टि दिई प्रस्तुत गर्नु, शब्दहरूको उच्चारण, स्रोत, व्युत्पति, व्याकरण निर्देश, अर्थ उदाहरण दिनु भनी उद्देश्य निर्धारण गरिएको छ । पुस्तकालयीय विधिको प्रयोग गरिएको उक्त शोधकार्यमा प्राथमिक स्रोत सामग्रीका रूपमा कक्षा १० को नेपाली पाठ्यपुस्तकलाई लिइएको छ । द्वितीयक सामग्रीका रूपमा विभिन्न पाठ्यपुस्तक, सन्दर्भपुस्तक, शब्दकोश, पत्रपत्रिका तथा लेखरचना र शोधनिर्देशकका सल्लाह सुझावलाई उपयोग गरिएको छ । नमुना शब्दकोशमा १२० शब्दलाई मूल प्रविष्टि दिइएको, ६५ वटा शब्दहरूको उदाहरण दिइएको र तत्सम शब्दहरूकै हाराहारीमा तद्भव र आगन्तुक शब्दहरू पनि समावेश गर्नुपर्ने निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य शब्दकोश निर्माणसँग सम्बन्धित भएकाले प्रस्तुत नमुना शब्दकोश निर्माण कार्यलाई अगाडि बढाउन यसले सैद्धान्तिक आधार प्रदान गरेको छ ।

जोशी (२०६९) द्वारा **बझाङी भाषिकाको शब्दकोश निर्माण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्य बझाङी भाषिकामा पाइने मौलिक शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा मिलाउनु, शब्दको उच्चारण, शब्दवर्ग, पर्याय, विपर्याय परिभाषा, व्याख्या गरेर अर्थ लेखन गर्नु भनी उद्देश्य निर्धारण गरिएको छ । मूलतः क्षेत्रीय अध्ययन विधि र आंशिक रूपमा पुस्तकालयीय अध्ययन विधिमा आधारित भई उक्त शोधकार्यमा जनसङ्ख्याको निर्धारण नमुना छनोट प्रक्रियाको अवलम्बन गरिएको छ । नमुना छनोटमा परेका सूचकहरूलाई भेटेर आवश्यक तथ्याङ्क सङ्कलन गरिएको यस शोधकार्यको निष्कर्ष बझाङी जनजीवनका मौलिक शब्दहरू समेटेर ती शब्दहरूलाई वर्णानुक्रममा राखी कोश निर्माण गरिएको छ भन्ने रहेको छ । यस शोधकार्यले प्रस्तुत अध्ययनलाई अगाडि बढाउन सैद्धान्तिक आधार प्रदान गरेको छ ।

दाहाल (२०६९) द्वारा **कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना कोष निर्माण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयोग गरेका बढीमा ३५० शब्दहरूको सङ्कलन गर्नु, ती शब्दको अर्थ, उच्चारण, पर्याय, विपर्याय, स्रोत पदवर्ग आदिका आधारमा नमुना शब्दकोश निर्माण गर्नु भनी उद्देश्य निर्धारण गरिएको छ । पुस्तकालयीय विधिका साथै सङ्कलित सामग्रीलाई स्पष्ट पार्न व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । प्राथमिक स्रोत सामग्रीको रूपमा जनक शिक्षा सामग्री केन्द्रद्वारा प्रकाशित कक्षा छको नेपाली पाठ्यपुस्तकलाई उपयोग गरिएको छ भने द्वितीयक स्रोत सामग्रीको रूपमा कोश सम्बद्ध सैद्धान्तिक पुस्तक, पत्रपत्रिका, लेखरचना, कोशसँग सम्बन्धित अनुसन्धानहरूको उपयोग गरिएको छ । उक्त शोधकार्यमा ३५० शब्दहरूलाई कोशमा प्रविष्टि दिएर तिनको स्रोत, अर्थ र पदवर्ग छुट्याइएको छ । जसमध्ये तत्सम ७० प्रतिशत, तद्भव २० प्रतिशत र आगन्तुक १० प्रतिशत शब्दहरूका रहेका छन् भन्ने निष्कर्ष निकालिएको छ ।

खतिवडा (२०७०) द्वारा **उच्च माध्यमिक तहको सबैको नेपाली भाषा पाठ्यपुस्तकमा आधारित नमुना शैक्षिक कोश निर्माण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्र उच्च माध्यमिक तहको सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको सङ्कलन गर्नु, शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु, शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग, अर्थ प्रयोग, उदाहरण प्रस्तुत गरी शब्दकोश निर्माण गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । शोधकार्यलाई निष्कर्षसम्म पुऱ्याउनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । प्रस्तुत, शोधपत्रमा ३९५ शब्दहरूलाई प्रविष्टि दिएर प्रत्येक शब्दको हिज्जे, उच्चारण, स्रोत, व्युत्पत्ति, व्याकरण निर्देश, अर्थ, उदाहरण र प्रयोग दिने प्रयास गरिएको छ । उक्त शोधपत्रमा तत्सम, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्दहरूमध्ये सबैभन्दा बढी तत्सम शब्द रहेको निष्कर्ष निकालिएको छ । यसले प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

गौतम (२०७०) द्वारा **कक्षा आठको पाठ्यपुस्तकमा आधारित नमुना शैक्षिक शब्दकोश निर्माण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा आधारित शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूको वर्गीकरण गर्नु, सङ्कलित शब्दहरूको अर्थ निर्देश गर्नु, पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको स्रोत तथा व्युत्पत्ति प्रस्तुत गर्नु भनी उद्देश्य निर्धारण गरिएको छ । मूल रूपमा पुस्तकालयीय विधिमा

केन्द्रित रहेको उक्त अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतका विविध सामग्रीहरूको उपयोग गरिएको छ । प्रस्तुत शोधपत्रमा ९६ शब्दहरूलाई कोशमा प्रविष्टि दिएर ती शब्दहरूको स्रोत व्याकरण निर्देश गर्नुका साथै तिनको अर्थसम्बन्धी सूचना दिनका लागि पर्याय, विपर्याय, बीजक, विवृत्ति र प्रतिनिर्देश विधिको प्रयोग गरिएको छ । उक्त शोधपत्रमा कक्षा आठको पाठ्यपुस्तकमा धेरैजसो तत्सम स्रोतका कठिन शब्दहरू समावेश गरिएकोले पाठ्यपुस्तक लेखनमा तत्सम शब्दहरूकै हाराहारीमा तद्भव र आगन्तुक स्रोतका शब्दहरू पनि समावेश गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

भारती (२०७१) द्वारा **कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा आधारित शब्दकोश निर्माण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा कक्षा सातमा समाविष्ट शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु, सङ्कलित शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग र अर्थका साथै उदाहरण प्रस्तुत गर्नु भनी उद्देश्य निर्धारण गरिएको छ । उक्त शोधकार्य सम्पन्न गर्नका लागि पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्राथमिक स्रोत सामग्रीका रूपमा कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकलाई उपयोग गरिएको छ भने द्वितीयक स्रोत सामग्रीको रूपमा कोशसँग सम्बद्ध सैद्धान्तिक पुस्तकहरू, पत्रपत्रिकामा प्रकाशित विभिन्न लेखहरू, कोशसँग सम्बन्धित शोधकार्यहरू तथा विषय विशेषज्ञहरूलाई प्रमुख आधार बनाइएको छ । उक्त शब्दकोशमा ४३३ शब्दहरूलाई प्रविष्टि दिएर ती शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग र अर्थका साथै उदाहरणसम्बन्धी सूचनाहरूलाई समावेश गरिएको छ भन्ने निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यले प्रस्तुत नमुना शब्दकोश निर्माणका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

श्रेष्ठ (२०७२) द्वारा **नमुना बाल शब्दकोश निर्माण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यको उद्देश्यका रूपमा बाल शब्दकोशमा समावेश गर्न सकिने शब्दहरूको चयन गर्नु, ती शब्दहरूलाई वर्णानुक्रममा राखी व्यवस्थित गर्नु, उक्त शब्दहरूका उच्चारण अर्थ, पर्याय, विपर्याय, स्रोत उदाहरण, प्रयोग दिई नमुना बाल शब्दकोश निर्माण गर्नु रहेका छन् । उक्त शोधकार्यमा प्राथमिक तह कक्षा एकदेखि पाँचसम्मका नेपाली पाठ्यपुस्तकबाट विभिन्न शब्दहरू छनोट गरी तयार पारिएको छ । पुस्तकालयीय विधिको प्रयोग गरिएको यस शोधकार्यमा ३०० शब्दहरूलाई मूल प्रविष्टि दिएर तिनको अर्थ

उच्चारण, स्रोत, पर्याय विपर्याय, उदाहरण र प्रयोगलाई प्रस्तुत गरिएको छ । उक्त शोधपत्रले प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

पोखेल (२०७२) द्वारा **कक्षा छको नयाँ नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना कोश निर्माण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्य कक्षा छको नयाँ नेपाली पाठ्यपुस्तकमा प्रयोग गरेका बढीमा २३० शब्दहरू सङ्कलन गर्नु, उक्त शब्दहरूको अर्थ, उच्चारण, स्रोत, पदवर्ग, पर्याय, विपर्याय आदि आधारमा नमुना कोश सम्पादन गर्नु, सम्बन्धित कक्षाका विद्यार्थीहरूको आवश्यकता पहिचान गरी वर्णानुक्रममा कोश निर्माण गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । पुस्तकालयीय विधिमा आधारित भएर तयार गरिएको यस नमुना कोश निर्माणमा औषत रूपमा तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूमध्ये तत्सम स्रोतका शब्दहरू बढी पाइएका छन् । जसले गर्दा पाठ्यपुस्तक, निर्माणमा स्तरीयता कम देखिन्छ भन्ने निष्कर्ष निकालिएको छ । यसले प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

बोगटी (२०७२) द्वारा **माध्यमिक तहको नेपाली पाठ्यपुस्तकको नमुना शैक्षिक शब्दकोश निर्माण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यका मुख्य उद्देश्यका रूपमा माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरू सङ्कलन गरी सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी शैक्षिक शब्दकोश तयार पार्नु, सङ्कलित शब्दहरूलाई उच्चारण, स्रोत, व्युत्पत्ति पदवर्ग, अर्थ, प्रयोजनका दृष्टिले प्रस्तुत गर्नु रहेका छन् । यस शोधकार्यमा कक्षा नौ र दशको पाठ्यपुस्तकबाट सामग्री सङ्कलन गर्दै सैद्धान्तिक आधारका लागि विभिन्न पाठ्यपुस्तक, अन्य सन्दर्भपुस्तक, शोधपत्र, लेखरचना आदिको सहयोग लिइएको छ । उक्त शोधकार्यमा मूल रूपमा पुस्तकालयीय विधि र आंशिक रूपमा वर्णनात्मक र विशेषणात्मक विधिको उपयोग गरिएको छ । माध्यमिक तहको कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकबाट २२९ शब्दहरू सङ्कलन गरी वर्णानुक्रमका आधारमा कोशमा प्रविष्टि दिएर तिनीहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, अर्थ, पदवर्ग, उदाहरण र प्रयोगलाई प्रस्तुत गरिएको छ । उक्त शोधपत्र प्रस्तुत शोधकार्यसँग सम्बन्धित भएकाले नमुना शब्दकोश निर्माण कार्यलाई अगाडि बढाउन सैद्धान्तिक आधार प्रदान गरेको छ ।

न्यौपाने (२०७२) द्वारा **कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना शब्दकोश निर्माण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यका प्रमुख उद्देश्य

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राखी प्रस्तुत गर्नु, उक्त शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, अर्थ र प्रयोग स्पष्ट पारी नमुना कोश निर्माण गर्नु रहेका छन् । मूल रूपमा पुस्तकालयीय विधिमा केन्द्रित रहेको उक्त अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतका विविध सामग्रीहरू प्रयोग गरिएको छ । यस शोधपत्रमा २८० शब्दहरूलाई प्रविष्टि दिएर तिनको उच्चारण, स्रोत, व्युत्पत्ति, व्याकरणिक निर्देश, अर्थ र प्रयोगसम्बन्धी सूचनाहरूलाई समावेश गरिएको छ । यसले प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

रावल (२०७२) द्वारा **नेपाली भाषाका आधारभूत शब्दहरूको नमुना कोश निर्माण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्य नेपाली भाषाका आधारभूत शब्दहरूको नमुना कोश निर्माण गर्नु, ती शब्दहरूलाई वर्णानुक्रममा राखी तिनका हिज्जे, स्रोत, पदवर्ग, पर्याय, विपर्याय, अर्थ र उदाहरण दिनु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिका लागि मूल रूपमा पुस्तकालयीय विधिको उपयोग गरिएको छ भने आवश्यकताअनुसार व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यसका आधारभूत तह (कक्षा १-३) का विद्यार्थीहरूले प्रयोग गर्ने स्तरीय नेपालीका ३३१ शब्दहरूलाई प्रविष्टि दिई तिनको हिज्जे, स्रोत, पदवर्ग, अर्थ, पर्याय, उदाहरण र आवश्यकताअनुसार विपर्याय दिइएको छ । उक्त शोधपत्रले प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ ।

यसरी शब्दकोश निर्माणसम्बन्धी कार्यहरू व्यक्तिगत, संस्थागत र सरकारी स्तरबाट भए पनि शोधकार्यका रूपमा नगन्य मात्रामा रहेको निष्कर्ष निकाल्न सकिन्छ । कक्षागत र तहगत रूपमा केही शब्दकोश निर्माण भएको पाइए तापनि वर्तमान परिवर्तित पाठ्यक्रमअनुसार कक्षागत रूपमा सबै कक्षाहरूको लागि शब्दकोश निर्माणसम्बन्धी शोधकार्यहरू भएको देखिँदैन । तसर्थ प्रस्तुत कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण शीर्षकमा शोधकार्य गर्नु उपयुक्त देखिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ विषय प्रवेश

मानव समुदायमा विचारको विनिमय गर्ने एउटा भरपर्दो तथा महत्त्वपूर्ण साधनका रूपमा भाषा रहेको हुन्छ । भाषाले सामाजिक जीवनलाई गतिशील बनाउनुका साथै समग्र

वाङ्मयलाई नै उचाइमा पुऱ्याउने काम गर्दछ । भाषाको अभिव्यक्तिगत क्षमता यसको शब्दभण्डारमा निर्भर रहन्छ । कुनै पनि भाषा जति बढी प्रयोगमा आउँछ, त्यति नै उक्त भाषा विकसित र जीवन्त बन्दै जान्छ । भाषालाई जीवन्त बनाउनका लागि शब्दसम्पन्नता र अर्थवहन क्षमताले महत्त्वपूर्ण स्थान ओगट्दछ । मानिसले विश्व ब्रह्माण्डमा रहेका विविध ज्ञानहरूलाई बटुलेर बुझ्नका लागि आफ्नो मातृभाषाले मात्र नपुगेर प्रचलित विभिन्न भाषाहरू खोजिरहेको हुन्छ । ती विभिन्न भाषाहरूमा प्रचलित रहेका शब्दसङ्ग्रहको सूचकका रूपमा शब्दकोशहरू निर्माण गरिएका हुन्छन् । यसरी निर्माण गरिएका शब्दकोशहरूले सिकारुलाई सिक्न चाहेको भाषामा शुद्ध र स्पष्टसँग प्रयोग व्यवहार गर्न सहयोग गर्दछन् । प्रस्तुत शोधकार्यमा पनि शब्दकोशसम्बन्धी सैद्धान्तिक पक्षको बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

### २.२.२ शब्दकोशको परिचय तथा परिभाषा

कुनै पनि भाषामा रहेका शब्दसम्बन्धी सूचनाहरूलाई प्रयोजनअनुसार व्यवस्थित गर्न बनाइएको ग्रन्थलाई शब्दकोश भन्ने गरिन्छ । 'शब्दको कोश (शब्द+कोश) = शब्दकोश' यो व्युत्पत्तिका सन्दर्भमा शब्दकोश भन्नाले शब्दहरूको सङ्ग्रह भन्ने बुझिन्छ । तर शब्दकोशमा शब्दहरूमात्र सङ्कलन गरिएको हुँदैन; यसमा शब्दको हिज्जे, उच्चारण, पदवर्ग, स्रोत, अर्थ परिभाषा, पर्याय, विपर्याय, व्युत्पत्ति, उदाहरण, प्रयोग आदि सूचनाहरूलाई समावेश गरिएका हुन्छन् (लम्साल २०५७ : १५) । त्यसैले शब्दकोश रुढ शब्दको रूपमा प्रयुक्त भएर अर्थविस्तार गरी कोश शब्दको व्यापक अर्थलाई समेत समावेश गरेको छ ।

कोश शब्दको व्युत्पादन कुश् धातुमा घञ्/अच् प्रत्यय लागेर भएको हो (लुइटेल २०५८ : १) । सामान्य अर्थमा कोशले कुनै पनि वस्तुको सङ्ग्रह वा सङ्कलनलाई जनाउँछ भने विशिष्ट अर्थमा कोशले शब्दकोशलाई जनाउँछ ।

शब्दकोश ग्रिसेली एवम् ल्याटिनेलीमूलक **लेक्सिकन** (Lexican) तथा **डिक्सनरी** (Dictionary) शब्दको नेपाली रूपान्तरण हो । लेक्सिकन शब्दले प्राचीन शास्त्रीय भाषाहरू (ग्रिक, ल्याटिन, हिब्रू, अरबी आदि) को शब्दकोशलाई जनाउँछ भने डिक्सनरी शब्दले आधुनिक भाषाका शब्दकोशहरूलाई जनाउने गर्दछ । लेक्सिकन शब्द डिक्सनरी शब्दकै पर्यायवाचीका रूपमा प्रयोग भएको पाइन्छ । यी दुबै शब्दहरूको मुख्य अभिप्राय शब्दहरूको सङ्ग्रह भन्ने हुन्छ (लुइटेल, २०५८ : १२) । शब्दकोशमा शब्दहरूको वर्णविन्यास, उच्चारण,

व्युत्पत्ति, स्रोत, व्याकरण निर्देश, पर्याय, विपर्याय, परिभाषीकरण, उदाहरण आदि सम्बन्धी सूचनाहरूलाई व्यवस्थित तरिकाले समावेश गरिएको पाइन्छ ।

शब्दकोशलाई परिभाषित गर्ने क्रममा **इन्साइक्लोपिडिया ब्रिटानिका**ले “उही वा अन्य भाषामा अर्थ दिइएको कुनै भाषाका शब्दको सूची भएको ग्रन्थ हो जुन सामान्यतः वर्णानुक्रममा हुन्छ र प्रायश : उच्चारण उत्पत्ति र प्रयोगसम्बन्धी तथ्य निहित हुन्छन्” भनी परिभाषित गरेको छ । **अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरी**ले भाषा विशेष वा विषय विशेषका शब्दहरूको क्रमबद्ध विन्यासका साथ सूचीकरण र व्याख्या गरिएको कृतिका रूपमा शब्दकोशलाई परिभाषित गरेको छ । **अक्सफोर्ड इङ्गलिस डिक्सनरी**ले भाषा विशेषका शब्दहरूलाई सन्दर्भ सुविधाका लागि वर्णानुक्रममा प्रस्तुत गरी तिनको वर्णविन्यास, उच्चारण, व्युत्पत्ति, ऐतिहासिकता, पर्यायवाचीता, अर्थ, प्रयोगजस्ता विविध कुराहरूको जानकारी गराउने तथा विशेष ठुला शब्दकोशमा कतिपय महत्त्वपूर्ण सूचनाहरू साहित्यको उदाहरणबाट समेत प्रस्तुत गरिएका ग्रन्थको रूपमा शब्दकोशलाई परिभाषित गरेको छ । त्यस्तै **सी.सी वर्ग**ले “कोश ती समाजीकृत भाषाहरूको व्यवस्थित किसिमले क्रमबद्ध सूची हो, जुन कुनै भाषा समुदायको वाक् व्यवहारबाट सङ्ग्रह गरिएका हुन्छन् र जसले कोशकारद्वारा यसरी व्याख्या गरिएको हुन्छ कि योग्य पाठक प्रत्येक भाषा रूपको स्वतन्त्र अर्थबोध गर्न सकून् तथा ती भाषाहरूको सामुदायिक प्रकार्यसम्बन्धी समस्त तथ्य अवगत गर्न सकून्” भनी शब्दकोशलाई परिभाषित गरिएको छ ।

**बृहत् नेपाली शब्दकोश**ले कुनै निश्चित क्रम-नियम तथा वर्णव्याकरणात्मक व्यवस्थाअनुसार शब्दहरू भेला पारी प्रत्येक शब्दको अर्थ लेखिएको ग्रन्थको रूपमा शब्दकोशलाई परिभाषित गरेको छ । **प्रयोगात्मक नेपाली शब्दकोश**ले भाषाका शब्दहरूलाई वर्णानुक्रम मिलाएर तिनको स्रोत, अर्थ, प्रयोग आदिका सूचनाहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको ग्रन्थका अथवा खास विषयसँग सम्बन्धित शब्दहरूलाई वर्णानुक्रममा मिलाई अर्थ वा परिभाषाबारे प्रकाश पारिएको सन्दर्भ ग्रन्थ, कोशलाई नै शब्दकोश मानेको छ । **रामचन्द्र लम्साल**ले शब्दकोशलाई कुनै निश्चित क्रम र व्यवस्थामा आबद्ध भएको कुनै भाषिक एकाइको सङ्ग्रहसँग सम्बन्धित ग्रन्थका रूपमा लिएका छन् । यसमा शीर्ष शब्दको हिज्जे, उच्चारण, व्युत्पत्ति, अर्थ, पर्याय, विपर्याय, उदाहरण आदि कुराहरू समावेश गरिन्छन् भनेर चिनाएका छन् । त्यस्तै **हेमाङ्गराज अधिकारी**ले शब्दकोशलाई भाषाका शब्दहरूको वर्णानुक्रममा अर्थसहितका सूचनाहरूलाई प्रस्तुत गरिने सन्दर्भ पुस्तकका रूपमा चिनाएका

छन् । **खगेन्द्रप्रसाद लुइटेल**ले भाषा विशेषका शब्दादि एकाइहरूलाई प्रायः वर्णानुक्रममा सुव्यवस्थित ढङ्गले विन्यास गरी तिनको उपयुक्त र बहुप्रचलित वर्णविन्यास, उच्चारण, व्युत्पत्ति, व्याकरण निर्देश, मूलस्रोत, ऐतिहासिकता, अर्थहरूको उपयुक्त क्रम, पर्यायवाचीता, विपरीतार्थकता, परिभाषीकरण, व्याख्या, प्रयोग, उदाहरण, उद्धरण आदिको वैज्ञानिक व्यवस्थापन गरिएको सूचीपत्र वा शब्दसूचीलाई शब्दकोश भनेर परिभाषित गरेका छन् ।

समग्रमा शब्दकोश भनेको कुनै भाषाका शब्दहरूलाई व्यवस्थित तरिकाले प्रविष्टि दिएर ती शब्दहरूको उच्चारण, व्युत्पत्ति, व्याकरण निर्देश, स्रोत, पर्याय, विपर्याय, परिभाषा, व्याख्या, प्रयोग, उदाहरण आदिको जानकारी दिइएको ग्रन्थ हो ।

### २.२.३ कोशको स्वरूप

कोशको स्वरूप भन्नाले कुनै पनि कोशले वरण गरेको समग्र आन्तरिक र बाह्य आकार, संरचना वा बनोट हो । यसले कोश कस्तो हुन्छ  अर्थात् कोश कसरी बन्दछ भन्ने कुरालाई सङ्केत गर्दछ । कोशको स्वरूपमा कोशीय विशेषताहरूको संयोजन गरी शब्दकोशलाई निर्देशन सूचना र प्रयोजनका दृष्टिले उपयोगी बनाएर त्यसमार्फत उपभोक्तालाई सहज सङ्क्षिप्त सामग्री उपलब्ध गराउने कार्य गरिन्छ । कोशलाई सङ्क्षिप्त, स्पष्ट र व्यवस्थित बनाउनका लागि यसको स्वरूपलाई मूलत : तिन भागमा विभाजन गरिएको छ :

#### २.२.३.१ पूर्व भाग

शब्दकोशको सबैभन्दा अगाडिको भागलाई पूर्व भागका रूपमा लिइन्छ । कोशीय मूल भागलाई केन्द्रबिन्दु मान्दा यो त्यसभन्दा पूर्ववर्ती भाग हो । यो प्रयोगका दृष्टिले मूल भागलाई सजिलैसँग उपयोगमा ल्याउन आवश्यक पर्ने पूर्वाविधेय आधार सामग्री हो (लम्साल, २०५७ : ५८) । यो शब्दकोशको बाह्य वा परिधीय भाग हो । यसमा शीर्षक, प्रकाशनसम्बन्धी सूचना, प्राक्कथन वा भूमिका, कोश निर्देशिका, कोशविधान प्रक्रियाको जानकारी, सङ्क्षेपसूची, सङ्केत वा चिह्नसूची आदि सूचनाहरू समावेश गरिएका हुन्छन्. ।

कोशको प्रयोग तथा प्रकृति र त्यस अपेक्षित विषय प्रयोक्ताको तह र आवश्यकता स्तर, भाषिक प्रकृति (प्रथम भाषी वा द्वितीय भाषाभाषी), भाषिक भेद, उपभेद, प्रत्यक्ष, अप्रत्यक्ष शोधका सामग्रीहरू, शब्द (सामग्री) स्रोतको चयन, वर्णविन्यास, लेखन पद्धति, प्रविष्टि शब्दगत वा अर्थगत वैशिष्ट्य (परिभाषित शब्दको सम्बन्धमा थप सूचना),

अर्थविधानको छोटो टिप्पणी, कोशीय एकाइको अन्तर्सम्बन्ध, शब्दको रूप र विकासक्रमको निरूपण, प्रासङ्गिक प्रयोग आदिका सूचनात्मक सन्दर्भलाई कोशको पूर्व भागअन्तर्गत राखिएको पाइन्छ (भण्डारी र अन्य, २०६९८ : ६७) । शब्दकोशको पूर्व भाग एक किसिमको औपचारिक भाग पनि हो । यसमा कोश सम्पादन प्रक्रियामा उत्पन्न भएका समस्याको समाधान कुन तरिकाबाट सम्पन्न गरिएको छ भन्ने कुरालाई उल्लेख गरिएको हुन्छ ।

### २.२.३.२ मूल भाग

यो विविध प्रविष्टि सम्मिलित कोशको वास्तविक भाग हो । यसलाई मूल भाग भन्नुको तात्पर्य कोशमा यो भाग नै साध्य हो यसैका लागि सम्पूर्ण योजना नियम, सामग्री, सङ्कलन, सम्पादन, श्रम, व्यय आदि साधन जुटेका हुन भनी सङ्केत गर्नु हो (लम्साल, २०५७ : ६९) । यो शब्दकोशको प्राण वा सारमय भाग हो । यसमा कोशीय एकाइ र तत्सम्बन्धी सूचनाको भण्डार हुन्छ । कोशको वास्तविक पहिचान तथा मूल मर्म समेटिएको यो भाग नै लक्ष्यसिद्ध तथा साध्यका रूपमा रहन्छ । मूल भाग कोशको जीवन भएकाले यसलाई केन्द्रीय वा नाभिकीय भागका रूपमा लिने गरिएको पाइन्छ ।

शब्दकोशको मूल भागभित्र उद्देश्य र विधेयसम्बन्धी सूचनाहरू समावेश गरिएका हुन्छन् । यसमा शीर्ष शब्द, हिज्जे, उच्चारण, व्याकरण निर्देश, व्युत्पत्ति, अर्थ, पर्याय, विपर्याय, उखान टुक्का, उदाहरण तथा प्रयोगलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको हुन्छ । पूर्व भाग र उत्तर भागभन्दा यो भाग विस्तृत र व्यापक हुन्छ ।

### २.२.३.३ उत्तर भाग

मूल भाग र त्यसको पूर्ववर्ती भागमा राख्न नमिल्ने वा कोशीय प्रविष्टिभन्दा विलक्षण तथा विशिष्ट रूप र शैलीमा गरिने सन्दर्भ सामग्रीहरू रहने पश्चवर्ती भाग नै कोशको उत्तर भाग हो (लम्साल, २०५७ : ८४) । यस भागमा मूल भागका सामग्रीहरूलाई थप स्पष्ट पार्न पूरकका रूपमा दिनुपर्ने थप सूचनाहरू प्रस्तुत गरिएका हुन्छन् । यस भागमा सङ्क्षेप शब्दहरूको सूची, व्युत्पादक प्रत्ययहरू, नव प्राविधिक शब्दहरू, स्थान विशेष जनाउने नामहरू, विशिष्ट व्यक्तिका नामहरू, विभिन्न नाप तौलका एकाइहरू, राशि, नक्षत्र, थरगोत्र, विभिन्न मानपदवी, तक्मा, गणितशास्त्रका चिह्नहरू, प्रचलित उखान टुक्काहरूको सूची आदि सम्बन्धी सूचनाहरू समाविष्ट गरिएका हुन्छन् । यो कोशको अनिवार्य अङ्ग नभएकाले र मूल भागकै सम्पूरकका रूपमा रहने हुनाले यसलाई कोशको पश्चवर्ती र बाह्य अङ्ग पनि भनिन्छ ।

यसरी दृष्टिगत गर्दा कोशको सामान्य स्वरूपलाई मुख्यतः तिन भागमा बाँड्न सकिन्छ : पूर्व भाग, मूल भाग र उत्तर भाग । यिनमा कोशको मूलस्वरूप भने मूल भाग नै हो । मूल भाग कोशको मुटु हो भने पूर्व भाग र उत्तर भाग कोशको शरीर हुन् ।

### २.२.४ कोश सम्पादन प्रक्रिया

व्यवस्थित तरिकाले कोश बनाउने कार्यलाई नै कोश सम्पादन भनिन्छ । यसलाई कोश विधान पनि भनिन्छ । कोश सम्पादन अत्यन्त साधनामय गौरवमय र गम्भीर कार्य हो । यो अविरल, अविश्रान्त र त्यागमय तपस्याको परिणति हो (लम्साल, २०५७ : ९५) । ज्ञान विज्ञानका विभिन्न क्षेत्रहरूलाई समेटेर कोश निर्माण गर्नु निकै जटिल कार्य हो । उक्त कठिन कार्यमा सफलता प्राप्त गर्न ज्ञानका साथै समय, श्रम र व्ययको बढी खाँचो पर्दछ । कोशलाई सफल र वैज्ञानिक बनाउनका लागि निश्चित विधि र प्रक्रियाको आवश्यकता पर्दछ । कोश सम्पादन प्रक्रियालाई मुख्यतः तिन चरणमा विभाजन गरी चर्चा गरिएको छ :

#### २.२.४.१ पहिलो चरण

यो कोश सम्पादन प्रक्रियाको आयोजनाको चरण हो । यस चरणअन्तर्गत योजनाको निर्माण, सामग्रीको सङ्कलन र प्रविष्टि चयन जस्ता कार्यहरू पर्दछन् । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(अ) कोश निर्माण योजना**

कोश निर्माण प्रक्रियामा सुरुदेखि अन्तिमसम्मका समग्र कार्यहरू के कसरी सम्पन्न गर्ने भन्ने सन्दर्भमा बनाइने एउटा पूर्व निश्चित खाका वा रूपरेखालाई नै कोश निर्माण योजना भनिन्छ (लामिछाने, २०७० : ४६) । यसमा निर्माण गर्न लागेको कोशको प्रकृति, प्रयोजन, महत्त्व, सामग्री सङ्कलन विधि, प्रविष्टिहरूको छनोट, कोशमा समावेश गरिने सूचनाहरूको निर्धारण आदिका बारेमा प्रस्तावना प्रस्तुत गरिएको हुन्छ (अधिकारी, २०६७ : २०२) । कोश सम्पादन प्रक्रियाको पहिलो अनिवार्य सर्त कोश निर्माण योजना नै हो । कोश निर्माण योजनाले नै कोशलाई व्यवस्थित र वैज्ञानिक बनाउँछ । निर्माण गर्न लागेको कोशको प्रकृति कस्तो बनाउने; कुन विधिबाट सामग्री सङ्कलन गर्ने; कसको नेतृत्वमा कोश निर्माण गर्ने; आर्थिक स्रोत कसरी जुटाउने; कोशमा कुन कुन सूचनाहरू समावेश गर्ने; कोशको आकार कत्रो बनाउने र कति समयावधिभित्र कोश निर्माण कार्य सम्पन्न गर्ने आदि जस्ता महत्त्वपूर्ण पक्षमा स्पष्ट हुनका लागि कोश निर्माण योजनाको आवश्यकता पर्दछ ।

सामान्यतः कोशीय योजना कालमा यी विषयहरूसँग सम्बद्ध पक्षहरूमा आवश्यक निर्देशन सुस्पष्ट गरिनुपर्दछ (लम्साल, २०५७ : ९७) :

(क) कोशको प्रयोजन, प्रयोक्ता र क्षेत्र
(ख) सामग्री सङ्कलन
(ग) शब्दसूची
(घ) प्रविष्टिको स्वरूप
(ङ) अर्थविधान विधि र क्रम
(च) व्याकरण निर्देशन
(छ) उच्चारण र हिज्जे
(ज) उदाहरण
(झ) चित्राङ्कन
(ञ) विवृत्ति र बीजकको प्रयोग
(ट) उखान टुक्कासम्बन्धी प्रयोग
(ठ) व्युत्पादक सर्गको संयोजन
(ड) व्युत्पत्ति विधान

कोश सम्पादनको आधारभूत पक्ष योजना निर्माण हो । विना योजना कोश निर्माण कार्यलाई निश्चित गन्तव्यमा पुऱ्याउन नसकिने भएकाले कोशलाई व्यवस्थित र वैज्ञानिक बनाउन कोश निर्माण योजनाको आवश्यकता पर्दछ ।

**(आ) सामग्री सङ्कलन**

कोश निर्माण योजनापछि सामग्री सङ्कलन गर्नु कोश सम्पादन प्रक्रियाको दोस्रो आधारभूत पक्ष हो । कोशको प्रकार र प्रयोजनअनुसार सामग्री सङ्कलनमा भिन्नता र विविधता पाइन्छ । भाषाको अवस्था हेरी सामग्री सङ्कलन लिखित र अलिखित स्रोतमा आधारित हुन्छ :

**(क) लिखित स्रोत**

ऐतिहासिक र वर्णनात्मक लिखित साहित्य भएको भाषाबाट सामग्री सङ्कलन गर्दा अवतरण विधि ४"× ३" को पत्तीको प्रयोग गरी प्रामाणिक सामग्री सङ्कलन गरिन्छ । सम्बन्धित साहित्यबाट कोशीय एकाइ र तिनको सन्दर्भ अङ्कित गर्ने पद्धति नै अवतरण विधि हो । कोशपत्तीमा शब्दको प्रकृति र त्यसको सूचनासम्बन्धी विवरण वर्णानुक्रममा राखेर अनुक्रमणिका तयार गर्नुपर्दछ (लामिछाने, २०७० : ४८) । अवतरण विधिबाट सामग्री सङ्कलन दुई तरिकाबाट गर्न सकिन्छ :

(१) **सामान्य अवतरण**

कोशमा सामग्री सङ्कलन गर्दा सम्बन्धित साहित्यबाट सामान्य क्षेत्रसित सम्बद्ध अर्थका लागि कोशीय एकाइहरूको सङ्कलन गर्नु सामान्य अवतरण हो (लम्साल, २०५७ : ९९) । यसमा शब्दको प्राविधिक वा पारिभाषिक अर्थ नदिएर सामान्य अर्थ मात्र दिइएको हुन्छ ।

(२) **विशिष्ट अवतरण**

विशिष्ट वा प्राविधिक क्षेत्रसँग सम्बन्धित अर्थका लागि शब्दहरूको सङ्कलन गर्न विशिष्ट अवतरण विधिको प्रयोग गरिन्छ । सामग्री सङ्कलनको प्रक्रिया र सम्बन्धित कृतिबाट गरिने सङ्कलनका आधारमा यसलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

- **समुचयात्मक/पूर्ण अवतरण**

सामग्री सङ्कलन गर्न खोजिएको कृतिमा प्रमुखतामा समग्र अर्थलाई समावेश गरी अर्थ नदोहोरिने तरिकाले शब्द सङ्कलन गर्ने प्रक्रिया नै समुच्चयात्मक अवतरण हो (लामिछाने, २०७० : ४८) । यसलाई पूर्ण अवतरण पनि भनिन्छ ।

- **चयनात्मक/आंशिक अवतरण**

कुनै कृतिबाट आवश्यकताअनुसार खास खास कोशीय एकाइ अवतरण गरी सामग्री सङ्कलन गर्नु नै चयनात्मक अवतरण हो (लामिछाने, २०७० : ४८) । यसलाई आंशिक अवतरण पनि भनिन्छ ।

**(ख) अलिखित स्रोत**

कुनै लिखित स्रोत वा लिखित साहित्य नभएका कथ्य भाषाबाट सामग्री सङ्कलन गर्न क्षेत्र विधिको प्रयोग गरिन्छ । यस विधिबाट सामग्री सङ्कलन गर्दा मूल भाषाका वक्तालाई मुख्य सूचक मानी सामग्री सङ्कलन गरिन्छ । यसरी सामग्री सङ्कलन गर्दा छनोट गरिएको सूचक सबै खाले वर्ग र समूहको प्रतिनिधित्व गर्न सक्ने हुनुपर्छ । अलिखित स्रोतबाट सामग्री सङ्कलन गर्दा टेपरेकर्डर, प्रश्नावली तथा शब्दपत्तीको प्रयोग गरिन्छ । समय, श्रम र व्ययका दृष्टिकोणबाट हेर्दा लिखित स्रोतबाट भन्दा अलिखित स्रोतबाट सामग्री सङ्कलन गर्नु अत्यन्त कठिन हुन्छ ।

### (इ) प्रविष्टि चयन

कोशमा प्रवेश गराइएको मुख्य कोशीय एकाइलाई प्रविष्टि भनिन्छ । यसलाई शीर्ष वा मूल प्रविष्टि पनि भनिन्छ (लुइटेल, २०५८ : ६०) । कोश सम्पादनमा सामग्री सङ्कलन पश्चात प्रविष्टि चयनमा ध्यान दिनुपर्छ । कोश सम्पादनमा स्तरीयता, एकरूपता, सरलता र सुगमता ल्याउन वैज्ञानिक ढङ्गले शब्दहरूको चयन गरिनुपर्दछ । प्रविष्टिको चयनलाई सर्वप्रथम कोशको प्रकृति, प्रयोजन र आकारले सीमित, व्यापक वा विशिष्ट बनाउँछ । उदाहरणका लागि सन्दर्भपरक कोशमा भाषाका सबै खाले शब्दहरूले प्रविष्टि पाउँदैनन् भने मानक कोशमा औपचारिक परिवेश तथा लेख्य रूपमा प्रयोग भएका शब्दहरू मात्र प्रविष्टि पाउँछन् । प्रविष्टि चयनका सम्बन्धमा निम्नलिखित पक्षमा ध्यान दिनुपर्दछ :

#### (क) प्रचलित शब्द

सम्बन्धित भाषाका बहुप्रचलित शब्दहरू भाषिक प्रयोगका क्रममा बढी आवृत्तिमूलक र प्रयोगशील हुन्छन् । यस्ता आधारभूत शब्दहरूले शब्दकोशको प्रविष्टि चयनमा सबभन्दा बढी प्राथमिकता पाउँछन् ।

#### (ख) अप्रचलित शब्द

पहिले कुनै समयमा बढी प्रचलनमा रहेका शब्दहरू समयको गतिसँगै हाल आएर चलनचल्तीमा कम प्रयोग हुने शब्दहरू नै अप्रचलित शब्द हुन् । जस्तै : माना, पाथी, सूकी आदि । यस्ता शब्दहरूले समकालीन कोशमा भन्दा ऐतिहासिक कोशमा बढी प्राथमिकता पाउँछन् ।

#### (ग) अभिनव शब्द

कुनै पनि सामाजिक-सांस्कृतिक समुदायको भाषामा सांस्कृतिक, धार्मिक, राजनीतिक आदि परिवर्तनपछि देखापर्ने शब्दहरू नै अभिनव शब्द हुन् (ढकाल, २०६५ : २०५) । समयको गतिसँगै कुनै पनि भाषामा दिन प्रतिदिन नयाँ शब्दहरू प्रयोग र प्रचलनमा आउँछन् । समय र परिस्थितिअनुसार शब्दहरूमा फेरबदल भइरहन्छ । अभिनव शब्दहरू स्थिरीकृत भई समाजबाट स्वीकृत प्राप्त गरेपछि शब्दकोशमा प्रविष्टि पाउँछन् । जस्तै : मण्डले, उच्च माध्यमिक, राष्ट्रिय सहमति, जनादेश आदि ।

**(घ) प्राविधिक शब्द**

कुनै खास किसिमको विज्ञान, कला, शिल्प, प्रविधि आदि क्षेत्रसँग सम्बन्धित विशेष अर्थ भएका शब्दहरू नै प्राविधिक शब्द हुन् (लम्साल, २०५७ : १०३) । प्रविष्टि चयनका दृष्टिले यस्ता शब्दहरूले दिने अर्थ साधारण भएमा सामान्य शब्दकोश र विशिष्ट भएमा प्राविधिक शब्दकोशमा स्थान दिनुपर्छ । जस्तै : रस, निकुञ्ज, सर्वेक्षण आदि जस्ता प्राविधिक शब्दका साधारण अर्थ पनि हुने हुँदा यस्ता शब्दलाई सामान्य शब्दकोशमा प्रविष्टि दिनुपर्छ ।

**(ङ) रिक्त शब्द**

कुनै शब्दहरू स्वतन्त्र रूपमा अलग्गै प्रयोग हुन नसक्ने तर कुनै भाषिक संरचनामा भने आउने शब्दलाई रिक्त शब्द भनिन्छ (लम्साल, २०५७ : १०५) । उदाहरणार्थ 'पानीसानी' शब्दमा 'सानी' र 'चराचुरुङ्गी' शब्दमा 'चुरुङ्गी' यस किसिमका शब्द हुन् । यस्ता शब्दलाई मूल प्रविष्टिमा राख्दा प्रतिनिर्देश गर्ने चलन छ । जस्तै : चुरुङ्गी हे. चराचुरुङ्गी ।

**(च) सम्बन्धपरक शब्द**

खास सूचना निर्देश नगर्ने तर जुनसुकै भाषिक संरचनामा प्रयोग हुन सक्ने प्रकार्यात्मक तथा व्याकरणात्मक प्रकृतिका शब्दहरू नै सम्बन्धपरक शब्द हुन् (लामिछाने, २०७० : ५३) । यसमा विभक्ति, संयोजक आदि शब्दहरू पर्दछन् । जस्तै : ले, बरु, तैपनि, के, आदि । यस्ता शब्दहरूलाई शब्दकोशमा यसरी प्रविष्टि दिइएको हुन्छ :

**तर**– संयो. [सं. तर्हि ] त्यसो हो तापनि, परन्तु, किन्तु । (उदा. मेहनत त निक्कै पऱ्यो तर मूल्याङ्कन कस्तो हुन्छ थाहा छैन ।)

**(छ) समस्त शब्द**

समास प्रक्रियाद्वारा बनेका शब्दहरूलाई समस्त शब्द भनिन्छ (लामिछाने, २०७० : ५३) । यस्ता शब्दहरूले विशिष्ट अर्थ बुझाएमा बेग्लै प्रविष्टिमा राखिन्छ भने विग्रह घटककै अर्थ बुझाएमा गौण प्रविष्टिमा राखिन्छ । जस्तै : माछापुच्छ्रे, सभापति जस्ता समस्त शब्दलाई पृथक प्रविष्टिमा र घरखर्च, देशवासी जस्ता शब्दलाई गौण प्रविष्टिमा चयन गरिन्छ ।

**(ज) व्यक्तिवाचक शब्द**

व्यक्तिवाचक नामहरू भाषाको शब्दभण्डारअन्तर्गत पर्दैनन् तापनि यस्ता केही नामहरूको ऐतिहासिक महत्त्व हुने भएकाले यिनको प्रवेश कोशमा आवश्यक ठानिन्छ । जस्तैः जनक, सीता, सगरमाथा, भानुभक्त, लुम्बिनी आदि ।

**(झ) सङ्क्षेप तथा परिवर्णी शब्द**

धेरै चलनचल्तीमा प्रयोग भएका सङ्घ संस्था र कार्यहरूको नाम र कतिपय सन्दर्भमा सरलता र सङ्केतका लागि सङ्क्षेप शब्दहरूको प्रयोग गरिन्छ । जस्तै : त्रि.वि, गोप., रा.स.स., ने.प्र.प्र., युनेस्को आदि । सङ्क्षेप शब्दहरूलाई सामान्यतः परिशिष्टमा दिने प्रचलन भएपनि बहुप्रचलित मूल शब्दलाई भने मूल भागमा प्रविष्टि दिनुपर्छ ।

**(ञ) समुच्चयात्मक अभिव्यक्ति**

दुई वा सोभन्दा बढी शब्दहरू सम्मिलित भई एकीकृत अर्थ प्रदान गर्ने भाषिक संरचना नै समुच्चयात्मक अभिव्यक्ति हो (लम्साल, २०५७ : १०६) । जस्तै : नेपाल सरकार, त्रिभुवन विश्वविद्यालय, सूचना तथा सञ्चार मन्त्रालय आदि । यस्ता शब्दहरूलाई उखान टुक्का सरह नै उपप्रविष्टि दिनु राम्रो मानिन्छ ।

**(ट) सर्ग**

सर्गभित्र उपसर्ग र परसर्ग पर्दछन् । सर्गलाई पनि मूल प्रविष्टि भित्र राख्नुपर्दछ ।

**(ठ) उखान टुक्का र उद्धरण**

उखान टुक्काले कुनै पनि भाषाको निजीपनलाई व्यक्त गर्दछ । कुनै भाषिक समुदायको सामाजिक र साँस्कृतिक पक्षलाई समेटी विशिष्ट अर्थ प्रदान गर्ने काम उखान टुक्काले गर्दछन् । रुढ र स्थिर बनेका विशिष्ट पदावलीलाई मुख्य प्रविष्टिअन्तर्गत र अन्यलाई सामान्य कोशको उपप्रविष्टिमा राखिन्छ । प्रायः उखानहरू मुख्य प्रविष्टिको वर्णानुक्रम अनुरूपभन्दा अर्थको केन्द्रीयतालाई ध्यानमा राखेर समावेश गरिएका हुन्छन् ।

**(ड) निपात**

आफ्नो स्वतन्त्र अर्थ नभई धारणात्मक अर्थ दिने शब्द नै निपात हुन् (लामिछाने, २०७० : ५४) । यिनलाई मूल प्रविष्टिमा स्थान दिनु राम्रो मानिन्छ ।

**(ढ) वर्ण**

स्वर र व्यञ्जन वणलाई मूल प्रविष्टिमा स्थान दिनु राम्रो मानिन्छ ।

**(ण) वैकल्पिक प्रविष्टि**

वैकल्पिक प्रविष्टि भनेको उपप्रविष्टि नभई एउटै अर्थमा प्रयुक्त शब्दका वैकल्पिक रूपहरू हुन् (लामिछाने, २०७० : ५४) । अर्थ एउटै भए पनि शब्दका एकभन्दा बढी बैकल्पिक रूपहरू प्रचलित हुन्छन् । यस्ता शब्दलाई मूल प्रविष्टिमा एकभन्दा बढी ठाउँमा वर्णानुक्रममा देखाउनुपर्छ । जस्तै : सम्झनु/सम्झिनु, बिसौनी/बिसाउनी आदि ।

### २.२.४.२ दोस्रो चरण

कोश सम्पादनको दोस्रो चरण प्रविष्टि विधानको चरण हो । यसमा कोशीय प्रविष्टि र त्यससम्बन्धी सुचना दिने काम गरिन्छ । यसलाई उद्देश्य खण्ड र विधेय खण्ड गरी दुई भागमा विभाजन गरिन्छ :

**(अ) उद्देश्य खण्ड**

शीर्ष शब्दसँग सम्बन्धित सूचनाहरूलाई यस खण्डमा दिइन्छ । जुन यसप्रकार छन् :

**(क) शीर्ष शब्द**

शब्दकोशको प्रविष्टिमा समावेश गरिएका कोशीय एकाइ नै शीर्ष शब्द हुन् (ढकाल, २०६५ : २०७) । यसैलाई मूल प्रविष्टि पनि भनिन्छ । शीर्ष शब्द चयन गर्दा सर्वप्रथम मूलरूप वा आधार रूपको निर्क्योल गरी त्यससँग सम्बन्धित समस्त रूपमा निकै सूक्ष्म दृष्टि पुऱ्याउनुपर्छ । शीर्ष शब्दलाई कोशमा गाढा कालो अक्षरमा प्रायः वर्णानुक्रममा कोशमा प्रस्तुत गरिएको हुन्छ । जस्तै :

**अभिशाप–** ना. *[सं. ]* १. कुनियतपूर्वक गरिएको गाली, सराप, शाप । २. दोष, आरोप । ३. बात, कलङ्क ।

**(ख) हिज्जे**

शीर्ष शब्दको आधिकारिक वर्णविन्यास नै हिज्जे हो (लामिछाने, २०७० : ५५) । शीर्ष शब्दको वर्णविन्यास मौखिक भाषाको उच्चारण विन्यासअनुसार नभई लेख्य भाषाको मानक वर्णविन्यासअनुसार हुने गर्छ । मूल प्रविष्टिमा दिएको वर्णविन्यासलाई त्यस भाषाको शुद्ध र

मानक रूप मानी प्रयोगमा ल्याइन्छ । माथिको उदाहरणमा आएको 'अभिशाप' शब्द नै हिज्जे हो ।

**(ग) उच्चारण**

कोशमा प्रविष्टि दिइएको शब्दको आधिकारिक वा मानक ध्वन्यात्मक रूप नै उच्चारण हो (लामिछाने, २०७० : ५५) । यसले शब्दको उच्चारणमा एकरूपता कायम गर्न सहयोग गर्दछ । विशेष गरी पहिलो भाषी वक्ताहरूका लागि भन्दा दोस्रो भाषी वक्ताहरूका लागि उच्चारण बढी आवश्यक रहेको छ । सबै कोशमा उच्चारणसम्बन्धी सूचना समावेश गरिएको नपाइए तापनि मानक भाषाको उच्चारणको सुझबुझ विकासका लागि भने यसको आवश्यकता देखिन्छ । जस्तै :

**संसार–** /सन्सार **कक्षा–** /कक्छ्या

**(घ) व्याकरण निर्देश**

शब्दकोशमा प्रविष्टि दिइएका शब्दहरूले दिने व्याकरणात्मक अर्थसम्बन्धी सूचना लाई सङ्क्षेपमा सङ्केत गर्नु व्याकरण निर्देश हो (लामिछाने, २०७० : ५५) । यसको मुख्य उद्देश्य प्रविष्टिमा दिइएका शब्दहरूको व्याकरणिक ज्ञान दिलाउनु हो । उद्देश्य र विधेय दुबै खण्डमा यस्ता सूचनाहरू पाइन्छन् । व्याकरण निर्देशले एकातिर शीर्ष शब्दको स्वरूप पहिल्याउन मद्दत गर्दछ भने अर्कातिर विधेय खण्डमा उल्लेख हुने अर्थसम्बन्धी सूचना पहिचान गर्न मद्दत गर्दछ । यसले शब्दको व्याकरणात्मक कोटिगत सूचना तथा सकर्मक, अकर्मक, प्रेरणार्थक जस्ता क्रियाको रूपगत सूचना प्रदान गर्दछ । जस्तै :

छोरो – ना. (बहु/ति. छोरा, स्त्री : छोरी)

**(ङ) स्रोत निर्देश**

प्रविष्टिमा दिइएको शीर्ष शब्द कुन भाषाको हो र त्यसको मूलस्रोत कुन हो भन्ने कुरा कोशमा उल्लेख गर्नु नै स्रोत निर्देश हो (लुइटेल, २०५८ : ६४) । शब्दको मूलस्रोतसम्बन्धी ज्ञानका लागि यसको आवश्यकता पर्दछ । नेपाली भाषाको वर्णविन्यास कतिपय स्थितिमा शब्दको स्रोतमा आधारित रहेकाले स्रोत निर्देश सूचनाले नेपाली वर्णविन्यासको स्वरूपलाई पहिचान गर्न समेत मद्दत मिल्दछ । जस्तै :

**अक्षता** (सं.) **सहर** (फा. शहर) **पूर्वीय** (तत्स.)

**(च) व्युत्पत्ति**

व्युत्पत्ति भन्नाले रूप र अर्थका दृष्टिले कुनै शब्दको विकासक्रम निर्देश गर्नु हो (लम्साल, २०५७ : ११६) । शब्दहरूको माउ रूप पहिल्याउनका निम्ति शब्दकोशमा व्युत्पत्तिको प्रमुख भूमिका रहन्छ । कोशमा व्युत्पत्ति दिदा कुनै शाब्दिक एकाइको विकास, मूलस्रोत, मूलघटक, ध्वन्यात्मक तथा अर्थात्मक विकास र अन्य भाषाको सहरूपसँग तुलना अङ्कित गरिन्छ र सामान्य प्रविष्टिको अर्थभन्दा अगाडि कोष्ठकभित्र राखिन्छ । व्युत्पत्तिलाई ऐतिहासिक र समकालीन गरी दुई तरिकाबाट देखाउने चलन छ । जस्तै :

**मिठो** – [ ? मिष्ट ] **सिङ्गो** – [< सिङ्गल ] (ऐतिहासिक व्युत्पत्ति)

**अत्यधिक** – [अति + अधिक] **घरेलु** – [घर + एलु] {समकालीन व्युत्पत्ति (सर्गको विच्छेद)}

**(आ) विधेय खण्ड**

शीर्ष शब्दको अर्थ र अर्थ विधानसम्बन्धी विवरण तथा सूचनाहरू समेटिएका भाग नै विधेय खण्ड हो (लामिछाने, २०७० : ५५) । शीर्ष शब्दको आर्थी सूचना दिने भएकाले यसलाई कोशको नाभिकीय पक्षका रूपमा हेरिन्छ । कोशमा प्रविष्टि गरिएका प्रत्येक शब्दहरूको अर्थ निर्देश गर्न त्यस शब्दको प्रकृति र प्रयोगको स्थितिलाई ख्याल गर्नुपर्छ । यस खण्डमा प्रत्येक कोशीय एकाइको विभिन्न तरिकाले अर्थविधान गरिन्छ :

**(क) परिभाषीकरण**

कोशीय शब्दहरूको धारणा स्पष्ट पार्न शब्दको परिभाषा दिने युक्ति नै परिभाषीकरण हो (अधिकारी, २०६७ : २२३) । यसमा शब्दको वर्णन, व्याख्या र परिचय दिइन्छ । शब्दको परिभाषीकरण भनेको एउटा शब्दलाई अरू शब्दद्वारा अर्थ्याउन खोज्नु हो । शब्दको परिभाषीकरण गर्ने क्रममा अतिव्याप्ति दोष र परिभाष्य शब्दको चक्रियतासम्बन्धी दोषबाट जोगिएर सङ्क्षिप्त, निष्पक्ष र सान्दर्भिक ढङ्गले परिभाषा दिनुपर्छ । जस्तै :

**प्रवीण–** ना. [ सं. ]१ कुनै पनि कार्य सम्पन्न गर्नमा सिप भएको, सिपालु, निपुण, कुशल । २. वीणा बजाउन जान्ने ।

**(ख) पर्याय**

समान अर्थ बुझाउने शब्दलाई पर्याय भनिन्छ (ढकाल, २०६५ : २०९) । कोशमा शीर्ष शब्दको अर्थलाई स्पष्ट पार्न प्रर्याय शब्दहरूको प्रयोग गरिन्छ । यस्ता शब्दको अर्थ दिँदा परिचित शब्दबाट अपरिचित शब्दलाई बुझाउँनुपर्दछ । यसरी शब्दको पर्यायवाची अर्थ दिँदा शीर्ष शब्द जुन वर्गमा छ सोही वर्गअनुसार अर्थ दिनु उचित हुन्छ । जस्तै :

**चक्षु** – ना. *[सं. ]* आँखा, नेत्र, लोचन ।

**(ग) विपर्याय**

शीर्ष शब्दको उल्टो अर्थ दिने शब्दलाई विपर्याय भनिन्छ (लामिछाने, २०७० : ५६) । कतिपय सन्दर्भमा शब्द स्पष्ट पार्न परिभाषा र पर्याय शब्दहरूले मात्र नभई विपर्याय शब्दहरूको समेत प्रयोग गर्नुपर्छ । जस्तै :

**अँध्यारो** – ना. उज्यालो          **सन्तुष्ट** – असन्तुष्ट

**(घ) उदाहरण**

कोशीय एकाइहरूको अर्थगत विशेषता व्यक्त गर्न शाब्दिक उदाहरणको रूपमा गरिने प्रासङ्गिक प्रयोगलाई उदाहरण भनिन्छ (लम्साल, २०५७ : १३२) । कोशमा रहेका सबै शीर्ष शब्दहरूको उदाहरण दिन नसकिने भए तापनि उखान टुक्का जस्ता शब्दहरूमा भने उदाहरणको महत्त्व अनिवार्य रहेको हुन्छ । यस्ता उदाहरण दिँदा आफैँले निर्माण गरेका भन्दा कुनै सङ्कथनमा व्यक्त गरिएका उदाहरणलाई समावेश गर्नु राम्रो मानिन्छ । जस्तै :

**अनारदाना** – ना.१ अनार फलभित्रको रसदार स्वादिलो गेडो । वि.२ अनारको दानाजस्तो । (उदा. अनारदाना दाँतका लहर खोलेर हाँसन (मुनामदन–लक्ष्मीप्रसाद देवकोटा) ।

**(ङ) चित्राङ्कन**

कोशीय एकाइको अर्थ स्पष्ट गर्ने चित्र, रेखाचित्र प्रस्तुत गर्नुलाई चित्राङ्कन भनिन्छ (ढकाल, २०६५ : २११) । दुर्लभ वनस्पति, पशुपन्छी, कुनै वस्तु, ठाउँ, उपकरण आदिको आकृति र प्रकृति बुझ्न चित्रको विशेष महत्त्व रहन्छ । तर कोशकारहरूले यस पद्दतिको प्रयोग भने त्यति गर्न सकेको भेटिदैन ।

**(च) विवृत्ति**

शीर्ष शब्दको अर्थलाई थप स्पष्ट पार्नका लागि शब्दको अर्थ दिइसकेपछि त्यसबारे दिइने छोटो टिप्पणी वा व्याख्यालाई विवृत्ति भनिन्छ (अधिकारी, २०६७ : २२८) । विवृत्तिले शब्दको अर्थगत, व्याकरणात्मक र प्रयोग सन्दर्भगत आदि विशेषतालाई औँल्याउने काम गर्दछ । यसलाई कोष्ठकमा जनाइन्छ । जस्तै :

**अस्त्र** – ना. [ सं. ] फ्याँकेर प्रहार गरिने हतियार, क्षेप्यास्त्र (भाला, वाण आदि) ।

**छोरो** – ना. ( बहु./ति. छोरा, स्त्री : छोरी ) ।

**(छ) बीजक**

कोशीय एकाइको कार्य विषय तथा स्तर र प्रयोग क्षेत्रलाई जनाउन प्रयोग गरिने कुनै शब्द वा पदावलीलाई बीजक भनिन्छ (लम्साल, २०५७ : १२४) । कोशमा यसको मुख्य प्रयोजन न्यूनतम स्थानमा अधिकतम सूचना दिनु हो । बीजकले शब्दको प्रकार्यपरक (व्याकरणिक अर्थ), विषयपरक (कानुन, साहित्य, कृषि, विज्ञान आदि) र स्तरपरक (शिष्ट, ग्राम्य, गाली, भाषिका, स्थानिय भेगका नाम आदि) शब्दको प्रयोग क्षेत्रलाई सङ्केत गर्ने काम गर्दछ । जस्तै :

**कोश**– ना. **लेख्नु** – स. क्रि. (व्याकरण)

**इजलास**– ना. [ अ. ] मुद्दामामिलाको काम गर्ने न्यायिक निकाय, अदालत, सभा बैठक (कानुन)

**घिच्नु** – खानु (गाली) **सुपो** – नाङ्लो (भाषिका)

**(ज) प्रतिनिर्देश**

कोशीय एकाइसँग अन्य शब्दको पारस्परिक सम्बन्ध देखाउनु नै प्रतिनिर्देश हो (लम्साल, २०५७ : १२९) । यसको अर्थगत समानता, असमानता र पूरकताका आधारमा कोशीय एकाइहरूको अन्तर्सम्बन्धलाई निर्देश गर्छ । यसले कोशीय सूचनाहरूलाई सङ्गठित र सङ्क्षिप्त बनाउँछ । कोशकारले खास शब्दको अर्थ अर्को शब्दसँग मिल्ने कुरालाई हेर्नु व्यक्त निर्देश हो भने कोशकारले कुनै निर्देश शब्दको प्रयोग नगरी परिभाषा, पर्याय, विपर्याय, समावेशात्मक जस्ता साधनबाट अन्तर्निहित रूपमा स्वतः प्रतिनिर्देश गर्ने गरिन्छ भने त्यसलाई अव्यक्त प्रतिनिर्देश भनिन्छ । जस्तै :

**अर्नी** – हे. खाजा (व्यक्त प्रतिनिर्देश) **अँध्यारो** – विप. उज्यालो (अव्यक्त प्रतिनिर्देश)

### २.२.४.३ तेस्रो चरण

कोश सम्पादनको तेस्रो चरण रूपविधानको चरण हो । यो कोशको अन्तिम चरण भएकाले यसमा कोशमा सम्बद्ध सबै सामग्रीहरूलाई प्रयोक्ताको आवश्यकता र कोशको प्रयोजनअनुसार सहज किसिमले समावेश गरी तिनलाई क्रमबद्ध तरिकाले व्यवस्थित गरेर मुद्रण गर्ने काम गरिन्छ । यस चरणका आधारभूत पक्षहरूलाई यसरी चर्चा गर्न सकिन्छ :

**(अ) प्रविष्टि अनुक्रम**

कुनै निश्चित आधारअनुसार कोशीय एकाइको व्यवस्थित रखाइक्रम नै प्रविष्टि अनुक्रम हो (लामिछाने, २०७० : ५८) । यो हेर्दा सामान्य जस्तो लागे पनि कोशमा भूमिका भने महत्त्वपूर्ण रहेको हुन्छ । यसको आधारमा नै कोशले वैज्ञानिकता पाउने गर्दछ भने अन्य विषयको सापेक्षतामा कोशको वैशिष्ट्यता चिनाउने गर्दछ । प्रविष्टि अनुक्रमलाई तिन किसिमले हेर्न सकिन्छ :

**(क) वर्णानुक्रम**

शब्दहरूको वर्णानुक्रमलाई सम्बन्धित भाषाको वर्णमालाअनुसार पहिलो, दोस्रो आदि वर्णानुक्रमबाट उठेका शब्दहरूलाई क्रमिक रूपमा शब्दकोशमा स्थान दिइन्छ । यसमा चन्द्रविन्दु, शिरविन्दु, विसर्गलाई क्रमशः वर्णक्रमको सबैभन्दा अगाडि राखिन्छ भने क्ष, त्र, ज्ञ लाइ क्रमशः क, त, ज वर्णक्रममा राखिन्छ । शब्दकोशको आदि, मध्य र अन्त्य भागसम्म वर्णानुक्रमको स्थिति भङ्ग हुन दिनुहुँदैन ।

(ख) **विषयानुक्रम**

विषयानुक्रमलाई विचारपरक, आर्थी वा वर्गात्मक अनुक्रम पनि भनिन्छ । यसमा कुनै ठाउँमा वनस्पति कुनै ठाउँमा शारीरिक अवयव अनि कुनै ठाउँमा जनावर जनाउने शब्दहरू राखी विषयानुरूप वर्गीकरण गरिन्छ (लम्साल, २०५७ : १३६) । यस्ता कोशमा कुनै एक विषयका पछि अर्को विषयका शब्दहरूलाई क्रमशः अनुक्रम गरिन्छ । **कुलचन्द्र गौतमको** '**अमरकोश**' विषयानुक्रममा आधारित कोश हो ।

**(ग) विविध अनुक्रम**

यसमा वर्णानुक्रम र विषयानुक्रम बाहेकका अन्य सबै अनुक्रमलाई समावेश गरिएको हुन्छ । विचार, सुर, ताल, धातु, व्युत्पादन आदि जस्ता अनुक्रममा आधारित हुने कोश नै विविध अनुक्रम हो ।

**(आ) प्रविष्टि विन्यास**

कोशमा रहेका प्रत्येक कोशीय एकाइ र त्यससम्बन्धी विवरणको सङ्कलन गर्ने कार्यलाई नै प्रविष्टि विन्यास भनिन्छ (लम्साल, २०५७ : १३७) । यो दुई प्रकारको हुन्छ :

**(क) मूल प्रविष्टि**

कोशको बाँया भागमा रहेको गाढा अक्षरको प्रयोग गरी जनाइने शीर्ष शब्दलाई मूल प्रविष्टि भनिन्छ (लामिछाने, २०७० : ५९) । यसलाई कोशमा वर्णानुक्रमअनुसार समावेश गरिएको हुन्छ । जस्तै :

**अभिव्यक्त** – ना. *[ सं. ]* राम्ररी व्यक्त गरिएको, राम्रोसँग प्रकट गरिएको ।

**आदिम** – वि. *[ सं. ]* पहिलो, आदिकालीन, प्राचीन, पुरानो ।

**(ख) उपप्रविष्टि**

उपप्रविष्टि भन्नाले शीर्ष शब्दको गर्भ वा पेटबोलीमा रहेको भाग हो (लामिछाने, २०७० : ५९) । बारम्बार मूल प्रविष्टिको पुनरावृत्तिलाई रोक्न यसको प्रयोग गरिन्छ । उपप्रविष्टिले कोशमा न्यूनतम स्थानमा अधिकतम सूचना दिन र सूचनाको प्रस्तुतिमा सङ्क्षिप्तता ल्याउन सहयोग गर्दछ । यसलाई नीडन चिह्न ( ~ ) ले देखाइन्छ । जस्तै :

**आक्रमण** – ना. *[ सं. ]* बलपूर्वक सीमा उललङ्घन गरेर अर्काको राज्य वा भूभागमा गरिने हमला । ~ **कारी** – वि. आक्रमण गर्ने वा हमला गर्ने ।

**(इ) नीडन**

कोशमा शीर्ष शब्दको उपप्रविष्टिलाई जनाउन नीडन चिह्नको प्रयोग गरिन्छ । नीडन मूल प्रविष्टिको विस्तारको रूपमा आएको हुन्छ । यसले शीर्ष शब्दहरूको पुनरावृत्तिलाई रोक्ने काम गर्दछ । व्युत्पन्न शब्द, समास शब्द र उखान टुक्कालाई उपप्रविष्टिमा राख्दा नीडन ( ~ ) चिह्नको प्रयोग गरिन्छ । जस्तै :

**कष्ट**–ना. *[सं.]* कुनै अभाव वा न्यूनताका कारणले हुने नरमाइलो तथा दुःखको अनुभव, पीडा, सङ्कट । ~ **कर**– वि. कष्ट दिने, कष्ट पुचाउने, कष्ट हुने । ~ **कल्पना** –ना. प्रयोगमा ल्याउन कठिन हुने कल्पना वा सोचाइ ।

### (ई) संसक्त प्रविष्टि

अर्थ, उदाहरण, टिप्पणी आदि समावेश नगरिएको कोशीय प्रविष्टिमा रहने उपप्रविष्टि र नीडन समानको भाग नै संसक्त प्रविष्टि हो (लम्साल, २०५७ : १४३) । नेपाली भाषामा ता, नु, ने, न जस्ता प्रत्ययलाई जनाउन यसको प्रयोग गरिन्छ । जस्तै :

**सक्रिय–** वि. *[सं.]* लगनको काम गर्ने वा काममा दत्तचित्र भएको; क्रियात्मक रूपमा लागिरहने, गतिशील ~ **ता** ना. ।

### (उ) चिह्न प्रयोग

चिह्नहरूको सही प्रयोगले कोशलाई व्यवस्थित बनाउने काम गर्दछ । कोश सम्पादन गर्दा सामान्यतः यस किसिमका चिह्नहरूको प्रयोगमा सतर्कता अपनाउनु पर्दछ :

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्णविराम | । | अल्पविराम | , | अर्धविराम | ; |
| प्रश्नवाचक | ? | योजक/निर्देशक | – | विस्मयादिबोधक | ! |
| नीडन | ~ | वाण | ← | विकल्प | / |
| सङ्क्षेपीकृत | . | समानान्तर | = | तारा | * |
| ठूलो कोष्ठक | [ ] | सानो कोष्ठक | ( ) | एकल उद्धरण | ‘ ’ |
| दोहोरो उद्धरण | “ ” | अगाडि देखाउने व्युत्पन्न | < | पछाडि देखाउने व्युत्पन्न | > |

### (ऊ) पूर्वोत्तर भागको संयोजन

यसमा कोशको पूर्व भागमा रहेका भूमिका, कृतज्ञताज्ञापन, परिचय, कोश निर्देशिका आदि पक्षलाई व्यवस्थापन गर्नुका साथै उत्तर भागको परिशिष्टमा रहेका पक्षहरूको समेत व्यवस्थापन गर्ने काम गरिन्छ । यो कार्यसँगै कोश सम्पादनको प्रक्रिया पनि समाप्त हुन्छ ।

सामान्यतः कोश सम्पादन भन्नाले कुनै पनि वस्तुको सङ्ग्रह वा सङ्कलन भन्ने बुझिन्छ । विशिष्ट अर्थका सापेक्षतामा कोश बनाउने कार्यलाई नै कोश सम्पादन भनिन्छ । कोश सम्पादन प्रक्रियालाई मोटामोटी तिन चरणमा विभाजन गरिएको छ । पहिलो चरणअन्तर्गत कोश निर्माण योजना, सामग्री सङ्कलन र प्रविष्टि चयनका कुराहरू पर्दछन् । यस चरणलाई कोश सम्पादन प्रक्रियाको आयोजनाको चरण पनि भनिन्छ । त्यस्तै दास्रो चरणअन्तर्गत उद्देश्य खण्डमा शीर्ष शब्द, हिज्जे, उच्चारण, व्याकरण निर्देश, स्रोत निर्देश,

व्युत्पत्ति पर्दछन् भने विधेय खण्डमा शीर्ष शब्दको परिभाषा, पर्याय, विपर्याय, उदाहरण, चित्राङ्कन, विवृत्ति, बीजक, प्रतिनिर्देश पर्दछन् । कोश सम्पादनको दोस्रो चरणलाई प्रविष्टि विधानको चरण भनिन्छ । कोश सम्पादनको अन्तिम चरणलाई रूपविधानको चरण भनिन्छ । यस चरणअन्तर्गत अनुक्रम, प्रविष्टि विन्यास, नीडन, संसक्त प्रविष्टि, चिह्न प्रयोग र पूर्वोत्तर भागको संयोजन जस्ता पक्षहरू पर्दछन् ।

# अध्याय तिन

# शोधविधि र प्रक्रिया

## ३.१ शोधविधि

निश्चित समस्यामा आधारित शोधलाई उद्देश्यपूर्ण बनाउन शोधविधिको आवश्यकता पर्दछ । शोधकार्य प्रारम्भ गर्दा कस्तो विधि, प्रक्रिया र सामग्रीको उपयोग गरेर सम्पन्न गर्न सकिन्छ भन्ने कुराको खाका वा योजनालाई नै शोधविधि भनिन्छ । शोधविधिले शोधकार्यलाई सरल र व्यवस्थित ढङ्गले सम्पन्न गर्ने काम गर्दछ । शोधकार्यको क्रममा प्रयोग गरिने नमुना छनोट, तथ्याङ्क र तिनका स्रोतहरू, तथ्याङ्क सङ्कलनको प्रक्रिया यसको विश्लेषण र प्रस्तुति जस्ता पक्षको निर्धारण यसमा गरिएको हुन्छ ।

प्रस्तुत शोधकार्य सैद्धान्तिक प्रकृतिको भएकाले निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिका लागि मूल रूपमा पुस्तकालयीय विधिको उपयोग गरिएको छ भने आवश्यकताअनुसार सामग्री सङ्कलन विधिको समेत प्रयोग गरिएको छ । उक्त सामग्रीबाट सङ्कलन गरिएका शब्दहरूलाई वर्णानुक्रममा राखेर व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरी नमुना शब्दकोश निर्माण गरिएको छ ।

## ३.२ शोध प्रक्रिया

प्रस्तुत शीर्षकको शोधका लागि निम्नानुसारका प्रक्रिया अपनाइएको छ :

### ३.२.१ सामग्री सङ्कलनका स्रोत

प्रस्तुत शोधसँग सम्बन्धित सामग्रीहरूलाई दुई स्रोतबाट सङ्कलन गरिएको छ :

#### ३.२.१.१ प्राथमिक स्रोत

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण शीर्षकमा आधारित प्रस्तुत शोधकार्यमा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडद्वारा प्रकाशित कक्षा नौ (२०७३) को नेपाली विषयको पाठ्यपुस्तकलाई प्राथमिक स्रोत सामग्रीको रूपमा उपयोग गरिएको छ ।

#### ३.२.१.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यमा द्वितीयक स्रोतका सामग्रीका रूपमा विभिन्न प्रकाशन गृहबाट प्रकाशित सैद्धान्तिक ग्रन्थ, शब्दकोश, पाठ्यपुस्तक, पत्रपत्रिका, लेख रचना, शोध, अनुसन्धान

तथा शोध निर्देशक लगायत विभिन्न विद्वान, विदुषी तथा सहपाठीहरूबाट प्राप्त रायसुझाव, सरसल्लाह तथा टीका टिप्पणीलाई उपयोग गरिएको छ ।

## ३.३ सामग्री विश्लेषण प्रक्रिया

प्रस्तुत शोधकार्यका लागि नेपाल सरकार, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमी भक्तपुरबाट प्रकाशित कक्षा नौको नेपाली विषयको पाठ्यपुस्तकलाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिइएको छ । सैद्धान्तिक परिचय, पूर्वकार्यको समीक्षा, उपयोगिता र महत्त्वलाई स्पष्ट पार्नका लागि द्वितीयक सामग्रीको रूपमा विभिन्न सन्दर्भ पुस्तकहरू, सैद्धान्तिक ग्रन्थ, शब्दकोशहरू पत्रपत्रिका, लेखरचना, शोधपत्रहरूका साथै शोध निर्देशक तथा सहपाठीहरूबाट प्राप्त राय सुझाव र सरसल्लाहलाई उपयोग गरिएको छ ।

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि गुणात्मक ढाँचाको निगमनात्मक पद्धतिभित्र रहेर पुस्तकालयीय विधि, व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यस कार्यमा केन्द्रित रहेर अध्ययन अनुसन्धान गर्दा विशेषतः कक्षा नौको नेपाली पाठ्यपुस्तकबाट शब्दहरू सङ्कलन गरी ती शब्दहरूलाई कोशमा प्रविष्टि दिई स्रोत, हिज्जे, उच्चारण, व्याकरण निर्देश, व्युत्पत्ति, अर्थ, पर्याय, विपर्याय उदाहरण, प्रयोग आदि सूचनाहरूलाई हेर्ने काम गरिएको छ । यसका साथै कोशमा प्रविष्टि दिइएका शब्दहरूलाई स्रोत, पदवर्ग र उच्चारण तथा व्युत्पादनका आधारमा विश्लेषण गरिएको छ ।

# अध्याय चार

# नमुना शब्दकोश निर्माण र विश्लेषण

## ४.१ पृष्ठभूमि

कुनै पनि भाषामा रहेका शब्दसम्बन्धी सूचनालाई प्रयोजनअनुसार व्यवस्थित रूपमा बनाइएको ग्रन्थ, शब्दहरूको सङ्ग्रहलाई शब्दकोश भनिन्छ । यसमा शब्दहरूको सूची मात्र नदिई शब्दसम्बन्धी उच्चारण, स्रोत, व्युत्पत्ति, शब्दवर्ग, अर्थ, उदाहरण, प्रयोग आदि जस्ता सूचनाहरू समावेश गरिएका हुन्छन् ।

प्रस्तुत शोधपत्र पनि यी विविध सन्दर्भ र प्रसङ्गमा आधारित भएर तयार गरिएको छ । यसअन्तर्गत शब्दहरूलाई सङ्कलन गरी ती शब्दहरूलाई वर्णानुक्रममा प्रविष्टि दिनुका साथै उक्त शब्दहरूको स्रोत निर्देश र व्याकरणात्मक कोटिसम्बन्धी जानकारी गराउने प्रयास गरिएको छ । यसका अतिरिक्त शब्दसम्बन्धी बोलाइ र लेखाइमा देखापर्ने भिन्नतालाई मध्यनजर गर्दै शब्दहरूको उच्चारण, शब्दको व्युत्पत्तिलगायत अर्थ, उदाहरण र प्रयोग पनि दिइएको छ ।

प्रस्तुत शोधपत्र कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माणसँग सम्बन्धित भएकाले यहाँ सो तहका विद्यार्थीहरूको समस्यालाई केन्द्रमा राखी नमुना शब्दकोश निर्माण गरिएको छ । उक्त शब्दकोशमा प्रविष्टि पाएका शीर्ष शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, शब्दवर्ग, अर्थ, उदाहरण र प्रयोग दिइएको छ ।

## ४.२ नमुना शब्दकोश निर्माण

प्रस्तुत शोधकार्यमा कक्षा नौमा नेपाली पाठ्यपुस्तकबाट लिइएका शब्दहरूलाई नमुना शब्दकोशमा निम्नानुसार उल्लेख गरिएको छ :

**अ**

अँगालो - /अँगालो/ [अँगाल्+ओ] ना. १. दुबै हात फैलाउँदा अट्ने वस्तु वा त्यसको परिमाण (उदा. एक अँगालो घाँस/दाउरा) । २. घनिष्ठ सम्बन्ध, आत्मीयता (उदा. अँगालो मार्नु) । दाइले भाइलाई अँगालो मार्नुभयो ।

अकस्मात् - /अकस्मात्/ (तत्स.) क्रियो. अचानक, एक्कासि, एकाएक । घाम लाग्दालाग्दै अकस्मात् पानी पऱ्यो ।

अक्षय कोष - /अक्छ्यय, अच्छ्यय कोस्/ (तत्स.) ना. मूल धन नमासिने गरी बैङ्कमा राखिएको ढुकुटी । गरिब बालबालीकाको पठनपाठनका लागि बैङ्कमा अक्षय कोष राखियो ।

अखण्डता - /अखन्डता/ (तत्स.) [अखण्ड+ता] ना. अटुटपना, सिङ्गोपन, अविभाज्यता (उदा. राष्ट्रिय अखण्डता) । हामीले हाम्रो राष्ट्रिय अखण्डतालाई जोगाइ राख्नुपर्छ ।

अगेनो - /अगेनो/ [< आगो+एनो] ना. घरको मझेरीमा आगो बाल्न बनाइएको खाल्डो, अग्निकुण्ड । ऊ जाडोको बेला अगेनाको डिलमा बसिरहन्छ ।

अचेत - /अचेत्/ (तत्स.) [अ+चेत] वि. चेत नभएको, होस नआएको, बेहोस । दुर्घटनामा परेको मानिसलाई अचेत अवस्थामा नै अस्पताल पुऱ्याइयो ।

अजैमिर - /अजैमिर्/ ना. प्राचीन डोटी राज्यको राजधानी, डडेलधुरा जिल्लामा पर्ने एक ऐतिहासिक ठाउँ । प्राचीन डोटी राज्यको राजधानी अजैमिर थियो ।

अट्टहास - /अट्टहास्/ (तत्स.) [अट्ट+हास] ना. खित्का छोडेर हाँस्ने काम, ठुलो स्वरको हाँसो । हास्यकलाकारको अभिनय हेरेर सभाकक्षमा अट्टाहास चल्यो ।

अथक - /अथक्/ (तत्स.) [< अ+थाक्] वि. कहिल्यै नथाकने, निरन्तर लागि रहने (उदा. अथक प्रयास, अथक परिश्रम) । उसको अथक प्रयासले गर्दा काम सफल भयो ।

अनकन्टार - /अन्कन्टार्/ [अन+कन्टार] ना. १. निर्जन ठाउँ, एकान्त स्थल । २. मानिस हिँडडुल नगर्ने एकलासे बाटो । अनकन्टार जङ्गलमा एक्लै हिँड्दा डर लाग्छ ।

अनुकूल - /अनुकुल्/ (तत्स.) [अनु+ कूल] वि.१. आफूले चिताए जस्तो, इच्छा, आवश्यकता अनरूपको (उदा. अनुकूल व्यवहार, अनुकूल हावापानी) । २. समय तथा वातावरणका दृष्टिले उपयुक्त । किसानहरूले मौसम

अनुकूलको बाली लगाउनुपर्छ । ना. ३ आफूलाई मिल्दो कुरा वा सुहाउँदो स्थिति । जो पनि आफ्नो अनुकूल खोज्छ ।

अनुदान - /अनुदान्/ (तत्स.) [अनु+दान] ना. कुनै खास कार्य सञ्चालनका लागि कुनै सङ्घसंस्थालाई दिइने नियमित वा एकमुष्ट आर्थिक सहयोग । सरकारले सार्वजनिक विद्यालयहरूको सञ्चालनका लागि वार्षिक अनुदान दिने गर्छ ।

अनुप्रेरणा- /अनुप्रेरणा/ (तत्स.) [अनु+प्रेरणा] ना. कसैलाई कुनै कार्यप्रति प्रेरित गर्ने काम, अभिप्रेरणा, हौसला । उसलाई नेपाली पढ्ने अनुप्रेरणा आफ्ना गुरुबाट मिल्यो ।

अनुभूति - /अनुभुति/ (तत्स.) [अनु+भूति] ना. १. इन्द्रियबाट ग्रहण हुने संवेदना, अनुभव, बोध । उसका केटाकेटीलाई कहिल्यै अभावको अनुभूति भएन । २. मानसिक संवेदना, संवेग, कल्पना । उनीहरूका कुरा सुन्दा मलाई निराशाको अनुभूति भयो । ३. भोगाइ । जीवनका अनुभूतिलाई आफ्ना निबन्धमा व्यक्त गरिएको छ ।

अनुसन्धान - /अनुसन्धान्/ (तत्स.) [अनु+सन्धान] ना. १. कुनै कुराको खोज, जाँचबुझ, छानबिन । दोषी पत्ता लगाउन प्रहरीले अनुसन्धान गर्दै छन् । २. खोजपूर्ण अध्ययन, अन्वेषण, शोध । उनी नेपालका भाषाहरूबारे अनुसन्धान गर्दैछन् ।

अपराध - /अपराध्/ (तत्स.) [अप+राध] ना. कानुन विरुद्धको आचरण, सामाजिक, धार्मिक आदि मर्यादाबाट विपरित मानिने कार्य, कसुर । अर्काको धनमाल चोर्नु अपराध हो ।

अपेक्षा - /अपेक्छ्या, अपेच्छया/ (तत्स.) [< अप+ईक्ष+आ] ना. १. कुनै कुरा पाउने इच्छा, चाहना, आशा । मैले तिमीबाट ठुलो सहयोगको अपेक्षा राखेको छु । २. दाँजो, तुलना । गत सालको अपेक्षामा यसपालि धानको उत्पादन बढ्ने देखिन्छ ।

अप्रत्याशित - /अप्रत्त्यासित्/ (तत्स.) [अ+प्रत्यासित] वि. १. आशा वा अपेक्षा नगरिएको, नसोचिएको । खोलामा अप्रत्याशित बाढी आएकाले आवतजावत बन्द भयो ।

२. अचानक भएको, आकस्मिक । (उदा.) अप्रत्याशित आगमन, अप्रत्याशित घटना) ।

अब्बल - /अब्बल्/ (आ.) वि. १. उच्च दर्जाको, उत्कृष्ट उत्तम श्रेष्ठ । नारायण गोपाल नेपालका अब्बल गाएक थिए । २. जग्गाका चार तहमध्ये पहिलो तह । उसको त्यो खेत अब्बल दर्जामा पर्छ ।

अभिनन्दन - /अभिनन्दन्/ (तत्स.) [अभि+नन्द +अन] ना. कुनै व्यक्तिले विशिष्ट कार्य वा योगदान दिएबाफत उसलाई गरिने सार्वजनिक सम्मान वा प्रशंसा । विद्यालयमा प्रधानाध्यापक भई धेरै वर्ष सेवा गरे बाफत उहाँलाई अभिनन्दन गरियो ।

अभिवृद्धि - /अभिब्रिद्धि/ (तत्स.) [अभि+वृद्धि] ना. कुनै वस्तु, विषय, सङ्ख्या आदिमा हुने विस्तार वा फैलावट, थोरैबाट धेरै हुनाको स्थिति; वृद्धि प्रगति । यस वर्ष चिया उत्पादनमा दस प्रतिशतले अभिवृद्धि भएको छ ।

अभीष्ट - /अभिस्ट/ (तत्स.) [अभि+इष्ट] ना. इच्छाएको कुरा, प्रिय कुरा, चाहेको वस्तु वा विषय । उसको अभीष्ट भन्नु नै समाजसेवा हो ।

अमर - /अमर्/ (तत्स.) [अ+मर] वि. कहिल्यै नमर्ने, चिरञ्जीवी सधैँ रहिरहने । देवकोटा नेपाली साहित्यका अमर व्यक्तित्व हुन् ।

अर्जुन दृष्टि - /अर्जुन् द्रिस्टि/ (तत्स.) ना. अर्जुनको जस्तो लक्ष्यमा एकाग्र हुने दृष्टि, हेराइ । अर्जुन दृष्टिले आफ्नो लक्ष्यमा लागेमा अवश्य सफल भइन्छ ।

अर्पण - /अर्पण्/ (तत्स. ) [अर्प+अन] ना. १ श्रद्धापूर्वक दिने वा चढाउने काम, समर्पण, दान । २. निःस्वार्थभावले कसैलाई दिइने दान । भगवान्लाई पुष्प गुच्छा अर्पण गरियो ।

अर्बुद - /अर्बुद्/ (तत्स.) ना. क्यान्सर रोग । उनी अर्बुद रोगबाट पीडित छन् ।

अवकाश - /अबकास्/ (तत्स.) [अव+काश] ना. सेवा वा कार्यबाट मुक्ति, घुटकारा, बरखास्त, विप. बहाली । उनले नोकरीबाट अवकाश लिए ।

अवलम्बन - /अबलम्बन्/ (तत्स.) [अव+लम्ब+अन] ना. १. भरोसा लिने काम, आड, आश्रय, टेवा । २. ग्रहण वा धारण गर्ने काम, अङ्गीकार (उदा. धर्मको अवलम्बन, सिद्धान्तको अवलम्बन) । आङसान सुकीले आफ्ना छोराहरूलाई बौद्ध धर्म अवलम्बन गर्न अभिप्रेरित गरिन् ।

अवशेष - /अबसेस्/ (तत्स.) [अव+शेष] ना. १ बचेको वस्तु, शेष, बाँकी अंश । घरमा आगलागी भएपछिका केही अवशेष उनीहरूले बटुलेका छन् । २. पुरानो वा दुर्लभ सामग्री, भग्नावशेष । लुम्बिनीमा बुद्धकालीन अवशेषहरू भेटिएका छन् ।

अवहेलना- /अबहेलना/ (तत्स) [अव+हेलन+आ] ना. हेला वा घृणा गर्ने काम; तिरस्कार; अपमान । असल मानिसले कसैको पनि अवहेलना गर्नुहुँदैन ।

अश्लील - /अस्स्लिल्/ (तत्स) [अ+श्लील] वि. लज्जास्पद, घिनलाग्ने, छाडा । उसको बोलीमा अश्लील शब्द धेरै हुन्छन् ।

अस्तित्व- /अस्तितत्व/ (तत्स.) [अस्ति+त्व] ना. १. कुनै वस्तु, व्यक्ति आदि छँदा वा रहँदाको स्थिति; सत्ता; विद्यमानता । २. कुनै व्यक्तिको पहिचान, इज्जत वा प्रतिष्ठा, अस्मिता । उसले तिम्रो अस्तित्वलाई स्वीकार गरेन ।

अहोरात्र- /अहोरात्त्र/ (तत्स.) [< अहस्+रात्री] क्रि.वि. १. दिनरात, रातदिन, दिनहुँ, हरदिन । ना. २. रातदिनको समय, चौबिस घण्टाको समय । ऊ अहोरात्र बिरामीको सेवामा लागेको छ ।

## आ

आँगन- /आँगन्/ ना. घर अगाडिको सम्म परेको खाली ठाउँ, घर अगाडिको खुल्ला चौर । आगनमा केटाकेटी खेल्दै छन् ।

आकर्षित- /आकर्सित्/ (तत्स.) [< आ+कृष्+इत] वि. १. तानिएको, खिचिएको । चुम्बकले फलामलाई आकर्षित गर्छ । २. प्रभावित । नेपालका प्राकृतिक दृश्यले पर्यटकहरू आकर्षित भए । ३. लट्ठ पारिएको, मोहित । उसको मिठो बोलीले म आकर्षित भए ।

आक्रान्त- /आक्रान्त/ (तत्स.) [आ+क्रान्त] वि. घेरामा परेको, हस्तक्षेप भएको, हमला गरिएको, सताइएको । दाइजो प्रथाले तराईलाई बढी आक्रान्त पारेको छ ।

आक्षेप- /आक्छेप्, आच्छेप/ (तत्स.) [आ+क्षेप] ना. १. गरेको कार्य वा आचरणमा त्रुटि देखाउँदै लगाइने दोष, आरोप । मालिकले नोकरलाई चोरीको आक्षेप लगायो । २. दोषारोपण, बात, कलङ्क ।

आघात- /आघात्/ (तत्स.) [आ+घात] ना. १. अकस्मात् हुने प्रहार, धक्का, चोट । २. मानसिक कष्ट, पीडा । परीक्षामा छोराछोरी अनुत्तीर्ण हुँदा उसलाई आघात पर्‍यो ।

आधारभूत - /आधार्भुत्/ (तत्स.) [आधार+भूत] वि. १. आधारको रूपमा रहेको, आधार वा जग बनेको, महत्त्वपूर्ण । २. नभई नहुने, मूलभूत, प्रमुख । गाँस, बास र कपास मानिसका आधारभूत आवश्यकता हुन् ।

आधुनिकीकरण- /आधुनिकिकरण्/ (तत्स.) [आधुनिक+ई+करण] ना. पुरानो परम्परा, रीतिरिवाज एवम् सभ्यतालाई नयाँ वा आधुनिक बनाउने काम वा प्रक्रिया (उदा. समाजको आधुनिकीकरण, शिक्षामा आधुनिकीकरण, भाषामा आधुनिकीकरण) ।

आयोजना- /आयोजना/ (तत्स.) [आयोजन+आ] ना. १. कुनै काम पुरा गर्नका निम्ति पहिलेदेखि गरिएको प्रबन्ध, बन्दोबस्त । विद्यालयमा हरेक शुक्रबार हाजिरीजबाफ प्रतियोगिताको आयोजना हुन्छ । २. निश्चित अवधिमा पुरा हुने विकासको योजना वा कार्यक्रम । यस जलविद्युत आयोजनाबाट स्थानीय जनतालाई पनि लाभ पुग्नेछ ।

आरोहण- /आरोहण्/ (तत्स.) [< आ+रुह+अन] ना. १. उच्च ठाउँमा उक्लने वा चढ्ने काम । २. उच्च ठाउँ, पद आदिमा चढ्ने वा उक्लने भन्ने अर्थमा शब्दका पछाडि आउने शब्दांश (उदा. पर्वतारोहण, सत्तारोहण) ।

आश्चर्य- /आस्चर्‌य/ (तत्स.) ना. कुनै नयाँ, अनौठो कुरा देख्दा लाग्ने अचम्म, छक्क; विस्मय । गाउँको परिवर्तन देख्दा मलाई आश्चर्य लागेको छ ।

आह्वान- /आउह्वान्/ (तत्स.) [आ+ह्वान] ना. १. बोलाउने काम, बोलावट २. आमन्त्रण, निमन्त्रण । ३. सार्वजनिक अनुरोध, अपिल । नेताको आह्वानलाई जनताले साथ दिए ।

## उ

उत्कृष्ट- /उत्क्रिस्ट/ (तत्स.) [उत्+कृष्ट] वि. १. सबभन्दा राम्रो, श्रेष्ठ, उत्तम, असल । कविगोष्ठीमा सुनाइएका उत्कृष्ट कविताहरू पुरस्कृत भए । २. सबभन्दा बढी, उच्चतम । उसले गणितमा उत्कृष्ट अङ्क ल्यायो ।

उत्पीडन- /उत्पिडन्/ (तत्स.) [उत्+पीडन] ना. १. बढी पीडा हुँदाको स्थिति (उदा. रोगको उत्पीडन) २. साह्रै सताइएको अवस्था, थिचोमिचो । गाउँका महिलाहरू बर्सौंदेखिको उत्पीडनमा बाँचेका छन् ।

उन्मुक्त- /उन्मुक्त/ (तत्स.) [< उत्+मुक्त] वि. १. बाधा वा बन्धनबाट मुक्त भएको । उनी पारिवारिक झमेलाबाट उन्मुक्त भएका छन् । २. सीमारहित, स्वच्छन्द (उदा. उन्मुक्त भावना, उन्मुक्त विचार) ।

उन्मूलन- /उन्मुलन्/ (तत्स.) [< उत्+मूल्+अन] ना. फेद वा जरैदेखि उखेल्ने क्रिया वा भाव, समूल नष्ट पार्ने काम, मूलोच्छेदन । चन्द्रशमशेरले नेपालमा दासप्रथाको उन्मूलन गरे ।

उपनिवेश- /उपनिबेस्/ (तत्स.) [उप+नि+वेश] ना. १. कुनै शक्तिशाली देशको अधीनमा रहेको देश । २. शक्तिशाली देशले सार्वभौमसत्ता सम्पन्न अर्को कुनै पनि देशउपर आधिपत्य जमाउने प्रवृत्ति । भारतमा धेरै वर्षसम्म बेलायतको उपनिवेश रहेको थियो ।

उपमा- /उपमा/ (तत्स.) [उप+मा] ना. १. कुनै एक वस्तुलाई अर्को वस्तुका साथ दाँज्ने वा तुलना गर्ने काम । २. दृष्टान्त, उदाहरण (उदा. अकेली मुना अन्तन्तै राम्री जून झैं खुलेकी) ।

उल्लङ्घन- /उल्लङ्घन्/ (तत्स.) [< उत्+लङ्घन] ना. १. नाघ्ने वा फड्कने काम । २. नियमको अवहेलन, बेवास्ता, अतिक्रमण (उदा. आज्ञाको उल्लङ्घन, नियमको उल्लङ्घन) ।

उल्लास- /उल्लास्/ (तत्स.) [< उत्+लास] ना. हर्ष, आनन्द, खुसियाली । यसपालिको तिहारमा उल्लासको वातावरण थियो ।

उवा- /उवा/ ना. लेकमा फल्ने गहुँ जस्तै एक अन्न । यसपाली उवा खेती राम्रो छ ।

## ऋ

ऋण- /रिण्/ (तत्स.) ना. १. अरूसँग लिइएको सापटी, कर्जा, रिन, विप. धन । उसले साहुको ऋण तिऱ्यो । २. शून्य वा शून्यभन्दा मुनिको स्थिति ३. नकरात्मकता ४. भार अथवा बोझ ।

ऋताहार- /रिताहार/ (तत्स.) [ऋत्+आहार] ना. ऋतुअनुसारको खानपान । स्वस्थ जीवनका लागि ऋताहारमा ध्यान दिनुपर्छ ।

## ए

एकाकार- /एकाकार्/ (तत्स.) [< एक+आकार] वि. १. समान आकार बनेको, एकै रूपमा देखिएको । २. कुनै एउटा वस्तु अर्को वस्तुसँग मिलेर एकीकृत भएको । दोभानमा मिसिएपछि दुईवटा नदी एकाकार बने ।

एकेडेमी- /एकेडेमि/ (आ.) ना. १. साहित्य, कला, संस्कृति, विज्ञान आदिको क्षेत्रमा विशिष्ट एक संस्था । २. उच्चस्तरीय शैक्षिक तथा प्राज्ञिक संस्था । उनी एकेडेमीमा जागिरे भएपछि सङ्गीतमा बढी सक्रिय भए ।

एन्टिबायोटिक- /एन्टिबायोटिक्/ (आ.) ना. रोग फैलाउने परजीवीहरूलाई प्रतिरोध गर्ने तथा नाश गर्ने एक प्रकारको औषधी । चिकित्सकको सल्लाहबिना एन्टिबायोटिक औषधीको प्रयोग गर्नुहुँदैन ।

## ऐ

ऐँचोपैँचो- /अैँचोपैँचो/ द्वि. [< पैँचो] ना. कुनै वस्तुको खाँचो पर्दा एकआपसमा गरिने सामान, पैसा आदिको लेनदेन; पैँचो; सापटी । छिमेकमा आवश्यक पर्दा ऐँचोपैँचो चल्छ ।

## ओ

ओत १- /ओत्/ ना. पानीभित्र निकैबेर डुबुल्की मार्न सक्ने एक मत्स्यभक्षी, स्तनपायी, उभयचर प्राणी । ओतले माछाहरूको नाश गऱ्यो ।

ओत २- /ओत्/ ना. १. चर्को घाम, वर्षा आदिबाट जोगिन शरण लिइने ठाउँ, आड । २. आपद्विपद् परेको बेलामा शरण लिइने व्यक्ति, वस्तु, ठाउँ; आडभरोसा; साहारा; आश्रय । सङ्कट परेको बेला उनले मलाई ओत दिए ।

ओहदा- /ओहदा/ (तत्स.) ना. १. कुनै सरकारी वा गैरसरकारी कार्यालय, संस्था आदिमा कर्मचारी वा पदाधिकारीको दर्जा; पद । २. कसैको आर्थिक स्तर वा योग्यता, हैसियत, औकात । ऊ आफ्नो ओहदाअनुसार व्यवहार गर्न जान्दछ ।

## औ

औद्योगिक- /औद्योगिक्/ (तत्स.) [< उद्योग+इक] वि. उद्योगधन्दासँग सम्बन्धित, उद्योगमा आधारित (उदा. औद्योगिक गतिविधि, औद्योगिक क्रान्ति औद्योगिक व्यवसाय) । सरकारले औद्योगिक व्यवसायप्रति बढी चासो दिने थालेको छ ।

औपचारिक- /औपचारिक्/ (तत्स.) [< उपचार+इक] वि. १. स्तरीय विधि तथा व्यवहारअनुसारको, रीत पुऱ्याएर गरिएको पूर्व निर्धारित, योजनाबद्ध (उदा. औपचारिक कार्यक्रम, औपचारक पोसाक, औपचारिक समारोह) । २. मर्यादा वा शिष्टाचार पुऱ्याएर गरिएको । समारोहमा गरिने व्यवहार औपचीरक हुन्छ । ३. शिष्ट, स्तरीय, सभ्य । उनी अतिथिहरूसँग औपचारिक भाषामा बोल्छन् ।

औषधोपचार- /औसधोपचार्/ (तत्स.) [< औषध+उपचार] ना. औषधीको प्रयोग गरेर रोग निको पार्ने कार्य, औषधीद्वारा गरिने उपचार, औषधीको सेवन । गाउँलेहरू मिलेर उनको औषधीपचार गरे ।

## क

कटुस- /कटुस्/ ना. खसु, फलाँट आदिका जस्ता पात र गेडा फल्ने एक प्रकारको रूख वा फल । हामी गीत गाउँदै कटुस टिप्न थाल्यौं ।

कन्डक्टर- /कन्डक्टर्/ (आ.) ना. बस, मिनीबस आदिमा चालकलाई सहयोग गर्ने व्यक्ति । कन्डक्टरले बसको भाडा उठायो ।

कलकण्ठ- /कलकन्ठ/ (तत्स.) [कल+कण्ठ] ना. मिठो स्वर, कोइलीको जस्तो स्वर, कोइली (उदा. बसन्त आयो कलकण्ठको अब) ।

कलङ्क- /कलङ्क/ (तत्स.) ना. १. कुनै पनि वस्तुमा लागेको दाग । २. कुनै खराब काम गर्दा लाग्ने दोष । चरित्रमा लागेको कलङ्क मेट्न उसलाई कठिन पऱ्यो । ३. खराब काम नगरे पनि आइ लाग्ने लाञ्छना, आरोप । उसलाई व्यर्थमा ठगीको कलङ्क लाग्यो ।

कसुर- /कसुर्/ (आ.) ना. १. कसैले गरेको अपराध वा गल्ती । २. सामाजिक तथा कानुनी दृष्टिले गर्ने नहुने ठानिएको काम, सजाय हुने खालको कार्य । उसलाई विना कसुर किन सजाय दिन्छौ ?

कार्यकारी- /कार्यकारि/ (तत्स.) [कार्य+कारी] वि. १. खास संस्थाको काम कारबाही वा गतिविधि सञ्चालन गर्ने अधिकार प्राप्त व्यक्ति (उदा. कार्यकारी प्रमुख, कार्यकारी निर्देशक) । २. कसैको अनुपस्थितिमा त्यस व्यक्तिको सम्पूर्ण अधिकार उपयोग गरी काम गर्ने अर्को व्यक्ति (उदा. कार्यकारी सम्पादक) । ३. काम गर्ने वा काम चलाउन खटाइएको व्यक्ति ।

कार्यक्षेत्र - /कार्यछेत्र/ (तत्स.) [कार्य+क्षेत्र] ना. काम गर्नका निम्ति प्रदत्त अधिकार क्षेत्र वा निर्देशनको सीमा । नव गठित समितिको कार्यक्षेत्र निर्धारण गरियो ।

कार्यान्वयन- /कार्यान्वयन्/ (तत्स.) [< कार्य+अनु+अयन] ना. लिखित मौखिक रूपबाट गर्ने ठहर भएको कामकारबाईलाई विधिपूर्वक व्यवहारमा ल्याउने कार्य । कानुनी व्यवस्थामा भएका कुराको कार्यान्वयन पक्ष बलियो हुनुपर्छ ।

कीटनाशक- /किट्नासक्/ (तत्स.) [कीट+नाशक] वि. किरा मार्ने वा नाश गर्ने औषधी । कीटनाशक विषादीको प्रयोग गरेर गरिने खेती रासायनिक खेती हो ।

कुण्ठा- /कुन्ठा/ (तत्स.) [कुण्ठ+आ] ना. असन्तुष्टि तथा अतृप्तिबाट उत्पन्न हुने मानसिक अवस्था, कुण्ठित भावना, दबिएका इच्छा । मनमा कुण्ठ लिएर बस्नु हुन्न ।

कुशासन १- /कुसासन्/ (तत्स.) [कु+शासन] ना. कानुनबमोजिम नचलेको प्रशासन, अव्यवस्थित वा खराब शासन, विप. सुशासन । कुशासनले गर्दा यो संस्था डुब्न लागेको छ ।

कुशासन २. - /कुसासन्/ (तत्स.) [कुश+आसन] ना. कुशबाट बनाइएको पूजापाठ गर्दा बस्ने पवित्र आसन । बाह्मण कुशासनमा बसेर भगवानको पूजा गर्न थाले ।

कूटनीतिज्ञ- /कुट्नितिग्ग्यँ/ (तत्स.) [कूटनीति+ज्ञ] वि. पारस्पारिक सम्बन्ध कायम गर्न जान्ने व्यक्ति, कूटनीति जान्ने व्यक्ति । सुकीले म्यानमारस्थित विदेशी कूटनीतिज्ञसँग भेटघाट गरिन् ।

कृतज्ञता- /क्रितग्ग्यँता/ (तत्स.) [कृतज्ञ+ता] ना. १. कृतज्ञ भएको अवस्था, आभार, धन्यवाद । २. गुणको कदर, गुणग्राहिता । उनले हामीले दिएको सहयोगप्रति कृतज्ञता प्रकट गरे ।

कृति- /क्रिति/ (तत्स.) [कृ+ति] ना. १. कुनै रचना वा सृजना, पुस्तक । मुनामदन देवकोटाको अमर कृति हो । २. परोपकारका निम्ति बनाइएका सार्वजनिक उपभोगका वस्तु (पाटि, पौवा, मन्दिर आदि) ।

कोकिल- /कोकिल्/ (तत्स.) ना. कोइली । बसन्तमा कोकिलले गीत गाउँछ ।

क्रन्दन- /क्रन्दन्/ (तत्स.) ना. दुःखपूर्ण चिच्च्याहट, विलाप, रुवाइ । गरिबहरूको जीवन दुःख, पीडाको क्रन्दनबाट मुक्त हुन सकेको छैन ।

क्षणिक- /छ्यणिक्/ (तत्स.) [क्षण+इक] वि. १. ऐक छिन मात्र रहने, क्षणभङ्गुर । २. अनित्य, अस्थायी (उदा. क्षणिक आनन्द, क्षणिक स्वार्थ) । असल मानिस क्षणिक स्वार्थमा कहिल्यै लाग्दैन ।

## ख

खलियान- /खलियान्/ [खलो+यान] ना. खलो भएको ठाउँ, खलो (उदा. पहेलपुर धान खलियानमा राखेर) ।

खस्याकखुसुक- /खस्याक्खुसुक्/ (अमू.) द्वि. [< खस्याक] क्रियो. /ना कागज, सुकेका पात, खोस्टा आदि चलाउँदाको किसिम वा त्यस्तो आवाज । उनीहरूमा खस्याकखुसुक चल्न थाल्यो ।

खाद्यपदार्थ- /खाद्द्यपदार्थ/ (तत्स.) [खाद्य+पदार्थ] ना. खानेकुरा, खाने चिजबिज । बजारमा खाद्यपदार्थको अभाव छ ।

खुवाइ- /खुवाइ/ [< खा+आइ] ना. खाने काम वा ढङ्ग, खवाइ । उसको खुवाइ राम्रो छ ।

**ग**

गम्भीर- /गम्भिर/ (तत्स.) वि. १. विचारका दृष्टिले गहिरो, गहन । गम्भीर विषयमा छलफल हुँदैछ । २. धैर्यशाली, धीर, शान्त (उदा. गम्भीर व्यक्ति, गम्भीर स्वभाव) । ३. जटिल, कठिन, (उदा. गम्भीर समस्या, गम्भीर स्थिति) ।

गर्ल्यामगुर्लुम- /गर्ल्याम्गुर्लुम/ (अमू.) द्वि [< गर्ल्याम] क्रियो., एकैपल्ट धेरै लड्दाको किसिम, माथिबाट गऱ्हुङगो बस्तु खस्दाको किसिम । भूकम्पमा परी धेरै घर गर्ल्यामगुर्लम लडे ।

गला- /गला/ ना. टाउको र धडलाई जोड्ने बिचको गोलाकार केही लामो अङ्ग, घाँटी, कण्ठ । २. सङ्गीतात्मक स्वर, भाका, लय (उदा. सहर्ज खोली सुरिलो गलाकन) ।

गाम्भीर्य- /गाम्भिर्य/ (तत्स.) [< गम्भीर+य] वि.१. गम्भीर हुने अवस्था, गम्भीरता । २. धैर्य, धीरता । बिपत्तिको घडीमा पनि उनको गाम्भीर्य देखेर सबै छक्क परे ।

गुणस्तर- /गुणस्तर्/ (तत्स.) [गुण+स्तर] ना. कुनै वस्तु वा पदार्थमा रहेको गुणको मात्रा; त्यस्तो गुणको मूल्याङ्कन गरी निर्धारण गरिने स्तर । आधुनिक प्रविधियुक्त सिपको विकासबाट विद्यालयको शैक्षिक गुणस्तर प्रवर्धन गर्न ठुलो सहयोग हुन्छ ।

गुन्द्रुक- /गुन्द्रुक्/ ना. तोरी, रायो, मुला आदिको सागलाई ढुङ्ग्रो, घैँटो आदिमा खाँदेर अमिल्याई सुकाएको तिहुन वा सितन हुने एक प्रकारको खाध्यवस्तु । भुटेको मकैसँग साँधेको गुन्द्रुक खाइयो ।

गुरुता- /गुरुता/ (तत्स.) [गुरु+ता] ना. १. गुरु हुँदाको स्थिति, गुरुमा हुने गुण वा विशिष्टता । २. गहकिलोपन, गहनता, गुरुत्व । ३. महिमा, उच्चता । दायित्वको गुरुताले उनलाई गम्भीर बनाएको छ ।

गृहस्थी- /ग्रिहस्थि/ (तत्स.) [गृहस्थ+ई] वि.१. घरबार गरेर बस्ने व्यक्ति गृहस्थ । ऊ गृहस्थी जीवन बिताउँदै छ । ना. २. घर व्यवहार, घरबार । खेतीपातीले मात्र उसको गृहस्थी चलेन ।

गौरा - /गौरा/ (तत्स.) ना. १. गौरी, पार्वती । २. विशेष गरी सुदूरपश्चिमतिर कृष्ण अष्टमीको अगिल्लो दिनदेखि सप्ताव्यापी रूपमा मनाइने प्रसिद्ध पर्व । सुदूरपश्चिममा गौरा पर्व धुमधामका साथ मनाइन्छ ।

## घ

घँगारु- /घँगारु/ ना. हिमाली भेकमा पाइने आँख्ला र काँडा भएको, कडा काठ हुने, एक प्रकारको होचो रुख (उदा. घँगारुको लट्ठी ) ।

घातक- /घातक्/ (तत्स.) [घात् (< हन्)+अक] वि. १. घात गर्ने, प्रहार गर्ने (उदा. घातक हतियार) । २. मार्ने, घात गर्ने, हत्यारा (उदा. घातक रोग, घातक व्यक्ति) । ३. हानि गर्ने, विगार गर्ने, खराब (उदा. घातक अभिव्यक्ति, घातक विचार, घातक गतिविधि) ।

## च

चक्र- /चक्क्र/ (तत्स.) ना. गोलो घेरा, घुमाउरो, आकार वृत्त । सूर्यको वरिपरि चक्र देखियो ।

चञ्चल- /चन्चल्/ (तत्स.) वि.१. चकचके, चुलबुले छुकछुके । २. हतपते, अधीर, अस्थिर । उनको चिठी पढेपछि मेरो मन चञ्चल भयो ।

चतुर्थांश- /चतुर्थाम्स/ (तत्स.) [< चतुर्थ+अंश] ना. वस्तुको चार भागको एक भाग, चौथाइ । मुस्किलले एक चतुर्थांश भाव मात्र ढुकुटीमा जम्मा हुन पुग्छन् ।

चिराइतो- /चिराइतो/ ना. लेकमा पाइने असाध्य तितो स्वाद हुने औषधीको रूपमा प्रयोग गरिने एक प्रकारको बुट्यान । औलो रोगको औषधीका लागि चिराइतोको प्रयोग गरिन्छ ।

चुनौती- /चुनौति/ (आ.) ना. १. कसैलाई कुनै सबाल वा समस्यामा दिइने हाँक, धम्की । अपराध गरेको प्रमाण देखाउन विरोधीहरूलाई चुनौती दिइयो । २. सामाना गर्नुपर्ने समस्या वा मुद्दा (उदा. विकासका चुनौती, शिक्षाका चुनौती) ।

चुर्लुम्म- /चुर्लुम्म/ (अमू.) क्रियो. पानीभित्र एकपटक डुब्दा वा डुबुल्की मार्दाको किसिम । ऊ पोखरीमा चुर्लुम्म डुब्यो ।

## छ

छठ- /छठ्/ (आ.) ना. पूर्वी तराइ क्षेत्रमा सूर्यको उपासना गरी तिहारपछिको षष्ठी तिथिमा मनाइने एक प्रसिद्ध पर्व । पूर्वी तराइको प्रसिद्ध पर्व छठ हो ।

छाउपडी- /छाउपडि/ ना. १. रजस्वला हुँदाको अवस्था । २. रजस्वला हुँदा घर छोडेर गोठमा बस्ने चलन । सुदूरपश्चिमका महिलाहरू अझै पनि छाउपडी प्रथाबाट मुक्त हुन सकेका छैनन् ।

## ज

जगत्- /जगत्/ (तत्स.) ना. १. संसार, विश्व, दुनिया । ईश्वर नै जगत्का रक्षक हुन् । २. संसारका विभिन्न प्राणी, वस्तु आदिको समूह (उदा. जलचर जगत्, नारी जगत्, भौतिक जगत् आदि) ।

जघन्य- /जघन्न्य/ (तत्स.) [< जघन+य] वि. १. अधम, नीच, निकृष्ट । २. घोर निन्दनीय (उदा. जघन्य अपराध, जघन्य हत्या) । ऊ जघन्य अपराधी हो ।

जङ्गीलाठ- /जङ्गिलाठ/ (आ.) [जङ्गी+लाठ] ना. राणा शासनकालको सेना प्रमुख, सेनापति ।

जनमत- /जनमत् / (तत्स.) [जन+मत] ना. साधारण जनताको मत वा विचार, जनताको राय जनताको विचारको सर्वेक्षण । नेताहरू जनमत बुझ्न गाउँ गाउँ जान्छन् ।

जब्बर- ⁄जब्बर्⁄ (आ.) वि. वशमा लिन नसकिने, मजबुत, बलियो । त्यो केटो जब्बर छ; भनेको टेर्दैन ।

जीविकोपार्जन- ⁄जिबिकोपार्जन्⁄ (तत्स.) [< जीविका+उपार्जन] ना. जीवन धान्नका लागि गरिने आर्जन, जीवन निर्वाहका लागि गरिएको इलम । किसानहरूलाई परम्परागत कृषि प्रणालीबाट जीविकोपार्जन गर्न नै कठिनाइ भएको छ ।

जोखिम- ⁄जोखिम्⁄ (आ.) ना. चोटपटक वा हानिनोक्सानी हुने अवस्था, सङ्कट, खतरा । भूकम्पको कारणले गर्दा यसपाली वर्षा याममा पहिरो जाने जोखिम बढी छ ।

जोरजाम- ⁄जोर्जाम्⁄ [< जोड+जाम] ना. आवश्यक सामान जुटाउने काम, यताउतिबाट खोजेर जम्मा गर्ने काम, इन्तिजाम । उसले बिहेका लागि सामान जोरजाम गऱ्यो ।

ज्वाला- ⁄ज्वाला⁄ (तत्स.) ना. १. बलेको आगोबाट उठ्ने लप्को, आगाको राँको । २. जल्ने वा पोल्ने, क्रिया, ताप, डाह । ३. जीउभित्रको पीडा । मनभित्रको ज्वाला कहिल्यै ननिभ्ने भयो ।

## झ

झमक्क- ⁄झमक्क⁄ (अमू.) क्रियो. १. घाम अस्ताएर साँझ पर्दाको किसिम, झिमिक्क । घाम अस्ताउनासाथ झमक्क साँझ पर्यो । २. समय सिद्धिएको, अस्ताएको । झमक्क साँझ पऱ्यो ।

## ट

टनाटन- ⁄टनाटन्⁄ [टन+आ+टन्] क्रियो. १. टम्म भरिदाँको किसिम, अटाई नअटाई हुँदाको किसिम । २. टम्म, टन्न । खेतमा पानी टनाटन भरियो ।

टिप्पणी- ⁄टिप्पणि⁄ (तत्स.) [टिप्पण+ई] ना. १. कुनै व्यक्ति वा विषयका बारेमा गरिएको छोटो समीक्षा वा विवेचना (उदा. टीका टिप्पणी) । २. गहन अर्थ खुलाउन गरिएको व्याख्या, भाष्य, टीका । ३. समसामयिक विषय वा

समस्यामा प्रकट गरिएको मन्तव्य वा विचार । गोष्ठीमा प्रस्तुत कार्यपत्रमाथि उनले टिप्पणी गरेका थिए ।

टुप्लुक्क- /टुप्लुक्क/ (तत्स.) क्रियो. अकस्मात् आउँदा वा देखापर्दाको किसिम । खाना खाने बेलामा ऊ टुप्लुक्क आइपुग्यो ।

टुहुरो - /टुहुरो/ (बहु./ति. टुहुरा, स्त्री. टुहुरी) ना. १ आमाबाबु मरेको बालक । २. रेखदेख गर्ने कोही नभएको, असहाय, अनाथ । टुहुरा केटाकेटीलाई बालमन्दिरमा राखिएको छ ।

टोलाएर- /टोलाएर/ [टोला+एर] अक्रि. अनिश्चित वस्तुतिर एकोहोरिएर हेर्नु, ट्वाल्दा पर्नु । मेरो कुरा सुनेर ऊ एकछिन टोलाएर बसिरह्यो ।

## ड

डोब- /डोब्/ ना. १ घोचो, खाँबो आदि गाड्दा भूइँमा पर्ने सानो खोपिल्टो । २. सिलाइ, बुनाइ, खोपाइ आदिबाट बनेको चिनो वा दाग । ३. हतियारले लागेको चोट, डाम, खत । उसको हातमा खुकुरीले काटेको डोब अझै छ ।

## ढ

ढुकुटी- /ढुकुटि/ (आ.) ना. १. अन्न थन्क्याउने घरको एक खण्ड, अन्न राख्ने ठाउँ । ढुकुटीमा धान राखियो । २. सुरक्षित ढङ्गले धनसम्पत्ति राख्ने ठाउँ । ढुकुटीको साँचो सुरक्षित राख्नुपर्छ । ३. भण्डार, कोश (उदा. शब्द ढुकुटी) ।

## त

तता- /तता/ (आ.) ना. एकै गर्भबाट आफूभन्दा पहिले जन्मेको स्त्री, दिदी । ऊ ततासँग घुम्न गयो ।

तत्कालीन - /तत्कालिन्/ (तत्स.) [तत्काल+ईन] वि. त्यस समयको, त्यति बेलाको, तात्कालिक (उदा.तत्कालीन प्रधानमन्त्री भीमसेन थापा, तत्कालीन घटना) ।

तस्कर- /तस्कर्/ (तत्स.) ना. अवैध व्यापार गर्ने तथा चोरी निकासी गर्ने व्यक्ति, चोर । मानव तस्करलाई प्रहरीले समात्यो ।

तिरस्कृत- /तिरस्क्रित/ (तत्स.) [तिरस्+कृत] वि. तिरस्कार गरिएको, उपेक्षित, अपमानित । साथीबाट तिरस्कृत भएपछि उनले कोठा अन्तै सारे ।

त्राण- /त्राण्/ (तत्स.) [< त्रै+न] ना. १. रक्षा, बचाउ, छुटकारा । २. सहारा, आश्रय, आड । गरिबीबाट त्राण पाउनका लागि उनी कामको खोजीमा विदेश गए ।

**द**

दत्तचित्त- /दत्तचित्त/ (तत्स.) [दत्त+चित्त] वि. मन वा चित्तलाई कुनै एउटै कामकुरामा केन्द्रित गरेको, एकचित्त, एकाग्र । ऊ दत्तचित्त भएर पढ्दै छ ।

दर्दनाक- /दर्दनाक्/ (आ.) वि. दर्दले भरिएको अत्यन्त पीडादायी, कहाली लाग्दो (उदा. दर्दनाक कहानी, दर्दनाक दुर्घटना) ।

दलन- /दलन्/ (तत्स.) [दल्+अन] ना. १. कुनै वस्तुलाई दल्ने काम, पिँधाइ, रगडाइ । २. विनाश, संहार । दुष्टहरूको दलनबाट जोगिनु गाह्रो छ ।

दागबत्ती- /दाग्बत्ति/ [दाग+बत्ती] ना दाहसंस्कार गर्दा छोरा वा नजिकका नातेदारले शवको मुखमा सल्काएर राख्ने बत्ती; दाग दिने बत्ती । उसले आफ्ना बाबुलाई दागबत्ती दियो ।

दायित्व- /दाइत्त्व/ (तत्स.) [दायी+त्व] ना. कसैमा आइपर्ने कुनै कामको जिम्मेवारी, जवाफदेही, उत्तरदायित्व । आफ्नो पदीय दायित्व बुझि काम गर्नुपर्छ ।

दु:खान्तक- /दुखान्तक्/ (तत्स.) [दु:ख+अन्तक] वि. दु:खपूर्ण अवस्थामा समाप्त भएको वा दु:खमा टुङ्गिएको, विप.सुखान्त । दु:खान्तक साहित्यबाट पनि आनन्दको भाव चोरेको छु ।

दुरूपयोग- /दुरूपयोग्/ (तत्स.) [दुर्+उपयोग] ना.१. कुनै वस्तु, धनमाल, नियम अधिकार, आदिको गलत प्रयोग; अनुचित प्रयोग । २. जथाभावी गरिने खर्च,

हिनामिना, नोक्सानी । कर्मचारीबाट नै सरकारी नियमको दुरूपयोग भएको छ ।

दुर्दशा- /दुर्दसा/ (तत्स.) [दुर्+दशा] ना. खराव अवस्था, दुर्गति । बाबुआमा मरेपछि केटाकेटीको दुर्दशा भयो ।

दुष्कार्य- /दुस्कार्य/ [दुस्+कार्य] ना. १. खराब काम, निन्दनीय कार्य, कुकर्म, विप. सुकर्म । २. अपराध, पाप । भष्टाचार गर्न दुष्कार्य हो ।

दृष्टि - /द्रिस्टि/ (तत्स.) [< दृश्+ति] ना. १. हेर्ने काम, हेराइ, अवलोकन । २. आँखा, नेत्र । ३. कुनै विषयप्रतिको विचार वा सोचाइ, दृष्टिकोण । यस विषयमा उसको दृष्टि स्पष्ट छ ।

देउकी- /देउकि/ ना. देवतालाई चढाइएकी कन्या, देवताकी चेलीको रूपमा समर्पण गरिएकी नारी । बैतडीतिर देउकी प्रथाको अवशेष अझै बाँकी छ ।

देउडा- /देउडा/ [देउ+डा] ना. सुदूरपश्चिमतिर प्रचलित लोकनृत्य र त्यसमा गाइने गीत । देउडा संस्कृतिलाई जोगाउनु आवश्यक छ ।

देह व्यापार- /देह ब्यापार्/ (तत्स.) ना. आफ्नो शरीर परपुरुष वा परस्त्रीको तृप्तिका लागि उपयोग गरेर जीविका गर्ने काम वा त्यस्तो पेसा, यौन व्यवसाय (उदा. देह व्यापारमा संलग्न व्यक्ति ) ।

दोस्ती- /दोस्ति/ (आ.) [दोस्त+ई] ना. मित्रता, मित्रभाव, साथी । पढ्ने साथीहरूसँग दोस्ती बढाउनु बेस हुन्छ ।

## ध

धिमे- /धिमे/ (आ.) ना. ढोलकी जस्तो एक प्रकारको बाजा वा त्यस बाजाको तालमा नाचिने नाच (उदा. धिमे बाजा, धिमे नाच) ।

धैर्य - /धैर्य/ (तत्स.) [< धीर+य] ना विपत्ति तथा सङ्कट पर्दा नआत्तिने गुण, धीरता, गम्भीरता । उनी जस्तोसुकै दुःख पर्दा पनि धैर्य गर्न सक्छन् ।

धोको- /धोको/ [धोक्+ओ] ना. कुनै वस्तु वा विषयप्रति अत्यन्त चाहना, इच्छा, धीत । मर्ने बेलामा छोरीको मुख हेर्ने उनको धोको पुरा भएन ।

# न

नङ्गा- /नङ्गा/ वि. (एक नङ्गो, स्त्री.नङ्गी) १. लुगा नलगाएको, नाङ्गो, नग्न (उदा. नङ्गा जोगी) । २. साथमा धन पैसा नभएको । त्यस नङ्गाले कसरी स्वास्नी पाल्न सक्छ ? ३. आफ्नो कोही नभएको एक्लो । आफू त नङ्गा मान्छे जहाँ गए पनि काम चल्छ ।

नजरबन्द- /नजर्बन्द/ (आ.) [नजर+बन्द] ना १. सरकारले शान्ति सुरक्षाका दृष्टिले कसैलाई आफ्नो रेखदेख तथा नियन्त्रणमा राख्ने काम, थुना । सरकारले उसलाई घरमा नै नजरबन्द राखेको छ ।

नवीन- /नबिन्/ (तत्स.) [नव+ईन] वि. नयाँ, नौलो (उदा. नवीन योजना, नवीन कार्य) । उसले आजदेखि नवीन कार्यको थालनी गऱ्यो ।

नासो १- /नासो/ ना. (बहु./ति. नासा) पछि फिर्ता लिने गरी कसैलाई राख्न दिइएको वस्तु । उसको नासो मैले फिर्ता गरे ।

नासो २- /नासो/ [नाश+ओ] ना. नाश भएको स्थिति, सखाप, विनाश । 'आफ्नो नासो छोरीको हासो' (उखा.) ।

निकृष्ट- /निक्रिस्ट/ (तत्स.) [नि+कृष्ट] वि. तल्लो स्तरको, ज्यादै कमसल, नीच । (उदा. निकृष्ट स्वभाव, निकृष्ट व्यवहार) ।

नित्य- /नित्त्य/ (तत्स.) [नि+त्य] क्रियो. १. अटुट रूपमा, निरन्तर, प्रतिदिन । ऊ नित्य मन्दिरमा जान्छ । वि. २. नाश नहुने, सधैँ रहिरहने, विप. अनित्य । आत्मालाई नित्य मानिन्छ ।

निदान- /निदान्/ (तत्स.) [नि+दान] ना. १. कुनै कार्य घटना आदिको मुख्य कारण । २. रोगको मूल कारण पहिचान गर्ने काम । ३. केही कुराको समाधान, उपचार । उनीहरूले समस्याको निदान गरी छोडे ।

निर्धारण- /निर्धारण्/ (तत्स.) [< निर+धृ+अन] ना. कुनै वस्तु, समय, विषय आदि तोक्ने तथा किटान गर्ने काम; निधो; निश्चय । तेलको मूल्य निर्धारण भयो ।

निर्भीक- /निर्भिक्/ (तत्स.) [निर्+भी+क] वि. कसैसँग नडराउने, निडर । ऊ जतासुकै पनि निर्भीक भएर बोल्छ ।

निर्वाहमुखी- /निर्बाहमुखि/ (तत्स.) [निर्वाह+मुखी] वि. आधारभूत आवश्यकता पूर्ति गर्ने किसिमको, सामान्य काम चलाउने खालको । जैविक खेती केवल निर्वाहमुखीका रूपमा मात्र रहेको छ ।

निवारण- /निबारण्/ (तत्स.) [नि+वारण] ना. हटाउने काम, रोकथाम, नियन्त्रण (उदा. रोग निवारण केन्द्र) ।

निवृत्त- /निब्रित्त/ (तत्स.) [नि+वृत्+त] वि. कुनै कार्य, विषय आदिबाट हटेको; सेवा वा नोकरीबाट अवकाश पाएको; सेवामुक्त । उनी जागिबाट निवृत्त भएपछि परिवारको आर्थिक स्थिति कमजोर बन्न पुग्यो ।

निश्छल- /निस्छल्/ (तत्स.) [< निस्+छल] वि. छल कपट नभएको, सज्जन, निष्कलङ्क (उदा. निश्छल व्यक्ति, निश्छल चरित्र) । ऊ निश्छल व्यक्ति हो ।

निष्कपट- /निस्कपट्/ (तत्स.) [< निस्+कपट] वि. कपट नभएको, स्वच्छ, सज्जन (उदा. निष्कपट व्यवहार, निष्कपट व्यक्ति) ।

निष्ठा- /निस्ठा/ (तत्स.) [< नि+स्था] ना. कुनै कर्तव्य वा सिद्धान्तप्रति राखिने विश्वास, आस्था, श्रद्धा । न्यायप्रति उसको निष्ठा छ ।

निसाफ- /निसाफ्/ (आ.) ना. न्याय दिने काम, न्यायलयको निर्णय, न्याय । निसाफ गर्नेले दुधको दुध पानीको पानी छुट्याउनुपर्छ ।

## प

पक्षाघात- /पक्छ्याघात्, पच्छ्याघात्/ (तत्स.) [< पक्ष+आघात] ना. रक्तचाप, बाथ आदिले गर्दा शरीरको दायाँबायाँ पाटो वा कुनै अङ्ग चेतनाहीन हुने रोग । पक्षाघातको रोगीलाई जिउ हलचल गर्न कठिन हुन्छ ।

पटुका- /पटुका/ ना. कमरमा बाँधिने लामो कपडा, कमरपेटी । उनले कमरमा पटुका बाँधेकी छन् ।

पदच्युत- /पद्च्युत्/ (तत्स.) [पद+च्युत] ना. कुनै पदमा रहेको व्यक्तिलाई पदबाट हटाउने वा अवकाश दिने काम । भष्टाचार गरेका कारणले उनलाई सचिवबाट पदच्युत गरियो ।

परनिर्भता- /परनिर्भर्ता/ (तत्स.) [परनिर्भर+ता] ना. अरूको भर पर्नुपर्ने अवस्था, पराधीन । परनिर्भरतामा बाँच्नु कठिन हुन्छ ।

पराग- /पराग्/ (तत्स.) ना. फूलमा पाइने सुगन्धी धूलो, अत्तर (उदा. फूलको पराग) ।

पराग सेचन- /पराग् सेचन्/ (तत्स.) ना. फूलको परागलाई मौरी, भमर, हावा आदिले अर्को फूलमा पुऱ्याउने काम; पूर्ण विकसित पराग एकअर्कामा सङ्क्रमण हुने र बीजाधान हुने प्रक्रिया । पराग सेचन प्रक्रियाबाट नै बोटविरुवाको विस्तार हुन्छ ।

परामर्श- /परामर्स/ (तत्स.) [परा+मर्श] ना. १. कुनै विषय, समस्या आदिबारे छलफल गरी निष्कर्ष निकाल्ने काम; विचार विमर्श । २. खास समस्या वा विषयमा कसैलाई दिइने सल्लाह, मन्त्रणा । डाक्टरबाट परामर्श लिई रोगको उपचार गरियो ।

परिचालन- /परिचालन्/ (तत्स.) [परि+चालन] ना. खास गतिविधिमा सहभागिता बढाउने काम, कसैलाई सक्रियताका साथ कार्यमा संलग्न गराउने काम, संलग्नता (उदा. जनशक्ति परिचालन, स्रोत परिचालन) । विकासका गतिविधिमा मानव संशाधनको उचित परिचालन गर्नुपर्छ ।

परिवेश- /परिबेस्/ (तत्स.) [परि+वेश] ना. १. वातावरण, परिस्थिति (उदा. ग्रामीण परिवेश) । २. प्रसङ्ग, सन्दर्भ । त्यस ठाउँमा कुराकानी गर्ने परिवेश मिलेन । ३. पृष्ठभूमि (उदा. ऐतिहासिक परिवेश, सांस्कृतिक परिवेश) ।

परीक्षण- /परिक्छ्यण्, परिच्छ्यण्/ (तत्स.) [< परि+ईक्षण] ना. १ कुनै व्यक्ति, वस्तु, कार्य आदिको जाँच; जाँच पडताल । डाक्टरले रोगीको परीक्षण गरे ।

२. उत्तरपुस्तिका जाँच्ने काम । ३. निर्मित वस्तु उपयोगी भएर नभएको प्रयोग गरेर हर्ने काम, प्रयोग (उदा. हतियारको परीक्षण, परीक्षण प्रसारण) ।

परोक्ष- /परोक्छ्य, परोच्छ्य/ (तत्स.) [< पर+अक्ष] वि. १. आँखाले नदेखिएको, अप्रत्यक्ष, विप.प्रत्यक्ष (उदा. परोक्ष वस्तु, परोक्ष विषय) । २. घुमाउरो बाङ्गो । ३. गुप्त छिपेको, नदेखिने (उदा. परोक्ष धन) ।

पर्यटकीय- /पर्‌यटकिय/ (तत्स.) [पर्यटक+ईय] वि. पर्यटकका लागि उपयुक्त, पर्यटकसम्बन्धी, पर्यटकको । नेपाल पर्यटकीय क्षेत्र हो ।

पर्यावरणीय- /पर्‌याबरणिय/ (तत्स.) [पर्यावरण+ईय] वि. पर्यावरण वा परिवेशसँग सम्बन्धित (उदा. पर्यावरणीय प्रभाव) ।

पार्किन्सन- /पार्‌किन्सन्/ (आ.) ना. नसा खुम्चिने रोग । उनलाई पार्किन्सन रोगले सताएको छ ।

पाछा- /पाछा/ ना. १. वंशज, गोत्र थर । २. नजिकको नातेदार (उदा. पाहुना पाछा) ।

पाठ्यक्रम- /पाट्‌ठ्यक्रम्/ (तत्स.) [पाठ्य+क्रम] ना. पढाउनका लागि तोकिएको विषय र ढाँचा, सिलेबस यस वर्ष कक्षा नौको पाठ्यक्रम परिवर्तन भयो ।

पाण्डुलिपि- /पान्डुलिपि/ (तत्स.) [पाण्डु+लिपि] ना. छाप्नका लागि तयार पारिएको लिखित वा टङ्कित सामग्री, गुरुकपी, हस्तलिखित सामग्री । लेखकले पुस्तकको पाण्डुलिपि तयार गरेर प्रकाशकलाई छाप्न दिए ।

पालुवा१- /पालुवा/ ना. बोटविरुवामा लागेको नयाँ पात, पाउला, पल्लव । वसन्त ऋतुमा पालुवा पलायो ।

पालुवा२- /पालुवा/ [पाल्+उवा] वि. पालिएको, आफूले भरणपोषण गरिएको, पाल्तु (उदा. घर पालुवा जनावर) ।

पितृभाव- /पित्‌त्रिभाब्/ (तत्स.) [पितृ+भाव] ना. पितामा हुने गुण, भावना । बाबाको आज्ञाकारी पुत्री बनेर उनीबाट पितृभाव चोरेँ ।

पिपा- /पिपा/ (आ.) ना. १. एक प्रकारको ठुलो, गोलो र लाम्चो भाँडो । २. सेनालाई काममा सघाउने तल्लो तहको जागिरे । चन्द्रशमशेरले सेना र पिपाहरूलाई खटाएर सिंहदरबार बनाए ।

पियानो एकर्डियन- /पियानो एकर्‌डियन्/ (आ.) ना हार्मोनियम जस्तो एक प्रकारको पाश्चात्य बाजा । उनले बुबाबाट पियानो एकर्डियन बजाउन सिके ।

पुँजी- /पुँजि/ ना. उद्योग, व्यापार, व्यवसाय आदिका लागि लगानी गरिएको धन; नाफा कमाउन उपयोग गरिने धन; धनसम्पति । उनीहरूले बिस लाख पुँजी लगाएर उद्योग खोले ।

पुनर्बहाली- /पुनर्‌बहालि/ [पुनर्+बहाली] ना. फेरी बहाली हुने काम पुनर्नियुक्ति । उनले प्रजातान्त्रिक सरकारको पुनर्बहालीका लागि एकजुट हुन सबैलाई आह्वान गरिन् ।

पुनर्मिलन- /पुनर्‌मिलन्/ (तत्स.) [पुनर्+मिलन] ना. धेरै समयसम्म भेटघाट नभएका आफन्त, साथी आदिसँग फेरी भेटघाट तथा मिलन । उनीहरूले पुनर्मिलन समारोहको आयोजना गरेका थिए ।

पुनर्विचार- /पुनर्‌बिचार्/ (तत्स.) [पुनर्+विचार] ना. १. पहिले नै निर्णय भएको कुनै विषयमा चित्त नबुझ्दा फेरि विचार गर्ने काम वा सोअनुसारको निर्णय । २. एकपल्ट फैसला भई सकेको मुद्दामा चित्त नबुझ्ने पक्षको निवेदनका आधारमा फेरी गरिने छानविन वा पुनरावलोकन । उसको प्रस्तावमा पुनर्विचार हुनसक्छ ।

पुनस्थापना- /पुनस्थापना/ (तत्स.) [< पुनः+स्थापना] ना. १. फेरि स्थापना गर्ने काम, पहिलोको अवस्थामा ल्याउने काम, पुनःस्थापना । त्यस मन्दिरमा मूर्तिको पुनःस्थापना गरियो । २. पुनर्वास । शरणार्थीहरूलाई शिविरमा पुनस्थापना गरियो । ३. अशक्त वा असमान्य जीवन बिताइरहेकालाई सामान्य जीवनमा फर्काउन गरिने प्रयास । दुर्व्यसनीहरूलाई पुनस्थापनाका लागि उनीहरूले काम गरेका छन् ।

पुर्ख्यौली- /पुर्ख्यौलि/ [< पुर्खा+यौली] ना. पुर्खाहरूको पालादेखि चलिआएको, परम्परादेखि चलेको । नेपालीको पुर्ख्यौली व्यवसाय जैविक खेती नै हो ।

पुलकित- /पुलकित्/ (तत्स.) [पुलक+इत] वि. हर्ष वा भयले आङ जिरिङ्ग भएको, रोमाञ्चित (उदा. पुलिकत अङ्ग, पुलकित शरीर) ।

पेन किलर- /पेन् किलर्/ (आ.) ना. दुखाइ कम गर्ने औषधी । सामान्य पेट दुख्दैमा पेन किलरको प्रयोग गर्नुहुँदैन ।

पेन्सन- /पेन्सन्/ (आ.) ना. नोकरीबाट अवकाश लिएपछि जीवन निर्वाहका लागि पाइने सुबिधा निर्वाह भत्ता । यसपाली सरकारले कर्मचारीको तलब बढाएसँगै पेन्सन पनि बढ्यो ।

पेस्की- /पेस्कि/ (आ.) ना. कसैलाई कुनै काम गर्न लगाउँदा दिने अग्रिम भुक्तानी, अग्रिम रूपमा लिइने पारिश्रमिक । ठेकेदारले सडक निर्माणका लागि पेस्की लियो ।

पौँठाजोरी- /पौँठाजोरि/ [पौँठा+जोरी] ना. सङ्घर्ष, बल प्रदर्शनको खेल । उनले अस्पतालमा एघार दिनसम्म अचेत अवस्थामा मृत्युसँग पौँठाजोरी खेले ।

पौरख- /पौरख्/ ना. १. मान्छेले देखाउने कुनै क्षमता वा सामर्थ्य भएको विशेष गतिविधि, पुरुषार्थ, पराक्रम । पढेपछि उसले ठुलो पौरख गर्‍यो । २. आर्जन, कमाइ । पौरख केही छैन; मिठो खान खोजेर मात्र हुन्छ ।

प्रतिकूल- /प्रतिकुल्/ (तत्स.) [प्रति+कूल] वि. १. आफूले सोचेको वा चाहेको भन्दा उल्टो, अनुकूल नभएको, विपरीत (उदा. प्रतिकूल मौसम, प्रतिकूल परिस्थिति, प्रतिकूल व्यवहार) । २. आफ्नो पक्षमा नभएको, प्रतिपक्षी, विरोधी (उदा. प्रतिकूल समूह) ।

प्रतिबद्धता- /प्रतिबद्धता/ (तत्स.) [प्रतिबद्ध+ता] ना. प्रतिबद्ध हुँदाको अवस्था, वचनबद्धता अठोट उनले निर्णयको कार्यान्वयनमा प्रतिबद्धता जनाए ।

प्रतिबन्ध- /प्रतिबन्ध/ (तत्स.) [प्रति+बन्ध] ना. १. कुनै व्यक्ति, सङ्घ, संस्था आदिका गतिविधिलाई सीमित पार्ने वा रोक लगाउने काम; बन्देज गर्ने काम । सैनिक

सरकारले राजनीतिक दलमाथिको प्रतिबन्ध हटायो । २. विरोध, बाधा, अड्को । खोलो बढेकाले आवतजावतमा प्रतिबन्ध भयो ।

प्रतिमा- /प्रतिमा/ (तत्स.) [प्रति+मा] ना. १. कुनै व्यक्ति, वस्तु आदिको रूप तथा आकृति झल्कने अर्को निर्मित वस्तु (धातु, काठ, माटो आदिबाट बनेको) । २. जिउँदो व्यक्तिको सालिक वा मूर्ति । उनको प्रतिमाको अनावरण गरियो । ३. देवताको मुर्ति वा त्यसको सट्टा राखिने धातु, ढुङ्गो आदि प्रतिमूर्ति (उदा. सुनको प्रतिमा) ।

प्रतिरोधात्मक- /प्रतिरोधात्मक्/ (तत्स.) [प्रतिरोध+आत्मक] वि. प्रतिरोधसम्बन्धी, प्रतिरोधक, रोगसँग लड्न सक्ने । सन्तुलित भोजनले मानिसको प्रतिरोधात्मक क्षमता वृद्धि गर्दछ ।

प्रतिष्ठा- /प्रतिस्ठा/ (तत्स.) [< प्रति+स्था] ना. १. कुनै व्यक्ति, संस्था आदिको इज्जत; मान । २. ख्याति, कीर्ति, प्रसिद्धि । ३. राख्ने तथा स्थापना गर्ने काम, प्रतिस्थापन । नव निर्मित मन्दिरमा देवमूर्तिको प्रतिष्ठा गरियो ।

प्रतिष्ठान- /प्रतिस्ठान्/ (तत्स.) [< प्रति+स्थान] ना. बौद्धिक तथा प्राज्ञिक अध्ययन तथा अनुसन्धानका गतिविधि सञ्चालन गर्ने उच्चस्तरीय संस्था (उदा. नेपाल प्रज्ञा प्रतिष्ठान) ।

प्रदूषण- /प्रदुसण्/ (तत्स.) [प्र+दूषण] ना. १. दूषित पार्ने काम, दोषयुक्त पार्ने काम । २. फोहोर, रोग आदि फैलाउने काम । पानी प्रदूषणका कारणले हैजा फैलिँदै गएको छ ।

प्रपञ्च- /प्रपन्च/ (तत्स.) [प्र+पञ्च] ना.१. कुनै कामको बन्दोबस्त, प्रबन्ध । साथीले वनभोजको प्रपञ्च मिलायो । २. झमेला, झन्जट । उ घर व्यवहारको प्रपञ्चमा फस्यो । ३. जालझेल, छलकपट । कतिपय महिलाहरू नक्कली विवाहको प्रपञ्चम फस्न पुग्छन् र बेचिन्छन् ।

प्रमोद- /प्रमोद्/ (तत्स.) [प्र+मोद] ना. १. हर्ष, आनन्द । २. विनोद, मनोरञ्जन । प्रमोदले पूर्ण महासुखी भयो ।

प्रलोभन- /प्रलोभन्/ (तत्स.) [प्र+लोभन] ना. बढी लोभ, बढी लालच देखाउने काम । उसले पैसाको प्रलोभन देखाएर छिमेकीलाई विदेश लग्यो ।

प्रवर्धन- /प्रबर्धन्/ (तत्स.) [< प्र+वृध्+अन] ना. कुनै वस्तुलाई सानोबाट ठुलो पार्ने काम, वृद्धि गर्ने काम, विस्तार तथा विकास गर्ने काम (व्यापारको प्रवर्धन, उत्पादनको प्रवर्धन) ।

प्रस्फुटन- /प्रस्फुटन्/ (तत्स.) [प्र+स्फुट्+अन] ना. निस्कने तथा प्रकट हुने काम, प्रकटन, व्यक्त हुने क्रिया । सबैको प्रतिभाले प्रस्फुटन हुने अवसर पाउनुपर्छ ।

प्रहसन- /प्रहसन्/ (तत्स.) [प्र+हसन] ना. १. धेरै हसाउने कार्य, हँस्यौली, परिहास । २. हास्य अभिनय, नाटकको हास्य प्रधान एक विधा वा त्यसको अभिनय । जसदीप र हर्कमायाको प्रहसनले हामी सबैलाई पेट मिची मिची हँसायो ।

प्राज्ञ- /प्राग्ग्यँ/ (तत्स.) [< प्रज्ञा] वि. १. प्रज्ञा वा प्रतिभाले युक्त, प्रज्ञावान्, प्रतिभाशाली । ना. २. उच्चस्तरको विद्वान् विशेषण, विज्ञ (उदा. विश्वविद्यालयका प्राज्ञहरू । ३. प्रज्ञा प्रतिष्ठानको सदस्य । उनलाई प्राज्ञ सभामा मनोनयन गरियो ।

प्राज्ञिक- /प्राग्ग्यिँक्/ (तत्स.) [< प्रज्ञा+इक] वि.१. प्रज्ञासँग सम्बन्धित, उच्चस्तरको बौद्धिकता भएको, बौद्धिक (उदा. प्राज्ञिक व्यक्ति, प्राज्ञिक समाज) । २. प्राज्ञसम्बन्धी, प्राज्ञको (उदा. प्राज्ञिक सभा, प्राज्ञिक गतिविधि) । उनको मूल उर्जा प्राज्ञिक कर्मतर्फ नै समर्पित भयो ।

प्रायः /प्राय/ (तत्स.) क्रियो. धेरैजसो, धेरै मात्रामा, अधिकांश रूपमा । कक्षामा प्रायः सबै विद्यार्थीहरू मिहिनेती छन् ।

प्रायश्चित्त- /प्रायस्चित्त/ (तत्स.) [< प्रायः+चित्त] ना. १. पाप वा अपराधको दोष मेटाउने कार्य, आत्मालोचना वा अन्य कठोर उपाय । उसले आफूले गरेका भुलको प्रायश्चित्त गर्‍यो । २. गलत क्रियाकलापमा लागेका मान्छेले धार्मिक विधिपूर्वक मन र शरीरको शुद्धिका निम्ति गर्ने दान, धर्म आदि । मन्दिरमा गएर पाठपूजा गरी प्रायश्चित्त गरियो ।

प्रावधान- /प्राबधान्/ (तत्स.) [< प्र+अव+धान] ना. १. आवश्यक वस्तु वा सुविधा जुटाउने काम, प्रबन्ध, तयारी । त्यहाँ धेरै जनका लागि भोजन र आवासको प्रावधान छ । २. सर्त, परिकल्पना । ३. कानुनी व्यवस्था । ऐनमा कर्मचारीको छनोटबारे नयाँ प्रावधान राखिएको छ ।

**फ**

फिस्टे- /फिस्टे/ [फिस्टो+ए] वि. फिस्टो जस्तो सानो, ज्यादै सानो, दुब्लो (उदा. फिस्टे केटो) । फिस्टे केटो आयो ।

**ब**

बग्रेठो- /बग्ग्रेको/ [< बगर+एठो] ना. (वहु./ति. बग्रेठा) । खोलाले बगाएर ल्याएको रुख, काठ आदि ।

बन्धन- /बन्धन्/ (तत्स.) [बन्ध+अन] ना. बाँध्ने काम वा प्रक्रिया । २. बाँध्ने साधन । बन्धन चुँडिनाले बार भत्कियो । ३. बन्देज, नियन्त्रण, रोक्का, अबरोध । अब म यो संसारको बन्धनबाट मुक्त भएको छु ।

बर्खास्त- /बर्खास्त/ (आ.) वि. हटाइएको, खारेज, निकाला, अवकाश प्राप्त । सन्तोषजनक काम नगरेकाले उसलाई नोकरीबाट बर्खास्त गरियो ।

बर्खे- /बर्खे/ [बर्खा+ए] वि. बर्खामा हुने, बर्खायामको, बर्षासम्बन्धी । समयमै पानी परेकाले बर्खे बाली सप्रियो ।

बलिन्द्रधारा- /बलिन्द्रधारा/ ना. [बलिन्द्र+धारा] पानी बलेनीबाट चुहेको पानीको धाराजस्तो, बरबरी चुहेको आँसुको धारा, अटुट । कमलका आँखाबाट बलिन्द्रधारा आँसु खसिरह्यो ।

बह- /बह/ ना. भित्रि, दुःख, मनको पिर, आन्तरिक पीडा वा वेदना । उनले आफ्नो मनको बह साथीसँग पोखे । 'मनको बह कसैलाई नकह' (उखा.) ।

बहाडी- /बहाडि/ (आ.) [बहाड+ई] ना. खुसियाली, मनोरञ्जन, मनोविनोदले युक्त, फरासिलो । ऊ बडो बहाडी मान्छे हो ।

बहाना- /बहाना/ (आ.) ना. कुनै कामलाई छल्ने उपाय, बनावटी कारण, निहुँ । ऊ बिरामी भएको बहाना गरेर विद्यालय गएन ।

बहुमूल्य- /बहुमुल्य/ (तत्स.) [बहु+मूल्य] वि. धेरै मोल पर्ने, धेरै महत्त्वको, अमूल्य । साथीहरूलाई बहुमूल्य सुझावका लागि धेरै धन्यवाद दिन चाहन्छु ।

बाग- /बाग्/ (आ.) ना. बगैचा । बागमा फूलहरू ढकमक्क गरी फूलेका छन् ।

बिँड- /बिँड्/ ना. कुनै औजारको हातले समात्ने भाग (उदा. कोदालाको बिँड हसियाको बिँड) । बिँड तातेर के गर्नु तावा तात्नुपर्छ ।

बिचल्ली- /बिचल्लि/ [< बिच+रल्ली] ना. अस्तव्यस्त स्थिति, बिजोग, दुर्दशा, बिल्लीबाठ । भूकम्पले घर भत्कँदा उनीहरू बिचल्लीमा परे ।

बिनसित्ति- /बिनसित्ति/ [< विना+सिद्धि] क्रियो. व्यर्थमा, बेकाममा, विनाकारण । ऊ मसँग बिनसित्ति रिसायो ।

बिलौना- /बिलौना/ [< विलाप+औना] ना. रुँदै गरेको पुकारा, विलाप, दुखेसो । उनीहरूको बिलौना सुनेर गाउँलेहरूले पनि आँसु थाम्न सकेनन् ।

बेचैनी- /बेचैनि/ [बेचैन+ई] ना. १. चैन नभएको स्थिति, छटपटी, अशान्ति, व्याकुलता । बिरामीलाई बेचैनी बढेको छ । २. चिन्ता तनाब । झगडा भएकाले घरमा बेचैनी बढेको छ ।

## भ

भताभुङ्ग- /भताभुङ्ग/ [< भत्क+आ+भङ्ग] वि. सबैतिर बिथोलिएको वा भत्किएको, लथालिङ्ग, नष्टभ्रष्ट । मेरो योजना भताभुङ्ग भयो ।

भन्ज्याङ - /भन्ज्याङ्/ ना. दुई पहाडका बिचको होचो तथा खोच परेको ठाउँ वा उकालो सकिने ठाउँ, घाँटी (उदा. चार भन्ज्याङ, साँगा भन्ज्याङ) । भन्ज्याङमा आइपुग्दा चारैतिर अँध्यारो भयो ।

भरमग्दुर - /भर्मग्दुर्/ [भर + मग्दुर] क्रियो. क्षमताले भ्याएसम्म, सकेसम्म । भरमग्दुर प्रयास गर्दा पनि ऊ सफल भएन ।

भर्त्सना - /भरत्सना/ (तत्स.) [भर्त्स + अन+आ] ना. १ निम्न तथा दृष्ट कार्य वा गतिविधिप्रति प्रकट गरिने रिष, क्रोध । भेदभावको घटनाप्रति भर्त्सना गरियो । २. निन्दा, गाली गलौज । व्यापक जनमतले सैनिक सरकारको ठुलो भर्त्सना गऱ्यो ।

भागबन्डा - /भाग्बन्डा/ [भाग + बन्डा] ना. बाँडेर भाग लगाउने काम, बाँडफाँड, अंशबन्डा । कान्छाले आमाको स्याहारसुसार गर्ने समयमा पनि भागबन्डा लगाउने प्रस्ताव राख्यो ।

भारोपर्म - /भारापर्म/ ना. [< भारा+पर्म] कृषकहरूका बिच चल्ने श्रमको आदानप्रदान, कामको ऐँचोपैँचो वा आलोपालो । भारापर्म गरेर उसले यस वर्षको रोपाइँ सिद्धचायो ।

भाव - /भाब्/ (तत्स.) [< भू] ना. १ कुनै कथन, रचना आदिको मुख्य अभिप्राय; आशय; तात्पर्य (उदा. कविताको भाव) । २. मनमा उब्जिएको कुरो, भावना, कल्पना (उदा. भक्तिभाव, मित्रभाव) । मनभित्र रहेका भावना वा आवेग, रिस, शोक, भय आदिले अनुहारमा देखिने प्रभाव वा सङ्केत; प्रतिक्रिया । उसको अनुहारमा गम्भीर भाव देखियो ।

भिक्षाटन - /भिक्छ्याटन्, भिच्छ्याटन्/ (तत्स.) [< भिक्षा+अटन] ना. भिक्षाका लागि घरघर डुल्ने काम, घरघर डुलेर भिक्षा बटुल्ने काम । जोगीहरू भिक्षाटनमा निस्किए ।

भुक्तान - /भुक्तान्/ [< भुक्त+आन] ना. १. भोग गर्ने काम, उपभोग । कैदीले सजाएको अवधि भुक्तान गऱ्यो । २. लेनदेन चुक्ता गर्ने काम, तिर्ने काम । ऋण भुक्तान भयो । ३. गुजार्ने वा बिताउने काम, व्यतीत गर्ने काम । उसले जीवनमा धेरै कष्ट भुक्तान गऱ्यो ।

भोक्तावादी - /भोक्ताबादि/ (तत्स.) [भोक्ता+वादी] वि. खानपिन, भोगविलास र मोजमस्तीमा रमाउनुपर्छ भन्ने मान्यता भएको । हाम्रो समाज बढी भोक्तावादी हुँदै गएको छ ।

# म

मजदुरी - /मज्दुरि/ (आ.) [मजदुर + ई] ना. १ मजदुरले गर्ने काम वा पेसा । २. मजदुरले पाउने ज्याला, पारिश्रमिक, ज्यालादारी । राम मजदुरी गरेर परिवार पाल्दै छ ।

मञ्जरी - /मन्जरि/ (तत्स.) ना. बोटविरुवामा भरखर निस्केका कलिला पात, मजुरा, आँकुरा (उदा. नयाँ कविता सहकार मञ्जरी) ।

मञ्जु - /मन्जु/ (तत्स.) वि. १ सुन्दर, मनोहर (उदा. मञ्जु अङ्कुर) । २. मिठो, मधुर, कोमल (उदा. मञ्जु वचन) ।

मञ्जुश्री - /मन्जुस्स्रि/ (तत्स.) [मञ्जु+श्री] ना. प्राचीन कालमा काठमाडौँ उपत्यकाको विशाल तलको पानी चोभारको डाँडाबाट कटाएर त्यहाँ बस्ती बसाउने ठानिएका एक महापुरुष । काठमाडौँमा बस्ती बसाउन मञ्जुश्रीले चोभारको डाँडो काटेर पानी निकास गरेका थिए ।

मट्याङ्ग्रो - /मट्याङ्ग्रो/ [< माटो+याङ्ग्रो] ना. माटाका गुच्चा जस्तै गोलो सानो डल्लो, गुलेलीमा राखेर हान्ने गोली । उसले हानेको मट्याङ्ग्रोले ढुकुरको खुट्टामा लाग्यो ।

मदालस- /मदालस्/ (तत्स.) [मद+अलस] वि. मद वा नसालु वस्तुको सेवनले लट्ठ परेको ।

मधुमेह- /मधुमेह/ (तत्स.) [मधु+मेह] ना. चिठी वा श्वेतसार नपच्ने एक प्रकारको रोग, चिनीको रोग । मधुमेहको रोगीले गुलियो कम खानुपर्छ ।

मन्त्रमुग्ध- /मन्त्रमुग्ध/ (तत्स.) [मन्त्र+मुग्ध] वि .१. मन्त्रले लट्ठ परेको, मन्त्रले मोहित । २. कसैको कुरा सुनेर लट्ठ परेको, ध्यानमग्न । उनीहरूले नेताको भाषण मन्त्रमुग्ध भएर सुने ।

महापात्र- /महापात्त्र/ (तत्स.) [महा+पात्र] ना. १. मृतकका नाममा दान गरिएको वस्तु लिने, ब्राहमण, महाब्राहमण, दान दिन योग्य व्यक्ति । बुढाको भित्री मनमा महापात्रलाई राम्रोसँग पञ्चदान कर्म गरौँ भन्ने थियो ।

माघी- /माघि/ [माघ+ई] ना. माघ लाग्दा मनाइने पर्व । थारुहरू माघी धूमधामसँग मनाउँछन् ।

मिताहार- /मिताहार्/ (तत्स.) [< मित+आहार] ना. ठिक मात्राको खानपान । जीवनका लागि मिताहारमा ध्यान दिनुपर्छ ।

मुक्त- /मुक्त/ (तत्स.) [< मुच्+त] वि. १. कसैको अधीन वा बन्धनबाट छुटेको, फुक्का, स्वतन्त्र, (उदा. जेलबाट मुक्त, सङ्कटबाट मुक्त, रोगबाट मुक्त) । २. त्यागेको, मोक्ष भएको, अनासक्त (उदा. जीवन मुक्त) । ३. खुल्ला निर्धक्क, स्वच्छन्द, (मुक्त समाज, मुक्त व्यापार) ।

मुख्तियार- /मुख्तियार्/ (आ.) ना. राणा शासनभन्दा पहिले प्रधानमन्त्री वा त्यस्तो अभिभारा लिने व्यक्तिलाई बुझाउने शब्द (उदा. मुख्तियार भीमसेन थापा) ।

मुण्डन- /मुन्डन्/ (तत्स.) ना. १. कपाल खौरने काम, केश कटाइ (उदा. केश मुण्डन) । २. मुड्ने काम, जोगी पार्ने काम । ३. ठग्ने काम, ठगाइ (ला.) ।

मूल्य- /मुल्ल्य/ (तत्स.) [< मूल+य] न. १. कुनै सामान किनबेच गर्दा त्यसको लागि तोकिएको रकम, मोल, किमत (उदा. किताबको मूल्य, जग्गाको मूल्य) । २. कुनै वस्तुको गुण, महत्त्व, उपयोगिता । समाजमा उनको भनाइको मूल्य घट्यो । ३. मानि आएका मान्यता, विश्वास आदि । समाजमा पुराना मूल्यहरू विस्थापित भएर नयाँ मूल्यहरू स्थापित हुँदै जान्छन् ।

मेन्डोलिन- /मेन्डोलिन्/ (आ.) ना. चार वा पाँच जोडी तार हुने, गहिरो तुम्बा हुने र बजाइने एक प्रकारको बाद्ययन्त्र; एक प्रकारको सानो गितार । उनले कलकत्तामा मेन्डोलिन सिक्ने अवसर पाए ।

## य

यलम्बर- /यलम्बर्/ (तत्स.) ना. किँरात वंशका पहिलो राजा । किँरात वंशका पहिलो राजा यलम्बर हुन् ।

याचक- /याचक्/ (तत्स.) [< याच्+अक] नाक मागेर जीविका चलाउने व्यक्ति, माग्ने मानिस, मगन्ते । उनी लाचार भई छोरा बुहारीतिर याचक भावले हेर्थे ।

यातायात- /यातायात्/ (तत्स.) [< यात+आयात] ना. १. सबारी साधनको आवतजावत, आगमनको साधन । पहिराले गर्दा यातायात अवरुद्ध भयो । २. बाटोघाटो, मार्ग (जल यातायात, हवाई यातायात, स्थल यातायात) ।

युगल- /युगल्/ (तत्स.) [युग+ल] वि. १. दुइटाको संयुक्त जोडी (उदा. युगल गीत, युगल गायन, युगल दम्पती) । २. जुम्ल्याहा, युग्म । गङ्गा र हर्कबहादुर युगल गायनमा प्रथम भए ।

## र

रक्तचाप- /रक्तचाप्/ (तत्स.) [रक्त+चाप] ना. शरीरमा रगतको सञ्चारमा हुने दबाब, रक्तसञ्चारको तीव्रता वा अल्पता (उदा. उच्च रक्तचाप, निम्न रक्तचाप) । अनियमित र अधिक आहाराले उच्च रक्तचाप जस्तो रोगलाई निम्त्याउने गर्दछ ।

रङ्ग- /रङ्ग/ (तत्स.) ना. १. कालो, रातो, पहेँलो, हरियो आदि वर्ण रङ । २. रमाइलो नाचगान, नृत्य, महफिल (उदा. रसरङ्ग, रङ्गमञ्च) । ३. नसा । उसलाई महफिलको रङ्ग बेस्सरी लागेछ ।

रज१- /रज्/ (तत्स.) [< रजस्] ना. १. सृष्टिका तिन गुण (सत्व, रज, तम) मध्ये एक गुण, रजोगुण । २. रजस्वला हुँदा नारीको पाठेघरबाट निस्कने रगत । ३. फूलको पराग, केशर, पुष्प पराग (उदा . मुछेर तेही रजमा घरीघरी) ।

रज२- /रज्/ (तत्स.) [< राजा] ना राजा, राज वा राज्य भन्ने अर्थमा शब्दको अगाडि आउने शब्दांश (उदा. रजपूत, रजबन्धकी) ।

रसाल- /रसाल्/ (तत्स.) ना. आँप वा कटहरको रस, मिठो रस । उसले आनन्दसँग रसाल पियो ।

रसिक- /रसिक्/ (तत्स.) [रस+इक] ना. १. काव्य, कला, सौन्दर्य आदिमा विशेष अभिरुचि लिने व्यक्ति; सहृदयी व्यक्ति (उदा. काव्यको रसिक, सङ्गीतको रसिक । २. रसज्ञ, मर्मज्ञ, पारखी । वि. ३. मनोरञ्जन मन पराउने, मन प्रसन्न पार्ने, हँस्सीठट्टा गर्ने (रसिक कलाकार, रसिक कवि) ।

राजीनामा- /राजिनामा/ (आ.) [राजी+नामा] ना. १. आफ्नो अधिकारमा रहेको अचल सम्पत्तिको हक राजीखुसीका साथ कसैलाई छोड्ने काम । २. आफूले पाएको पदबाट पछि हट्ने वा सोका लागि सम्बन्धित कार्यालयबाट दिइने लिखित त्यागपत्र । उनले सचिव पदबाट राजीनामा दिए ।

राज्यकोष- /राज्ज्यकोस्/ (तत्स.) [राज्य+कोष] ना. राज्यको आम्दानी जम्मा हुने कोष, सरकारको ढुकुटी । चन्द्रशमशेरले सिंहदरबार बनाउनका लागि राज्यकोषबाट दुई करोड रूपैयाँ लिए ।

रिहा- /रिहा/ (आ.) वि. जेल, बन्धन आदिबाट छुटेको; छुटकारा पाएको; मुक्त भएको । ऊ कैदबाट रिहा भयो ।

रुष्ट - /रुस्ट/ (तत्स.) [< रुष्+त] वि. रिसाएको, क्रोधित (उदा. रुष्ट अनुहार, रुष्ट व्यक्ति) । आमा सन्तानसँग सधैँ रुष्ट भईरहन सक्तिनन् ।

रोदी- /रोदि/ (आ.) ना. विशेष गरी गुरुङ जातिका ठिटाठिटीहरूले रातमा गीत गाउने, नाच्ने ठाउँ, गुरुङ जातिको प्रचलित गीत । उनीहरू रोदीको रन्कोमा जुटेका थिए ।

रोलक्रम- /रोल्क्रम्/ (आ.) [रोल्+क्रम] ना. माथिल्लो पदमा जाने पालो । सबैलाई रोलक्रममा माथि जानु छ ।

## ल

लगनशील- /लगन्सिल्/ (तत्स.) [लगन+शील] वि. १. लगन भएको, काममा राम्ररी लागेको, दत्तचित्त (उदा. लगनशील कर्मचारी, लगनशील कामदार) । २. अध्ययनशील । ऊ पढाइमा लगनशील विद्यार्थी हो ।

लघार्नु- /लघार्नु/ सक्रि. (कक्रि. लघारिनु) । कसैलाई खेद्नु धपाउनु, लखेट्नु । चोरहरूलाई समाजबाट लघार्नुपर्छ ।

लता- /लता/ (तत्स.) ना. रूख, थाँक्रो आदिमा बेरिएर वा जेलिएर फैलने वनस्पति, लहरा ।

लथालिङ्ग- /लथालिङ्ग/ [< सं. श्लथलिङ्ग] वि. जतातत्तै छरिएको, अलपत्र, अस्तव्यस्त । कोठमा सामान लथालिङ्ग छन् । ना. २. बेथिति, अस्तव्यस्त अवस्था, बिग्रिएको । उसले घरको अवस्था लथालिङ्ग बन्नबाट जोगाउन सकेन ।

लाचार- /लाचार्/ (आ.) वि. १. कुनै उपाय नलागेको, विवश, बाध्य (लाचार व्यक्ति, लाचार अवस्था) । बुढाबुढी काम गर्ने गर्न निकै लाचार छन् ।

ल्होसार- /ल्होसार्/ (तत्स.) ना. तामाङ, शेर्पा, गुरुङ आदि हिमाली जातिले मनाउने नयाँ वर्ष, त्यस्तो पर्व । तामाङले नयाँ वर्षको रूपमा ल्होसारलाई मनाउँछन् ।

## व

वक्ता- /बक्ता/ (तत्स.) [< वच्+ता] ना. बोल्ने व्यक्ति, भाषाण गर्ने व्यक्ति, वाचक । ऊ यस कार्यक्रमको पहिलो वक्ता हो ।

वनमाला- /बनमाला/ (तत्स.) [वन+माला] ना. वनमा पाइने माला जस्तो लहरा । मैले वनमालाका केही लहरा पनि बोके ।

वन्दना- /बन्दना/ (तत्स.) [वन्द+अन+आ] ना. १. हात जोरेर गरिने प्रार्थना, मन्त्रद्वारा गरिने पूजा, स्तुति (उदा. सरस्वती वन्दना) । २. श्रद्धेय व्यक्ति वा संस्थालाई आदर गर्ने काम, आदर भाव (उदा. मातृ वन्दना, राष्ट्र वन्दना) । ३. प्रणाम, अभिवादन, ठोग । उहाँहरूलाई मेरो वन्दना छ ।

वरण- /बरण्/ (तत्स.) [< वृ+अन] ना. १. बिहामा केटीले केटालाई वा केटाले केटीलाई रोज्ने काम । २. निम्तो गरिएको व्यक्तिलाई वस्त्र आदि दिएर स्वागत गर्ने काम । ३. रोजाइ, छनोट , धारणा । उनले देवघाट गएर सन्यास वरण गरे ।

वसन्त- /बसन्त/ (तत्स.) ना. छ ऋतुमध्ये एक ऋतु, चैत्र र वैशाख महिनामा पर्ने समय, वनस्पति वा बोटविरुवामा पालुवा लाग्ने र फूल फुल्ने याम । वसन्त लागेपछि वातावरण उमङ्गमय हुन्छ ।

वार्षिकी- /बार्सिकि/ (तत्स.) [वार्षिक+ई] ना. १. प्रत्येक वर्षमा गरिने काम, वार्षिक दिवस । विद्यालयको वार्षिकी मनाइयो । २. मानिस मरेको वर्षदिनमा गरिने कर्म वा श्राद्ध । हजुरबुबाको वार्षिकी पुरा भयो ।

विकट- /बिकट्/ (तत्स.) [वि+कट] वि. १. जान तथा पुग्न असजिलो, दुर्गम, अप्ठेरो (उदा. विकट पहाड, विकट गाउँ) । २. डरलाग्दो, भयङ्कर ।

विकराल- /बिकराल्/ (तत्स.) [वि+कराल] वि. १. डरलाग्दो, भयानक । महामारीले विकराल रूप लियो । २. ज्यादै ठुलो, विशाल, (उदा. विकराल समस्या) ।

विगत- /बिगत्/ (तत्स.) [वि+गत] वि. १. गएको, बितेको (उदा. विगत वर्ष, विगत काल) । २. नभएको, रहित । ना. ३. पहिलेको वा बितेको कुरा । विगत हेरेर मात्र मानिसको मूल्याङ्कन गरिनुहुँदैन ।

विचित्र- /बिचित्र/ (तत्स.) [वि+चित्र] वि. १. धेरै किसिमको रूप वा रङ्ग भएको, रङ्गीचङ्गी (उदा. विचित्र रूप, विचित्र वस्त्र) । २. अनौठो, अचम्मको, अद्भूत (उदा. विचित्र आकृति, विचित्र घटना) । ३. सामान्यभन्दा धेरै भिन्न, असाधारण (उदा. विचित्र प्रतिभा) । नेपाली साहित्यमा देवकोटा विचित्रका प्रतिभा हुन् ।

विधुर- /बिधुर्/ (तत्स.) [वि+धुर] ना. १. स्वास्नी मरेको पुरुष, राँडो । २. दुःख पाएको, कष्टभोगी । ३. आत्तिएको, व्याकुल । ४. विरोधी । ऊ मेरो लागि विधुर हो ।

विभूति- /बिभुति/ (तत्स.) [वि+भूति] ना. राष्ट्रलाई महान् योगदान दिने व्यक्तित्व, त्यस्तो महापुरुष । उनी नेपालका राष्ट्रिय विभूति हुन् ।

विभूषण- /बिभुसण्/ (तत्स.) [वि+भूष्+ अन] ना. १. गहना, आभूषण, अलङ्कार । २. कुनै विशिष्ट काम गरेबाफत दिइने पदक, तक्मा आदि । ३. सौन्दर्य, सुन्दरता । मिठो बोली उनको विभूषण हो ।

विमर्श- /बिमर्स/ (तत्स.) [वि+मर्श] ना. १. कुनै वास्तविक तथ्यको खोजी, अन्वेषण । २. कुनै विषयबारे गरिने विवेचना, छलफल, तर्कवितर्क (उदा. बिचारको विमर्श) । ३. परामर्श, सरसल्लाह । हिजो व्यावसायिक शिक्षाको बारेमा विद्वान्सँग विमर्श गरियो ।

विमाता- /बिमाता/ (तत्स.) [वि+माता] ना. सौतेनी आमा । उसका बुबाले घरमा विमाता भित्र्याए ।

विमुख- /बिमुख्/ (तत्स.) [वि+मुख] वि. १. अर्कातिर मुख फर्काएको, विपरीत दिशातिर फर्केको । २. निराश, विरक्त, उदासीन । ३. अवसरबाट वञ्चित, ठगिएको । सडक बालबालिका शिक्षा पाउने अवसरबाट विमुख भएका छन् ।

विराजमान- /बिराज्मान् / (तत्स.) [वि+राज्+मान] वि. १. आसनमा राम्ररी बसेको, आसीन । सभापति आसनमा विराजमान हुनहुन्छ । २. शोभायमान, सुहाएको । अतिथिहरूले सभा विराजमान भयो ।

विरुद्ध- /बिरुद्ध/ (तत्स.) [वि+रुद्ध] ना. १. कसैको विचार, मत आदिको विरोध, असहमति, विपक्ष । ऊ मेरो विरुद्धमा लाग्यो । वि. २. मेल नखाने, उल्टो, प्रतिकूल (उदा. नियमको विरुद्ध काम, विरुद्ध आचरण) । ३. विरोधमा, विपक्षमा । उसले हामी विरुद्ध प्रचार गऱ्यो ।

विवश- /बिबस्/ (तत्स.) [वि+वश] वि. इच्छा भए पनि केही गर्न नसक्ने, बाध्यतामा परेको, लाचार, बाध्य । घर व्यवहारले गर्दा ऊ पढाइ छोड्न विवश भयो ।

विश्राम- /बिस्स्राम्/ (तत्स.) [< वि+श्रम] ना. थकाइ मार्ने काम, आराम । २. बोझिलो भारी बिसाउने काम, विश्रान्ति । चौतारामा एकछिन भारी बिसाएर विश्राम गरियो । ३. अडान, विराम, यति । कविता पढ्दा विश्रामको ख्याल गर्नुपर्छ ।

विश्वासघात- /बिस्स्वासघात्/ (तत्स.) [विश्वास+घात] ना. कसैको विश्वासमा आघात पुऱ्याउने काम, कबुलको विपरीत काम, धोका । उसले मलाई लेनदेनको व्यवहारमा विश्वासघात गऱ्यो ।

विषमता- /बिसम्ता/ (तत्स.) [विषम+ता] ना. आकार, रङ्ग, गुण, व्यवहार आदिमा एकनास नभएको स्थिति; असमानता; वैषम्य । भौगोलिक विषमताका कारणले नेपालको सबै भूभागमा यातायातको सुविधा पुऱ्याउन सकिएको छैन ।

विषयगत - /बिषयगत्/ (तत्स.) [विषय+गत] वि. १ कुनै विषयसँग सम्बन्धित (उदा. विषयगत छलफल । २. हरेक विषयको, विषयपिच्छे (उदा. विषयगत गोष्ठी) ।

विषादी१- /बिसादि/ (तत्स.) [< विष+आदि] ना. विष भएका वस्तु, कीटाणुहरू मार्ने विभिन्न खालका औषधी, बिखालु चिज । कृषकहरू विषादी छरेरे बालीनालीका किटाणु निर्मूल पार्छन् ।

विषादी२- /बिसादि/ (तत्स.) [विषाद+ई] विषाद वा खिन्नता भएको, उदासीन, दिक्क (उदा. विषादी मन) ।

वृक्ष- /ब्रिक्छ्य, ब्रिच्छ्य/ (तत्स.) ना. रुख, जमिनमुनि जरा हुने मूल, काष्ठ, हाँगा, पात, आदि सहितको अग्लो वनस्पति (उदा. पिपलको वृक्ष, आँपको वृक्ष) ।

वृत्तान्त- /ब्रित्तान्त/ (तत्स.) [वृत्त+अन्त] ना. कुनै वस्तु, विषय, घटना आदिको विस्तृत विवरण; बेलीविस्तार; वर्णन (उदा. घटनाको वृत्तान्त, ऐतिहासिक वृत्तान्त ) । उसले मलाई दरबार हत्याकाण्डको वृत्तान्त सुनायो ।

वृष्टि- /ब्रिस्टि/ (तत्स.) [< वृष+ति] ना. १. आकाशबाट पानी बर्सने काम, झरी । २. कुनै वस्तु माथिबाट लगातार झर्ने वा बर्सने काम, बर्साइ (उदा. पुष्पवृष्टि, असिनाको वृष्टि) ।

व्यथा- /ब्यथा/ (तत्स.) [व्यथ्+आ] ना. १. शरीर वा मनमा हुने पीडा, चिन्ता, पिर (शारीरिक व्यथा, मानसिक व्यथा) । २. रोग, बिराम, बिसन्चो (उदा. चर्को व्यथा, सुत्केरी व्यथा) । उनलाई सुत्केरी व्यथाले च्यापेछ ।

व्यस्तता- /ब्यस्तता/ (तत्स.) [व्यस्त+ता] ना. १. व्यस्त भएको स्थिति, काममा पूर्ण संलग्नता, तल्लीनता । असारमा किसानको घरमा कामको व्यस्तता हुन्छ । २. बेफुर्सदी । कामको व्यस्तताले गर्दा गोष्ठीमा आउन सकिएन ।

व्यावसायीकरण- /ब्याबसाइकरण्/ (तत्स.) [व्यावसाय+ई+करण] ना. पेसा वा व्यवसायका रूपमा विकास गर्ने काम । जैविक खेती निर्वाहमुखी मात्र नभई यसको व्यावसायीकरण हुनुपर्छ ।

**श**

शङ्कालु- /सङ्कालु/ (तत्स.) [< शङ्का+आलु] वि. कसैको भनाइप्रति अविश्वास गर्ने, मनमा द्विविधा भएको, शङ्का गर्ने, निर्णयका लागि दोधारमा परेको । ऊ शङ्कालु स्वभावको मान्छे हो ।

शल्यचिकित्सा- /सल्यचिकित्सा/ (तत्स.) [शल्य+चिकित्सा] ना. चिरफारद्वारा गरिने उपचार, शल्यक्रिया । डाक्टरले मिर्गौलाको पत्थरी शल्यचिकिल्सा गरेर निकाले ।

शास्त्र- /सास्त्र/ (तत्स.) [शास्+त्र] ना. १ खास विषयको गहन अध्ययन, अनुसन्धानसँग सम्बन्धित विद्या, कुनै विषयको सिद्धान्त वा त्यससँग सम्बन्धित ग्रन्थ (उदा. अर्थशास्त्र, जीवशास्त्र) । २. समाजलाई अनुशासनमा राख्ने विधि, नियम आदिको चर्चा भएको ग्रन्थ (उदा. धर्मशास्त्र, नीतिशास्त्र) । ३. कुनै विशिष्ट अध्ययन वा त्यससम्बन्धी ग्रन्थ (ज्योतिष, वेद, पुराण आदि) । शास्त्र थाहा नभई कुरा गर्नु उचित हुँदैन ।

शीत- /सित्/ (तत्स.) वि. १. रात वा साँझको बेलामा आकाशबाट जमिनमा पर्ने चिसो पानीको कण, ओस । चौरको दुबोमा शीत परेछ । २. चिसो, जाडो (उदा. शीतकाल, शीत लहर) ।

शुद्धशान्ति- /सुद्धसान्ति/ (तत्स.) [शुद्ध+शान्ति] ना. जुठो वा सूतक सकिने बेलामा गरिने कर्म, स्वस्तिशान्ति, सुद्धाइँ । मृतकको तेह्रौँ दिनमा शुद्धशान्ति गरियो ।

शुभारम्भ- /सुभारम्भ/ (तत्स.) [< शुभ+आरम्भ] ना. असल कार्यको थालनी, शुभकर्मको आरम्भ । विद्यालय निर्माणको शुभारम्भ गरियो ।

शुष्क- /सुस्क/ (तत्स.) [शुष+क(< त)] वि १. ताप, राप आदिले सुकेको; सुक्खा (शुष्क वातावरण, शुष्क शरीर । २. नीरस, बिरसिलो (उदा. शुष्क व्यवहार) । ३. रुखो, कर्कश (उदा. शुष्क स्वर, शुष्क आवाज) ।

शूरवीर- /सुर्बिर्/ (तत्स.) [शूर+वीर] वि./ना. सुरो र बहादुर, साहसी, पराक्रमी आँटिलो (उदा. शूरवीर योद्धा) । नेपाल शूरवीरहरूको भूमि हो ।

श्राद्ध- /स्राद्‌ध/ (तत्स.) [< श्राद्ध] ना. बाबुआमा, पूर्खा, आफन्त मरेको तिथिमा उनीहरूको सम्झनामा गरिने कर्म, सराद्ध । 'श्राद्ध गर्नुभन्दा सिधा पुऱ्याउन गाऱ्हो' (उखा.) ।

श्रेयस्कर- /स्रेयस्कर्/ (तत्स.) [< श्रेयस्+कर] वि. १. श्रेय वा कल्याण हुने, हितकारी, मङ्गलकारी । २. असल, उचित, उपयुक्त । बर्खामा छाता बोकेर हिँड्नु श्रेयस्कर हुन्छ ।

## ष

षडयन्त्र- /सड्यन्त्र/ (तत्स.) [< षट्+यन्त्र] ना. कसैको अहित वा अनिष्ट गर्न गरिने जालझेल, छलकपट, कसैका विरुद्धमा गरने गुप्त गतिविधि । उसले तिमी विरुद्ध षडयन्त्र गऱ्यो ।

## स

सँगाल्नु- /सँगाल्नु/ [सँगाल+(नु)] सक्रि. (कक्रि. सँगालिनु) छरिएका वस्तुहरूलाई एक ठाउँमा जम्मा गर्नु वा भेला पार्नु, वस्तुहरू मिलाएर उपयुक्त ठाउँमा राख्नु, बटुल्नु, समेट्नु । दिदीले छरिएका सुन्तलाहरू सँगाल्नुभयो ।

संयमित- /सम्यमित्/ (तत्स.) [संयम+इत] वि. १. संयममा रहेको, मर्यादामा बसेको, मर्यादित (उदा. संयमित व्यवहार, संयमित आचरण) । २. नियन्त्रणमा रहेको, नियन्त्रित । सन्तुलित र संयमित आहार नै उत्तम औषधी हो ।

संवाहक- /सम्बाहक्/ (तत्स.) [सम्+वाहक] वि./ना. कुनै वस्तुलाई एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने, राम्ररी वहन गर्ने, राम्रो नेतृत्वकर्ता । विद्यार्थीहरू पनि चेतना विस्तारका संवाहकहरू हुन् ।

संविधान- /सम्बिधान्/ (तत्स.) [सम्+विधान] ना. देशको सञ्चालनका लागि बनाइएको कानुन, देशको मूल कानुन । संविधानलाई कानुनको मूलस्रोत मानिन्छ ।

संवेदनशील- /सम्बेदन्सिल्/ (तत्स.) [संवेदन+शील] वि. १. छिट्टै संवेदना उत्पन्न गर्ने, तत्काल अनुभूति हुने (उदा. संवेदनशील अङ्ग) । २. गम्भीर, मार्मिक, मर्मस्पर्शी (उदा. संवेदनशील विषय) । ३. छुन, चलाउन वा उपयोग गर्ने सतर्क हुनुपर्ने; कोमल (उदा. संवेदनशील, यन्त्र) । हतियार चलाउदा संवेदनशील ढङ्गले चलाउनुपर्छ ।

संशोधन- /सम्सोधन्/ (तत्स.) [सम्+शोधन] ना. १. लेखाइमा पाइने अशुद्धिलाई सच्याउने काम, त्रुटिहरूको निराकरण । २. काँटछाँट, थपथाप आदि गरी सुधार्ने काम; परिष्कार; परिमार्जन (उदा. भाषाको संशोधन, संविधान संशोधन) । संविधानको संशोधन प्रक्रिया सरल हुनुपर्छ ।

संस्कृति- /सम्स्क्रिति, सँस्क्रिति/ (तत्स.) [< सम्+कृति] ना. देश वा जातिको कला, साहित्य, सङ्गीत, आचार, व्यवहार तथा बौद्धिकता र त्यसलाई मौलिक पहिचान दिन सक्ने विशेषता; परम्परादेखि चलिआएको रीतिरिवाज; संस्कार । परनिर्भरता घट्न जाँदा स्वावलम्बी संस्कृतिको विकास हुन्छ ।

सक्षमता- /सक्छ्यमता, सच्छ्यम्ता/ (तत्स.) [सक्षम+ता] ना. १. कुनै कार्य वा गतिविधिका लागि आवश्यक पर्ने खास क्षमता, सामर्थ्य, विप. अक्षमता । २. विशेष कुशलता, कार्य दक्षता, कार्य सम्पन्न गर्ने गुण । पाठ्यक्रमले निर्धारण गरेका सक्षमता विद्यार्थीमा हासिल हुनुपर्छ ।

सङ्कल्प- /सङ्कल्प/ (तत्स.) [< सम्+कल्प] ना. १. कुनै इच्छा साकार पार्ने अठोट वा कुनै काम गर्ने दृढ निश्चय, मनको आँट, प्रतिज्ञा । प्रधानमन्त्रीले छिट्टै

स्थानीय निकायको चुनाव गराउने सङ्कल्प गरे । २. पूजा, यज्ञ आदिमा यज्ञमानको तर्फबाट पुरोहितले पढ्ने दान, पुण्य, कर्म आदिसँग सम्बन्धित प्रतिज्ञान वाक्य । पुरोहितले पूजाको आरम्भमा सङ्कल्प पढे ।

सङ्ग्रहालय- ⁄सङ्ग्रहालय⁄ (तत्स.) [< सङ्ग्रह+आलय] ना. प्राचीन महत्त्वका, दुर्लभ र अनौठा वस्तुहरू बटुलेर राखिने ठाउँ वा घर; म्युजियम (प्राचीन कलाकृतिहरूको सङ्ग्रहालय) ।

सङ्ग्रालिनु- ⁄सङ्ग्रालिनु⁄ [सङ्गालो+इ+(नु)] अक्रि.१. बाली विरुवा आदि फैलनु बढ्नु, सप्रनु । मलजल पुगेकाले विरुवा सङ्ग्रालिए । २. रोग, घाउ, खटिरा, आगो आदि चर्को रूपमा बढ्नु । घाउ सङ्ग्रालियो । ३. झगडा वा मतभेद चर्कनु, बाझाबाझ नराम्रोसित चर्किनु ।

सचेतना- ⁄सचेतना⁄ (तत्स.) [सचेतन+आ] वा. १. विशेष चेतना, जागरुकता, चेतना । गाउँघरमा सचेतना बढाउने कार्यक्रममा उनीहरू लागेका छन् । २. सतर्कता ।

सञ्चय कोष- ⁄सन्चय कोस्⁄ (तत्स.) ना. कर्मचारीको मासिक तलबबाट केही अंश कट्टा हुने गरी जम्मा गरिएको कोष वा त्यसको हिसाब राखी व्याज र अन्य सुविधासमेत दिने संस्था, कर्मचारी सञ्चय कोष । उहाँले सञ्चय कोष झिक्नुभयो ।

सतीप्रथा- ⁄सतिप्रथा⁄ (तत्स.) [सती+प्रथा] ना. श्रीमान् मर्दा उसकी श्रीमतीलाई श्रीमान्सँग जिउँदै जलाउने प्रथा । वि.सं. १९७७ सालदेखि नेपालमा सतीप्रथा निषेध गरियो ।

सद्भाव- ⁄सद्भाब्⁄ (तत्स.) [< सत्+भाव] ना. १. असल भाव, हितपूर्ण स्वच्छ विचार । २. मैत्री भावना, मेलमिलाप, मित्रता । त्यस समुदायमा जातीय सद्भाव बढेको छ ।

सभासद्- /सभासद्/ (तत्स.) [< सभा+सद्] ना. १ सम्बन्धित कुनै सभा वा गोष्ठीको अङ्गका रूपमा रहेको अधिकृत व्यक्ति, सभाको सदस्य, पार्षद् । २. सभामा सहभागी व्यक्ति । सभासद्हरू जम्मा भएपछि सभा सुरु भयो ।

समर्पण- /समर्पण्/ (तत्स.) [सम्+अर्पण] ना. १. कसैलाई कुनै पनि वस्तु सम्मानपूर्वक दिने काम । देवतालाई फलफूल समर्पण गरियो । २. आफ्नो अधिकारमा रहेको सम्पत्ति, घर, जग्गा आदि कुनै व्यक्ति वा संस्थालाई सुम्पने काम । उनले आफ्नो जग्गा विद्यालयलाई समर्पण गरे ।

समसत्ता- /सम्सत्ता/ (तत्स.) [सम+सत्ता] ना. बराबरीको अधिकार, समान अधिकार । महिला र पुरुष दुबै थरीको प्रयत्न समसत्ता स्थापना गर्ने कुरामा केन्द्रित हुनुपर्छ ।

समीर- /समिर्/ (तत्स.) ना. वातावरणमा फैलेको आँखाले नदेखिने तर गति र स्पर्शबाट थाहा हुने प्रकृतिको एक तत्व, बतास, हावा । आज चिसो समीर चलेको छ ।

समुन्नत- /समुन्नत्/ (तत्स.) [सम्+उन्नत] वि. १. ज्यादै उठेको, प्रशस्त उचाइमा पुगेको । २. धेरै अग्लो अत्यन्त उचो (उदा. समुन्नत पहाड) । ३. प्रशस्त उन्नति भएको, उन्नतिशील, विकसित (उदा. समुन्नत देश, समुन्नत समाज) । कृषिमा आत्मनिर्भर बढ्दै जलस्रोत र पर्यटन जस्ता उद्योगलाई प्रवर्धन गर्न सके नेपाल समुन्नत र सुखी मुलुक बन्ने छ ।

समृद्धि- /सम्म्रिद्धि/ (तत्स.) [< सम्+ऋद्धि] ना. १. प्रशस्त उन्नति, प्रगति (उदा. संस्थाको समृद्धि, देशको समृद्धि) । २. सम्पन्नता, ऐश्वर्य, वैभव । देश समृद्धिको दिशामा अगि बढिरहेको छ ।

सम्यक- /सम्म्यक्/ (तत्स.) [< सम्+यज्] वि. सुहाउँदो, राम्रो, सुन्दर, उपयुक्त (उदा. सम्यक कर्म, सम्यक दृष्टि) । सम्यक आँखाबाट शान्तिको यात्रा सुरु गरौँ ।

सराहना- /सराहना/ (आ.) ना. कसैको कामको प्रशंसा, गुणगान । उनले पुरस्कृत खेलाडीको सराहना गरे ।

सर्कस- /सर्कस्/ (आ.) ना. मानिस र पशुहरूबाट समेतबाट प्रदर्शन गरिने अनौठो र मनोरञ्जन शारीरिक खेल (कसरत) वा त्यस्तो तमासा । उनीहरू मेलामा सर्कस हेर्न गए ।

सलहेश फूलबारी- /सलहेस फुलबारि/ ना. सलदेशले बनाएको सिराहा जिल्लामा रहेको फूलबारी । सलहेश फूलबारी सिराहा जिल्लामा पर्दछ ।

सहसृजन- /सहस्रिजन्/ (तत्स.) [सह+सृज्+अन] ना. कुनै मौलिक वस्तु, कृति, आदिको सामूहिक सिर्जना गरिनु; साझा सिर्जना । समानान्तर आकाश उपन्यासकारहरूको सहसृजन कृति हो ।

सहृदयी- /सरिदइ/ (तत्स.) [< सहृदय+ई] वि/ना. १. कसैको दुःखमा दुखित हुने, अर्काको पीडा बुझ्ने, कोमल हृदयको, दयालु । २. सङ्गीत, काव्य आदिको मर्म बुझ्ने, रसिक, मर्मज्ञ । सहृदयीले काव्यको मर्म बुझ्न सक्छन् ।

साइबर- /साइबर्/ (आ.) ना. विद्युतीय सञ्चारको सञ्जाल (उदा. साइबर क्याफे) । नेपालमा पनि साइबर संस्कतिको विकास हुँदै गएको छ ।

साधना- /साधना/ (तत्स.) [साधन+आ] ना. १. लामो समयसम्म एकाग्र भई गरिने अभ्यास, सफलताका लागि निरन्तरको प्रयास । अनुसन्धानमा निरन्तरको साधना चाहिन्छ । २. धार्मिक उपासना तथा आरधना । ३. ध्यान, तपस्या, योग । सिद्धार्थ गौतमले बुद्धत्त्व प्राप्तिका लागि महान् साधना गरे ।

सानन्द- /सानन्द/ (तत्स.) [स+आनन्द] वि. १. आनन्दले पूर्ण, प्रसन्न (उदा. सानन्द वन, सानन्द मन) । २. आनन्दसँग, सुखपूर्वक, खुसीसाथ । ऊ घरमा सानन्दसँग बसेको छ ।

साम्य- /साम्म्य/[< सम+य] ना. १. समान हुँदाको स्थिति, समानता, बराबरी, विप. वैषम्य । उनीहरूको चरित्रमा धेरै कुरामा साम्य देखिन्छ । २. तालमेल, सामञ्जश्य । ३. हावा, हुरी, आगो, रिस आदि शान्त पार्ने काम; शमन । उसको रिस अझै साम्य भएको छैन ।

सार्थक- /सार्थक्/ (तत्स.) [< स+अर्थ+क] वि. १. अर्थ भएको, मतलब हुने, अर्थपूर्ण (उदा. सार्थक शब्द) । २. उपलब्धि भएको, सफल, ठोस (उदा. सार्थक प्रयास) । ३. महत्त्वपूर्ण, उपयोगी (उदा. सार्थक अभियान) ।

सावधान- /साबधान्/ (तत्स.) [< स+अवधान] वि. होस रहेको, होसियार, सचेत, सर्तक । सावधान ! अगाडिको पुल भत्केको छ ।

सिञ्जा- /सिन्जा/ (तत्स.) ना. कर्णाली अञ्चलमा पर्ने प्रसिद्ध ऐतिहासिक स्थल, नेपाली भाषाको उत्पत्ति थलो, प्राचीन खस साम्राज्यको राजधानी । नेपाली भाषाको उत्पत्ति सिञ्जाबाट भएको हो ।

सिटामोल- /सिटामोल्/ (आ.) ना. ज्वरो आउँदा, जिउ दुख्दा खाइने सामान्य औषधी । नाकाबन्दीको बेला अस्पतालमा सिटामोलको पनि अभाव भयो ।

सिट्ठो- /सिट्ठो/ वि. (वहु./ति. सिट्ठा, लघु. सिट्ठी) ज्यादै दुब्लो, सुकेर हाडछाला मात्र बाँकी रहेको, दुर्बल । सिट्ठा् शरीरले काम गरेर खानु गाह्रो छ ।

सिम्रोनगढ/सिमरोनगढ- /सिम्रोन्गढ्/ ना. कर्नाटवंशी राजाहरूले बनाएको, नेपालको बारा जिल्लामा पर्ने एक ऐतिहासिक गढी । सिम्रौनगढ बारा जिल्लामा पर्दछ ।

सुँक्कसुँक्क- /सुँक्कसुँक्क/ (अम.) द्वि. [< सुँक्क] ना. रोएको बेला सास तान्दा आउने आवाज, रुदा आउने आवाज । ऊ सुँक्कसुँक्क गरेर रुन थाल्यो ।

सुखान्त- /सुखान्त/ (तत्स.) [सुख+अन्त] वि. १. सुखमा अन्त्य हुने, सुखका साथ समाप्त हुने (उदा. सुखान्त कर्म) । २. कथाको अन्त्यमा नायक, नायिका आदि पात्रहरूको मिलन हुने; संयोगमा टुङ्गिने; संयोगान्त (उदा. सुखान्त नाटक) ।

सुटुक्क- /सुटुक्क/ (अमू.) क्रियो. अर्काले थाहा नपाईकन, पत्तो नपाईकन, सुट्ट । उनीहरू सुटुक्क भागेछन् ।

सेलो- /सेलो/ (आ.) ना. तामाङ, शेर्पा आदिको लोकगीत, त्यसको भाका । तामाङ सेलोमा नेपाली गीत गाइयो ।

सोरठी - /सोरठि/ ना. गुरुङ, मगर आदि जातिमा प्रचलित एक प्रकारको लोकनृत्य; गीतिनाट्यको एक भेद । सोरठीमा छमछमी नाचियो ।

स्काइप - /स्काइप्/ (आ.) ना. प्रत्यक्ष हेरेर कुराकानी गर्न मिल्ने कम्प्युटर प्रविधि । मैले दाइसँग स्काइपबाट कुरा गरे ।

स्तब्ध - /स्तब्ध/ (तत्स.) [< स्तम्भ+त] वि. १. छक्क परेको, अन्यौलमा परेको, आश्चर्यमा परेको । उसको प्रतिक्रिया सुनेर म स्तब्ध भए । २. रोकिएको, अवरुद्ध, स्तम्भित ।

स्थानीय - /स्थानिय/ (तत्स.) [स्थान+ईय] वि. १. त्यस ठाउँमा बस्ने, खास ठाउँको, रैथाने । यस विषयमा थप जानकारीका लागि स्थानीय व्यक्तिलाई सोध्नुपर्छ । २. खास ठाउँमा पाइने वा हुने (स्थानीय भाषा, स्थानीय उत्पादन) । ३. गाउँ, जिल्ला आदिसँग सम्बन्धित, तुल. केन्द्रीय (उदा. स्थानीय प्रशासन, स्थानीय विकास) ।

स्निग्ध - /स्निग्ध/ (तत्स.) [< स्निह+त] वि. सुकोमल, मायालु, सुमधुर । उनीहरूले मलाई स्निग्ध मायाको सागरमा चुर्लुम्म डुबाएका छन् ।

स्मृतिपुञ्ज- /स्म्रितिपुन्ज/ (तत्स.) [स्मृति+पुञ्ज] ना. सम्झनाको सँगालो, स्मरणको सँगालो । बाल्यकालका दिनहरू स्मृतिपुञ्जमा ताजै छन् ।

स्लेभ कमिसन- /स्लेभ् कमिसन्/ (आ.) ना. राष्ट्र सङ्घले विश्वबाट दास प्रथा हटाउनका लागि सन् १९२३ मा बनाएको आयोग । सन् १९२३ मा दास प्रथा हटाउन स्लेभ कमिसनको गठन गरियो ।

स्वतन्त्र - /स्वतन्त्र/ (तत्स.) [स्व+तन्त्र] वि. १ कसैको नियन्त्रण, बन्धन वा दबाबमा नपरेको; आफ्नै तरिकाबाट चलेको; मुक्त; स्वाधीन (उदा. स्वतन्त्र देश, स्वतन्त्र व्यक्ति) । २. अरूको आड नलिने, अरूबाट निर्देशित नभएको, स्वायत्त (उदा. स्वतन्त्र चिन्तन, स्वतन्त्र निर्णय) । ३. अरूको प्रभाव र दबाब नभएको, निष्पक्ष (उदा. स्वतन्त्र निर्वाचन) ।

स्वर्ग - /स्वर्ग/ (तत्स.) ना. १ पुराणअनुसार मृत्युपछि धर्मात्माहरूलाई प्राप्त हुने लोक, देवलोक । २. सबै सुख र सुविधा भएको अति रमणीय स्थान । त्यो ठाउँ त स्वर्ग जस्तै सुन्दर रहेछ ।

स्वाभिमान- /स्वाभिमान्/ (तत्स.) [< स्व+अभिमान] ना. आफूमा गौरव हुँदाको स्थिति, आत्मसम्मान, गौरव । उनीहरू देशको स्वाभिमानको रक्षाका लागि लड्दैछन् ।

### ह

हजुरिया - /हजुरिया/ [हजुर + इया] ना. दरबारमा राजामहाराजाका साथमा रहने र बाहिरको उजुर वा पीरमर्का जाहेर गर्ने अधिकारीहरूमध्ये प्रमुख व्यक्तिलाई दिइने पद, प्रमुख अधिकारी । चन्द्रशमशेरले फत्तेलाई हजुरियाबाट निष्कासन गरेका थिए ।

हाकपारे - /हाक्पारे/ [< हाँक+पार्+ए] ना. नेपालको पूर्वी पहाडी भेगमा गाइने लोकभाका, चर्को र लामो आवाजको एकप्रकारको लोकलय । साथीहरूले हाकपारे गाएर रमाइलो गरे ।

हार्दिकता - /हार्दिक्ता/ (तत्स.) [हार्दिक+ता] ना. १ हार्दिक हुनाको भाव, आत्मीयता, मित्रता । उनले मप्रति हार्दिकता दर्साए । २. स्नेह, प्रेम ।

हिटर - /हिटर्/ (आ.) ना. ताप दिने बिजुलीको चुलो । कोठा तताउन हिटर बालियो ।

हिताहार - /हिताहार्/ (तत्स.) [हित्+आहार] ना. हितकारी भोजन, स्वास्थ्यका लागि उपयोगी भोजन । स्वस्थ जीवनका लागि हिताहारको आवश्यकता पर्दछ ।

हिरा - /हिरा/ [< हीरक] ना. अत्यन्त कडा र चम्किलो पत्थर, अँध्यारोमा पनि चम्किने बहुमूल्य रत्न (उदा. हिराको हार) । उसको हिराको हार चोरले चोर्‍यो ।

हिस्सा - /हिस्सा/ (आ.) ना. बाँडफाँड गर्दा पर्ने वस्तुको कुनै भाग, अंश । व्यापारमा उसले आफ्नो हिस्सा लियो ।

हृदयाघात - /रिदयाघात्/ (तत्स.) [< हृदय + आघात] ना. मुटुको चालमा अचानक पर्ने बाधा, अकस्मात् मुटुमा लाग्ने धक्का । हृदयाघात भएकाले उनलाई तत्कालै अस्पताल पुऱ्याइयो ।

हेय - /हेय/ (तत्स.) [< हा+य] वि. त्याग गर्नुपर्ने, छोड्नुपर्ने, त्याज्य (उदा. हेय बानी, हेय विचार) । २. तुच्छ, नीच, खराब (उदा. हेय व्यक्ति) । ३. हेला, उपेक्षा । कृषि हेय नभएर सबैको प्रिय पेसा बन्नुपर्छ ।

## ४.३ विश्लेषण

प्रस्तुत शोधकार्यमा ३७५ वटा शब्दहरूलाई प्रविष्टि दिएर शब्दकोश निर्माण गरिएको छ । यस नमुना शब्दकोशमा प्रविष्टि पाएका शब्दहरूलाई विभिन्न आधारमा तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ, जुन निम्नानुसार रहेका छन् :

### ४.३.१ स्रोतका आधारमा शब्दहरूको विश्लेषण

प्रस्तुत शोधकार्य नमुना शब्दकोश निर्माणमा केन्द्रित रहेको छ । कोशमा प्रविष्टि दिइएका शब्दहरूलाई स्रोतका आधारमा तत्समलाई (तत्स.), आगन्तुकलाई (आ.), अनुकरणमूलकलाई (अमू.) भनी सङ्केत गरिएको छ भने तद्भव शब्दलाई कुनै सङ्केत गरिएको छैन । स्रोतका आधारमा शब्दहरूको विश्लेषण गर्नका लागि नमुना शब्दकोशमा प्रविष्टि पाएका शब्दहरूको सङ्ख्यालाई तालिका नं. १ मा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

**स्रोतका आधारमा शब्दहरूको वर्गीकरण**

| शब्दको प्रकार | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तत्सम | २५७ | ६८.५३ |
| तद्भव | ६७ | १७.८६ |
| आगन्तुक | ४४ | ११.७३ |
| अनुकरणमूलक | ७ | १.८६ |
| जम्मा | ३७५ | १०० |

माथि उल्लेखित तालिकाअनुसार प्रस्तुत शोधमा समावेश गरिएका शब्दहरूमध्ये सबैभन्दा बढी संस्कृत मूलका तत्सम शब्दहरू रहेका छन् । त्यसपछि क्रमशः तद्भव, आगन्तुक र अनुकरणमूलक शब्दहरू रहेका छन् । जम्मा ३७५ वटा शब्दहरूलाई नमुना शब्दकोशमा प्रविष्टि दिइएकोमा जसमध्ये २५७ वटा तत्सम, ६७ वटा तद्भव, ४४ वटा आगन्तुक र ७ वटा अनुकरणमूलक शब्दहरू रहेका छन् ।

### ४.३.२ पदवर्गका आधारमा शब्दहरूको विश्लेषण

शब्द पहिचानको एक महत्त्वपूर्ण आधार पदवर्ग पनि हो । यसले वाक्यमा प्रयोग हुँदा गर्ने व्यारकणात्मक कार्यलाई जनाउँदछ । पदवर्गअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, द्वित्व, संयोजक, विस्मयादिबोधक र निपात पर्दछन् । प्रस्तुत अध्ययनमा यी सबै वर्गका शब्दहरू समावेश नभएकाले उल्लेखित शब्दहरूलाई तालिकामा निम्नानुसार वर्गीकरण गरी विश्लेषण गरिएको छ :

**तालिका नं. २**

**पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण**

| पदवर्ग | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नाम | २६५ | ७०.६६ |
| विशेषण | ८९ | २३.७३ |
| क्रियायोगी | ११ | २.९२ |
| अकर्मक क्रिया | २ | ०.५३ |
| सकर्मक क्रिया | २ | ०.५३ |
| नाम/विशेषण | ३ | ०.८ |
| द्वित्व | ३ | ०.८ |
| जम्मा | ३७५ | १०० |

माथि उल्लेखित तालिकाअनुसार शब्दहरूलाई व्याकरणिक कोटिका आधारमा गणना गरिएको छ । व्याकरणिक कोटि धेरै भए पनि प्रस्तुत शोधपत्रमा नाम, विशेषण, क्रियायोगी,

अकर्मक क्रिया, सकर्मक क्रिया, नाम/विशेषण र द्वित्व जस्ता कोटिका शब्दहरूले प्रविष्टि पाएका छन् । त्यसमा पनि सबैभन्दा बढी नाम वर्गका र सबैभन्दा कम सकर्मक र अकर्मक क्रियाका शब्दहरू रहेका छन् ।

### ४.३.३ उच्चारण र व्युत्पादनका आधारमा शब्दहरूको विश्लेषण

प्रस्तुत अध्ययन शब्दको उच्चारण र व्युत्पादन देखाउनसमेत केन्द्रित रहेको छ । जसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं. ३**

**उच्चारण र व्युत्पादनका आधारमा शब्दहरूको वर्गीकरण**

| उच्चारण र व्युत्पादन | शब्द सङ्ख्या |
|---|---|
| उच्चारण दिइएका शब्द | ३७५ |
| व्युत्पत्ति दिइएका शब्द | २७३ |
| व्युत्पत्ति नदिइएका शब्द | १०२ |

प्रस्तुत अध्ययनमा जम्मा ३७५ वटा शब्दहरूलाई प्रविष्टि दिइएको छ । जसमा सबै शब्दहरूको उच्चारण दिइएको छ भने २७३ वटा शब्दहरूको व्युत्पत्ति दिइएको छ । त्यस्तै १०२ वटा शब्दहरूको व्युत्पत्ति दिइएको छैन । शब्दकोशमा प्रविष्टि दिइएका शब्दहरूको अर्थ स्पष्ट पार्न तथा तिनको सन्दर्भ बुझ्न शब्दको अर्थ अनुकूल उदाहरण र प्रयोग कतै वाक्यमा त कतै पदावलीका रूपमा दिइएको छ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१. सारांश

प्रस्तुत शोधकार्य कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माणमा केन्द्रित रहेको छ । विशेषतः माध्यमिक तहमा अध्ययन गर्ने, अझ भनौँ कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरूलाई लक्षित गरी नमुना शब्दकोश निर्माण गरिएको छ ।

प्रस्तुत शोध अध्ययनलाई मोटामोटी पाँच अध्यायमा राखेर खोज, अनुसन्धान, वर्णन र विश्लेषण गर्ने कार्य गरिएको छ । यसअन्तर्गत पहिलो अध्यायमा शोध परिचय शीर्षक राखी अध्ययनको पृष्ठभूमिको चर्चा गर्दै निर्धारित शीर्षकमा केन्द्रित रहेर समस्याको पहिचान गर्ने कार्य गरिएको छ । उक्त समस्या समाधान गर्नका लागि निश्चित उद्देश्यको किटान गरिएको छ । त्यस्तै शोधकार्यको सान्दर्भिकता र उपादेयता सम्बन्धमा चर्चा गरी शोधकार्यको व्यापकता र गहिराइलाई सीमाङ्कन गरिएको छ । पहिलो अध्यायको अन्त्यमा प्रस्तुत अध्ययनलाई के कसरी सम्पन्न गर्ने भनेर निश्चित रूपरेखा तयार पारिएको छ । यसरी पहिलो अध्यायबाट शब्दकोश निर्माणको कार्यलाई गति प्रदान गरिएको छ ।

दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणाको चर्चा परिचर्चा गरिएको छ । पूर्वकायको समीक्षा गर्ने क्रममा शब्दकोश निर्माणसँग सम्बन्धित पूर्वकार्यहरू, सैद्धान्तिक कृतिका रूपमा प्रकाशित पूर्वकार्यहरू र शोधकार्यका रूपमा रहेका पूर्वकार्यहरूको अध्ययन गरिएको छ । त्यस्तै सैद्धान्तिक अवधारणाअन्तर्गत शब्दकोशको परिचय र परिभाषा दिएर कोशको स्वरूप र कोश सम्पादन प्रक्रियालाई स्पष्ट पारिएको छ ।

तेस्रो अध्यायका रूपमा नमुना शब्दकोश निर्माणको विधि र प्रक्रिया उल्लेख गरिएको छ । प्रस्तुत शोधकार्य सैद्धान्तिक प्रकृतिको भएकाले निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिका लागि मूल रूपमा पुस्तकालयीय विधिका साथै व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको कुरालाई स्पष्ट पारिएको छ । प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका स्रोतका रूपमा प्राथमिक स्रोत र द्वितीयक स्रोतका सामग्रीको चर्चा गरिएको छ भने सामग्री विश्लेषण प्रक्रियालाई समेत उल्लेख गरिएको छ ।

चौथो अध्यायमा नमुना शब्दकोश निर्माण र विश्लेषण गर्ने कार्य गरिएको छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकबाट ३७५ वटा शब्दहरूलाई सङ्कलन गरी वर्णानुक्रमअनुसार शब्दकोशमा प्रविष्टि दिइएको छ । प्रविष्टि दिइएका शब्दहरूको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग, अर्थ, उदाहरण र प्रयोग दिई नमुना शब्दकोश निर्माण गरिएको छ । शब्दकोशमा समावेश भएका विविध शब्दहरूलाई स्रोतका आधारमा, पदवर्गका आधारमा तथा उच्चारण र व्युत्पादनका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

पाँचौ अध्यायका रूपमा सारांश, निष्कर्ष र उपयोगितालाई प्रस्तुत गरिएको छ । सारांशअन्तर्गत प्रस्तुत शोधकार्यमा प्रयुक्त अध्याय एकदेखि पाँचसम्मका समावेश गरिएका विभिन्न शीर्षक-उपशीर्षकहरूको चर्चा गरिएको छ । नमुना शब्दकोश निर्माणको खण्डलाई, स्रोत, पदवर्ग, वर्ण र उच्चारण तथा व्युत्पादनका आधारबाट विश्लेषण गरिएको कुराहरूलाई निष्कर्षका रूपमा राखिएको छ । त्यस्तै नीतिगत तह र प्रयोगगत तहमा विभाजन गरी अध्ययनको उपयोगितालाई स्पष्ट पारिएको छ ।

## ५.२ निष्कर्ष

भाषाको आधारभूत एकाइ शब्द भएकाले कुनै पनि भाषालाई सहज तथा बोधगम्य रूपमा प्रस्तुत गर्नका लागि उक्त भाषाका शब्दहरूको ज्ञान हुनुपर्दछ । ती शब्दहरूसम्बन्धी विविध ज्ञान हासिल गर्ने उद्देश्यले शब्दकोश निर्माण गरिएका हुन्छन् । शब्दकोशमा शब्दहरूको हिज्जे, उच्चारण, स्रोत, व्युत्पादन, पदवर्ग, अर्थ उदाहरण, प्रयोग आदिको जानकारी दिइएको हुन्छ । प्रस्तुत अध्ययन पनि कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माणसँग सम्बन्धित रहेको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

क) प्रस्तुत शोधपत्रमा जम्मा ३७५ शब्दहरूलाई वर्णानुक्रममा मूल प्रविष्टि दिई तिनको उच्चारण, स्रोत, व्युत्पत्ति, पदवर्ग, उदाहरण तथा प्रयोग दिइएको छ ।

ख) स्रोतका दृष्टिले २५७ वटा तत्सम, ६७ वटा तद्भव, ४४ वटा आगन्तुक र ७ वटा अनुकरणमूलक शब्दहरू रहेका छन् ।

ग) प्रस्तुत अध्ययनमा २६५ वटा शब्दहरू नाम, ८९ वटा शब्दहरू विशेषण, ११ वटा शब्दहरू क्रियायोगी २/२ वटा शब्द सकर्मक र अकर्मक क्रिया, ३ वटा शब्द नाम/विशेषण र ३ वटा शब्द द्वित्व रहेका छन् ।

घ) वर्णगत रूपमा सबैभन्दा बढी 'प' वर्णका शब्दहरू ५२ वटा र सबैभन्दा कम ऐ, झ, ड, ढ, ष, क्ष, त्र वर्णका १/१ वटा शब्दले प्रविष्टि पाएका छन् भने कतिपय वर्णका शब्दहरूले प्रविष्टि पाएका छैनन् ।

ङ) प्रस्तुत अध्ययनमा ३७५ वटा शब्दहरूको उच्चारण, २७३ वटा शब्दहरूको व्युत्पत्ति दिइएको छ भने १०२ वटा शब्दहरूको व्युत्पत्ति दिइएको छैन ।

च) पञ्चम वर्गका ङ, ञ, ण बाट निर्मित शब्दको शब्दकोशमा प्रविष्टि पाएका छैनन् । साथै केही अन्य वर्ण (इ, ई, ऊ, अं, अः, ठ, थ, ज्ञ) बाट निर्मित शब्दहरू पनि प्राप्त गर्न सकिँदैन भने क्ष (क+ष), त्र (त्+र) जस्ता संयुक्त वर्णलाई क्रमशः क, त को वर्णको वर्णानुक्रममा प्राप्त गर्न सकिन्छ ।

## ५.३ उपयोगिता

कुनै पनि अध्ययनको उपयोगिता त्यस विषयको क्षेत्रसँग सम्बन्धित रहेको हुन्छ । हरेक अध्ययन कार्य सम्पन्न गरे पश्चात् त्यो अध्ययन कुनकुन पक्षमा उपयोगी हुन सक्छ, कुन कार्यमा सहयोग पुऱ्याउँछ, के कस्ता विषयमा अध्ययन गर्न सहयोगी र प्रभावकारी सिद्ध हुन्छ आदि जस्ता विविध पक्षहरूलाई यसले समेटेको हुन्छ । यसर्थ कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित भएर निर्माण गरिएको प्रस्तुत शोधपत्रका उपयोगितालाई नीतिगत र प्रयोगगत तहमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### ५.३.१ नीतिगत गह

प्रस्तुत अध्ययनले विभिन्न किसिमका नीति, नियम एवम् कार्यविधिहरू निर्माण गर्न सहयोग भूमिका खेल्ने देखिन्छ । उक्त अध्ययन पाठ्यक्रम निर्माताहरूलाई पाठ्यक्रम निर्माण गर्न, भाषा पाठ्यपुस्तक निर्माण गर्न, कोश सम्पादनको सैद्धान्तिक धारणाअनुसार कोश सम्पादन गर्न, मानक भाषाको जानकारी लिन उपयोगी देखिन्छ । यसका अतिरिक्त शब्दकोशसम्बन्धी नयाँ खोज, अन्वेषण तथा अनुसन्धान गर्न चाहने जोसुकैलाई पनि एउटा मूल आधार सामग्रीको रूपमा पनि प्रस्तुत अध्ययन उपयोगी रहन्छ ।

### ५.३.२ प्रयोगगत तह

प्रस्तुत शोधकार्य कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आधारित भई निर्माण गरिएकाले उक्त कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूलाई शब्दसम्बन्धी विस्तृत ज्ञान आर्जन गर्न उपयोगी रहेको छ । यसका साथै शिक्षकलाई कक्षाको तह र स्तरअनुसार शिक्षण गर्न उपयोगी हुने देखिन्छ । यस अध्ययनबाट विद्यार्थीहरूलाई शब्दहरूको शुद्ध हिज्जे, मानक उच्चारण थाहा पाउन; उपयुक्त व्याकरणात्मक कोटि पहिचान गर्न; प्रयोग सन्दर्भअनुकूल शब्दको अर्थ, उदाहरण र प्रयोग थाहा पाउन; चिह्नहरूको सही प्रयोग गर्न सहयोग पुग्ने देखिन्छ । शिक्षकहरूलाई उपयुक्त शिक्षण गर्न र विद्यार्थी केन्द्रित शिक्षण विधिको अवलम्बन गरी शिक्षण गर्न समेत प्रस्तुत अध्ययन उपयोगी हुने देखिन्छ ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६७), **सामाजिक र प्रायोगिक भाषाविज्ञान,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७०), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

आचार्य, भुवन (२०६९), **वर्तमान माध्यमिक नेपाली पाठ्यपुस्तकमा आधारित शब्दकोश निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खतिवडा, सावित्रा (२०७०), **उच्च माध्यमिक तहको सबैको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शैक्षिक कोश निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र, सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

गौतम, शारदा (२०७०), **कक्षा आठको पाठ्यपुस्तकमा आधारित नमुना शैक्षिक शब्दकोश निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

जोशी, विष्णुप्रसाद (२०६९), **बझाङी भाषिकाको शब्दकोश निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस ताहाचल ।

ढकाल, शान्तिप्रसाद (२०६५), **प्रायोगिक भाषाविज्ञान,** काठमाडौँ : शुभकामना बुक्स एन्ड स्टेसनरी ।

दाहाल, कल्पना (२०६९), **कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना कोश निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

न्यौपाने, पुष्पाकुमारी (२०७२), **कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना शब्दकोश निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पोखरेल, बालकृष्ण (२०४०), (सम्पा.) **नेपाली बृहत् शब्दकोश,** (सा.सं), काठमाडौँ : नेपाल प्रज्ञा पतिष्ठान ।

पोखेल, टीका (२०७२), **कक्षा छको नयाँ नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको नमुना कोश निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र, सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

बन्धु, चूडामणि (२०७०), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बोगटी, नरेन्द्रबहादुर (२०७२), **माध्यमिक तहको नेपाली पाठ्यपुस्तकको नमुना शैक्षिक शब्दकोश निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र, सङ्काय, नेपाली भाषाा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भारती, रन्जना (२०७१), **कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा आधारित शब्दकोश निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भुसाल, केशव (२०६५), **भाषा शिक्षणका प्रचलित पारिभाषिक शब्दावलीको अध्ययन,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र, सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

रावल, रेखा (२०७२), **नेपाली भाषाका आधारभूत शब्दहरूको नमुना कोश निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लम्साल, रामचन्द्र (२०५७), **कोशविज्ञान र नेपाली कोश,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०७०), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५८), **कोशविज्ञान,** काठमाडौँः प्रस्तुति प्रकाशन ।

शर्मा, बसन्तकुमार (२०५७), **नेपाली शब्दसागर,** काठमाडौँ : भाभा प्रकाशन ।

श्रेष्ठ, झुमा (२०७२), **नमुना बाल शब्दकोश निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।